नेपाल सरकार

शिक्षा मन्त्रालय

# राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

(२०१४/१५-२०१९/२०)



## कार्यक्रम दस्तावेज

काठमाडौँ, नेपाल

चैत ५, २०७०

प्रकाशक : नेपाल सरकार, शिक्षा मन्त्रालय

© प्रकाशकमा

# सङ्क्षिप्त शब्दावली

| | |
|---|---|
| अस्रोके | अगुवा स्रोत केन्द्र |
| गाविस | गाउँ विकास समिति |
| गैसस | गैर सरकारी संस्था |
| जिविस | जिल्ला विकास समिति |
| जिशिअ | जिल्ला शिक्षा अधिकारी |
| जिशिका | जिल्ला शिक्षा कार्यालय |
| पाविके | पाठ्यक्रम विकास केन्द्र |
| प्रअ | प्रधानाध्यापक |
| प्राकपप | प्रारम्भिक कक्षा पढाइ परीक्षण |
| राप्राकपका | राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम |
| विव्यस | विद्यालय व्यवस्थापन समिति |
| शि.अ.स | शिक्षक अभिभावक सङ्घ |
| शिवि | शिक्षा विभाग |
| शैगुपके | शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| शैताके | शैक्षिक तालिम केन्द्र |
| शैजविके | शैक्षिक जनशक्ति विकास केन्द्र |
| स्रोके | स्रोत केन्द्र |

# विषय सूची

सङ्क्षिप्त शब्दावली

विषय सूची

१. पृष्ठभूमि ....................................................................................१

१.१ शैक्षिक सन्दर्भ ........................................................................२

१.१.१ विद्यार्थीको सिकाइ स्तर ..........................................................३

१.२ नेपालमा भाषाको स्थिति ..........................................................६

१.२.१ नेपालका प्रारम्भिक कक्षामा भाषाको प्रयोगः नीतिगत प्रावधान..................७

१.२.२ प्रारम्भिक कक्षाहरूमा भाषाः वास्तविक अभ्यास ..................................९

१.३ नेपालमा प्रारम्भिक कक्षा पढाइ सिपका प्रमुख चुनौती तथा अवसर ...........११

१.३.१ चुनौतीहरू .............................................................................११

१.३.२ अवसरहरू...............................................................................१७

२. प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको मुख्य अवधारणा.....................................२०

२.१ राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका प्रमुख सिद्धान्त.....................२०

२.१.१ सामान्य सिद्धान्त ....................................................................२१

२.१.२ पढाइ (र भाषा सम्बन्धी) सिद्धान्त ...................................................२१

३. राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम ..................................................२३

३.१ कार्यक्रमको लक्ष्य.........................................................................२३

३.२. कार्यक्रमको उद्देश्य.....................................................................२३

३.३ राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका प्रमुख अवयवहरू.....................२३

३.३.१ प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको सुदृढीकरण....................२४

३.३.२ शैक्षणिक ढाँचा ........................................................................२५

३.३.३ सामग्रीको विकास, उत्पादन र वितरण ............................................२७

३.३.४ शिक्षकको पेसागत विकास तथा शैक्षणिक योग.................................२९

३.३.५ विद्यार्थी मूल्याङ्कन ..................................................................३१

३.३.६ अनुगमन, मूल्याङ्कन तथा अनुसन्धान.............................................३२

३.३.७ समुदाय तथा परिवारको संलग्नता.................................................३६

४. क्रियाकलाप, लगानी र उपलब्धि ........................................................३७

५. कार्यक्रम कार्यान्वयन योजना ...............................................................४८
चरण १: विकासात्मक कार्यहरू तथा १६ जिल्लामा कार्यक्रम
कार्यान्वयनको थालनी (१६ जुलाई २०१४ देखि १५ जुलाई २०१५ सम्म)
– प्रमुख क्रियाकलाप र समय तालिका ................................................५०
चरण २ वर्ष २: २४ नयाँ जिल्लामा कार्यक्रम विस्तार
(१६ जुलाई २०१५–१५ जुलाई २०१६)
चरण ३ वर्ष ३ : ३५ नयाँ जिल्लामा कार्यक्रम विस्तार
(१६ जुलाई २०१६-१५ जुलाई २०१७)...................................................५५
चरण ३ वर्ष ४: राप्राकपकाको पूर्ण कार्यान्वयन
(१६ जुलाई २०१७ - १५ जुलाई २०१८)
चरण ३ वर्ष ५: राप्राकपकाको पूर्ण कार्यान्वयन
(१६ जुलाई २०१८-१५ जुलाई २०१९)...................................................५८
६ कार्यान्वयन व्यवस्था...........................................................................६५
६.१ पाठ्यक्रम विकास केन्द्र ..................................................................६५
६.२ शैक्षिक जनशक्ति विकास केन्द्र.........................................................६८
६.३ शैक्षिक गुणस्तर परीक्षण केन्द्र .........................................................७०
६.४ शिक्षा विभाग.....................................................................................७१
६.५ शिक्षा मन्त्रालय (नीति निर्धारण समिति)..............................................७१
७. राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका लागि संरचनागत व्यवस्था...............७२
राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम निर्देशन समिति...................................७२
प्रारम्भिक कक्षा पढाइ कार्यक्रम राष्ट्रिय कार्य दल .........................................७३
राष्ट्रिय कार्य दल.......................................................................................७३
जिल्ला कार्य दल........................................................................................७४
स्रोत केन्द्र स्तर.........................................................................................७४
८. सरकारी कर्मचारीको क्षमता विकास ......................................................७५
८.१ सहायतता व्यवस्थापन कार्यालय..........................................................७५
९. वित्तीय व्यवस्था.......................................................................................७५
९.१ लागत अनुमान .................................................................................७६
९.२ वित्तीय व्यवस्था ...............................................................................७७
१०. अनुमान र पूर्व सर्त ..........................................................................७७

# राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

## १. पृष्ठभूमि

शिक्षा मन्त्रालयले आगामी दुई वर्षका लागि विद्यालय क्षेत्र सुधार कार्यक्रम विस्तारित योजना (२०१४/१५–२०१५/१६) अनुमोदन गरेको छ । यस योजनाले आगामी दुई वर्षमा सम्पन्न गर्नुपर्ने कार्यक्रमको प्राथमिकताका क्षेत्र समावेश गर्नुका साथै सन् २०१५ पछिका लागि शैक्षिक कार्यक्रमको रूपरेखा निर्धारत गरेको छ । यस क्रममा विभिन्न चरणमा छलफलहरू भए । विशेषत: यी छलफल विकासशील राष्ट्रको साक्षरता र प्रारम्भिक कक्षामा सिकाइ उपलब्धिको सुधारका मुद्दामा केन्द्रित थिए । अध्ययनहरूले विकासशील मुलुकहरूका प्रारम्भिक कक्षाको सिकाइ उपलब्धिस्तर अत्यन्त न्यून रहेको देखाएको छ । यसै तथ्यलाई दृष्टिगत गर्दै विद्यालय क्षेत्र सुधार कार्यक्रमले "प्रारम्भिक कक्षा पढाइ कार्यक्रम" लाई सामुदायिक विद्यालयको सक्षमता र गुणस्तर सुधार गर्ने आधारभूत सिपका रूपमा विशेष प्राथमिकताका साथ अगाडि बढाएको छ ।

नेपाल सरकारको पञ्च वर्षीय कार्यक्रमका रूपमा प्रस्तुत "राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम– रा.प्रा.क.प.का." (National Early Grade Reading Program -NEGRP) आर्थिक वर्ष २०१४ देखि प्रारम्भ गरिने योजना छ । यसले प्रारम्भिक तहका कक्षा १ देखि ३ सम्मका बाल बालिकाको पढाइ सिपको विकासमा जोड दिने छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमले अपेक्षा गरेका अवधारणा र प्रकृतिको पूरकका रूपमा यस दस्तावेज को तर्जुमा गरिएको हो । यस दस्तावेजले राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको अवधारणा तथा रणनीतिहरूलाई क्रियाकलाप तथा कार्यान्वयन योजनामा ढाली विस्तृत बनाएको छ । त्यसैले यस दस्तावेजलाई विद्यालय क्षेत्र सुधार कार्यक्रम जस्तो राष्ट्रिय कार्यक्रमको एक अभिन्न पक्षका रूपमा लिइएको छ ।

युएसएआइडी नेपालको प्राविधिक सहयोगमा शिक्षा मन्त्रालयले यस दस्तावेजको तर्जुमा गरेको हो । दस्तावेजको तयारी र विकासका क्रममा प्राविधिक सहयोगको निरन्तरता सुनिश्चित गर्ने हेतुले शिक्षा मन्त्रालयले शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र आदिका वरिष्ठ अधिकारीहरूको संलग्नतामा प्राविधिक कार्य दलको गठन गरेको थियो । उक्त कार्य दललाई सघाउ पुरयाउने उद्देश्यले युएसएआइडी मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको प्राविधिक सहयोग उपलब्ध गराएको थियो । कार्य दल तथा प्राविधिकले नेपालका केही छानिएका जिल्ला तथा क्षेत्रहरूको सर्वेक्षण गरी सङ्कलन गरेका सान्दर्भिक सूचना तथा सरोकारवालाहरूका अपेक्षाका आधारमा यस कार्यक्रमको पहिलो मस्यौदा तयार पारिएको थियो । यसलाई अन्तिम रूप दिन गहन अध्ययन, छलफल तथा विश्लेषण गरी आवश्यक परिमार्जन गर्नुपर्ने भएकाले एउटा अर्को मूल टोलीको समेत व्यवस्था गरिएको थियो ।

कार्य दलले अन्तिम रूप दिएको यस दस्तावेजलाई थप अध्ययन तथा पुनरावलोकनका लागि शिक्षा मन्त्रालयका केन्द्रीय निकायका प्रमुख एवम् विकास साझेदारहरूलाई उपलब्ध गराइयो र प्राप्त पृष्ठपोषणका आधारमा थप परिमार्जन गरियो । त्यसपश्चात् जिल्ला तथा क्षेत्रीय तहका कार्यान्वयन निकायहरूलाई यस कार्यक्रमले निर्धारण गरेका रणनीतिबारे अन्तरक्रिया एवम अभिमुखीकरण गराई तिनबाट प्राप्त थप पृष्ठपोषणका आधारमा अझ परिमार्जन गराइयो । यसरी विभिन्न चरणमा गराइएका व्यापक अन्तरक्रिया तथा परामर्शका माध्यमबाट परिमार्जन गरी यस दस्तावेजलाई वर्तमान रूपमा ल्याइएको छ ।

## १.१ शैक्षिक सन्दर्भ

सबैका लागि शिक्षाका सन्दर्भमा विगतका दशक र त्यसअघि दक्षिण एसियाली मुलुकहरूका प्रयास मूलतः प्राथमिक शिक्षामा बालबालिकाको पहुँच बढाउन र तिनलाई कक्षामा टिकाइ राख्नमा केन्द्रित रहे । यस विश्वव्यापी प्रयत्नबाट उल्लेखनीय उपलब्धि हासिल भएका छन् । नेपालमा विद्यालय तहको समग्र शिक्षाको विकास तीव्र गराउने उद्देश्यले सन २००९ देखि प्रमुख मार्गदर्शक शक्तिका रूपमा विद्यालय क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयन हुँदै आएको छ । विद्यालयमा आधारित सबै तहका शिक्षाको विकासका समग्र प्रयत्नलाई क्षेत्रगत पद्धतिमा ढाली एकीकृत र ठोस रूपले अगाडि बढाउँदै आएको विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई साबिकभन्दा बढी अग्रगामी मानिएको छ । यस कार्यक्रमको विगतको पाँच वर्षको कार्यावधिमा पहुँचको वृद्धि र लैङ्गिक समानताका सूचकहरूमा उल्लेख्य प्रगति भएका छन् । कार्यक्रमको आधार वर्ष २००८-९ मा आधारभूत शिक्षा (कक्षा १-८) को खुद भर्नादर ७३ प्रतिशत बिन्दु कायम रहेकामा सन् २०१२-१३ सम्ममा ८७.५ प्रतिशत पुग्न गयो (i) । सोही अवधिमा प्राथमिक तथा आधारभूत शिक्षाका लैङ्गिक समताको सूचकाङ्क ०.९९ थियो जसलाई पूर्ण समताको अवस्था भन्न सकिन्छ ।

यस अवधिमा समुदायमा आधारित तथा विद्यालयमा आधारित दुवै गरी बाल विकास/पूर्व प्राथमिक शिक्षा केन्द्रहरूको सङ्ख्या ३४,१७४ पुगेको छ, जसमध्ये ४,९०१ संस्थागत विद्यालयमा आधारित छन् भने सामुदायिक विद्यालय र समुदायमा आधारित केन्द्रहरूको सङ्ख्या २९,२७४ रहेको छ । हाल ५६ प्रतिशत बाल बालिका पूर्व प्राथमिक शिक्षाको पृष्ठभूमिबाट कक्षा १ मा भर्ना हुन आउने गरेका छन् र बाल विकासको अनुभव लिएर आउने यस्ता विद्यार्थीको सिकाइ उपलब्धि दर अरुको भन्दा प्रस्ट रूपले बढी हुने गरेको अध्ययनले देखाएको छ (ii)। अतः विद्यालय वा समुदायमा आधारित बाल विकास/पूर्व प्राथमिक शिक्षाले प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका लागि आधारभूमि प्रदान गर्न सक्ने तथ्य प्रस्ट हुन आएको छ ।

यसै गरी आधारभूत शिक्षामा योग्यता पुगेका तालिम प्राप्त शिक्षकहरूको सहभागिता दरमा पनि उल्लेख्य प्रगति भएको छ । सन २००८-००९ मा तालिम प्राप्त शिक्षकको प्रतिशत ६६ रहेकामा सन २०१२-१३ सम्ममा ९४.५ प्रतिशत (सामुदायिक विद्यालय) पुग्न गयो । आवश्यकतामा आधारित सेवाकालीन शिक्षक तालिम स्रोत केन्द्रमार्फत हुने गरेका छन् । पढाइका आधारभूत सिपमा शिक्षकहरू अझै कमजोर छन । पढाइ सिपको मर्मलाई आत्मसात गर्न नसकेको अवस्था छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमको मध्यावधिक मूल्याङकन तथा शिक्षक व्यवस्थापन तथा विकास रणनीति (२०१३) सम्बन्धमा गरिएका हालैका अध्ययनहरूले शिक्षकहरूको व्यावसायिक विकासका प्रावधानको पुनरावलोकन गरी प्राथमिक विद्यालयका शिक्षकलाई तालिम तथा प्राज्ञिक सहयोग प्रदान गर्ने प्रमुख निकायका रूपमा रहेका स्रोत केन्द्रहरूको भूमिकालाई अझ विस्तार गर्नपर्नेतर्फ इङ्गित गरेका छन् ।

प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको तर्जुमा गर्दा प्राथमिक शिक्षाको चक्र पूरा गर्ने दर बढाउनुपर्ने तथ्यमा विशेष जोड दिनुपर्ने देखिएको छ । विगत तिन वर्षमा यस सूचकमा भएको प्रगति केबल ६ प्रतिशतको न्यून बिन्दुमा कायम रहेको देखिन्छ । सन २००९-०१० मा प्राथमिक विद्यालय चक्र पूरा गर्ने दर ६८.७ प्रतिशत रहेकामा सन् २०१२-०१३ सम्ममा केबल ७५ प्रतिशत मात्र अभिलेखीकरण भएको छ । त्यसै गरी कक्षा १ मा कक्षा दोहोर्‍याउने दरमा पनि सुधारको खाँचो टड्कारो छ । कार्यक्रमको गत कार्यावधिमा कक्षा १ का २० प्रतिशत बाल बालिकाले कक्षा दोहोर्‍याएको अभिलेखले देखाएको छ । यस प्रकार भर्ना दरमा नाटकीय सुधार देखिए पनि नेपालको विद्यालय शिक्षामा प्रणालीगत सुदृढीकरणतर्फ अझै ध्यान पुग्न नसकेको यथार्थ टड्कारो छ ।

शिक्षाको वर्तमान गुणस्तर वृद्धिका हिसाबले सबै विद्यालयमा शिक्षण सिकाइलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन सघाउने प्राथमिकता प्राप्त न्यूनतम आवश्यकताहरू (Priority Minimum Enabling Conditions -PMECs) सुनिश्चित गर्नु विद्यालय क्षेत्र सुधार कार्यक्रमको प्राथमिकता रहन गएको छ । PMECs अन्तर्गत पाँच कुरा आवश्यक पर्ने भनिएको छ :१) उपयुक्त कक्षा कोठा, २) शिक्षक-विद्यार्थीको उपयुक्त अनुपात, ३) समयभित्रै निःशुल्क पाठ्य पुस्तकको उपलब्धता, ४) बालिकाहरूका लागि विद्यालयमा शौचालयको सुविधा तथा ५) कक्षा कोठामा पुस्तक कुना । हाल नेपालमा यी पाँचै कुरा पूरा गर्ने सामुदायिक विद्यालयहरूको सङ्ख्या न्यून रहेको छ । केबल ४ प्रतिशत सामुदायिक विद्यालयले मात्र यी पाँचै आवश्यकता पूरा गर्न सकेका छन् । ११ प्रतिशतले एक; २३ प्रतिशतले २, करिब ३२ प्रतिशतले ३ र २८ प्रतिशतले ४ मात्र पूरा गरेका छन् । पढाइका सिप वृद्धिका लागि अनिवार्य सर्तका रूपमा मानिएको पुस्तक कुना ८८ प्रतिशत सामुदायिक विद्यालयमा छैन ।

### १.१.१ विद्यार्थीको सिकाइ स्तर

नेपालमा विद्यार्थीहरूको सिकाइका सम्बन्धमा पर्याप्त सूचना उपलब्ध छैनन् । सन् १९९० यता कक्षा ३ र ५ मा सिकाइ उपलब्धिको राष्ट्रिय उपलब्धि परीक्षण गरिएको थियो । नेपाली विषयको परीक्षण (कक्षा ५) तथा विश्लेषणमा सीमितता छन् (iii) । सन १९९९ मा गरिएको कक्षा ५ को नेपाली भाषाको राष्ट्रिय परीक्षणका प्राप्ति निम्न लिखित छन् :

- औसत अङ्क करिब ५१ प्रतिशत । मानक विचलन १५ वा सोभन्दा माथि । औसत अङ्कमा खासै बढोत्तरी देखिएन ।
- तराई क्षेत्रमा सबैभन्दा कम औसत अङ्क ।
- श्रुतिलेखन, सिर्जनात्मक लेखन (रचना), पत्र लेखन, शुद्ध लेखन लगायतका लेखन सिपमा अत्यन्त कमजोर अर्थात् ५० मा ३० को औसत अङ्क ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले हालै कक्षा ३, ५ र ८ का विद्यार्थीको उपलब्धिको राष्ट्रिय परीक्षण सम्पन्न गरेको छ । यस परीक्षणले कक्षा ८ का विद्यार्थीको नेपाली, गणित तथा सामाजिक शिक्षा विषयमा ५० भन्दा कम औसताङ्क देखाएको छ । कक्षा ३ र ५ का नतिजा प्रकाशित हुन बाँकी नै छ । कक्षा ३ मा नेपाली भाषाको परीक्षण गर्दा विद्यार्थीको पढाइको गति जाँच्ने मौखिक प्रश्न सामेल गराइएको छैन । परीक्षणमा पढाइ तथा लेखाइका सिप जाँच्ने विभिन्न प्रकारका प्रश्नहरू सामेल गराइएका भए पनि विभिन्न सहायक सिप सम्पादनका एकाइगत विश्लेषणको प्रावधान राखिएका छैनन् । यी परीक्षणले निर्धारित समयका सिकाइ उपलब्धिका क्षेत्रगत प्रवृत्तिको विहङ्गम चित्र मात्र प्रस्तुत गर्न सक्छन् । पढाइका विभिन्न सहायक सिपहरूको सिकाइमा विद्यार्थीहरूले सामना गर्न परिरहेको विशिष्ट समस्याको गहन विश्लेषण अझै पनि खड्कँदो अवस्थामा छ । युएसएआइडीको सहयोगमा भर्खरै सुरु गरिएको प्रारम्भिक कक्षा पढाइ परीक्षण राप्राकप (EGRA) कार्यक्रमले विद्यार्थीहरूको नेपाली भाषाको पढाइ सिपका विभिन्न पक्षमा प्रस्टता ल्याउने अपेक्षा गरिएको छ ।

सन २००९ र २०११ बिच अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले सञ्चालन गरेका प्रारम्भिक कक्षा पढाइ परीक्षण मा आधारित परीक्षणहरूले पनि प्राथमिक कक्षाका विद्यार्थीहरू नेपाली भाषा पढाइका सिपमा अत्यन्त कमजोर रहेका देखाएका छन् । यी परीक्षणले कक्षा ४ का २०-५० विद्यालयका ३००-५०० विद्यार्थीलाई समेटेका थिए । ती परीक्षणले देखाएका मुख्य बुँदा देहायअनुसार छन् :

- कक्षा २ का ४३ प्रतिशत विद्यार्थीले मात्र सबै अक्षरहरू शुद्धसँग पढन सक्छन् (Room to Read- 2009) (iv)।
- नेपाली भाषा बोल्ने कक्षा ३ का विद्यार्थीमध्ये केवल ३६ प्रतिशतले दिइएका पाठ्य सामग्रीको एक शब्द पनि पढ्न सकेनन् (EQUIP 2-2010) (v) ।

- कक्षा २ का ८० प्रतिशत विद्यार्थीले एक शब्द पनि पढ्न सकेनन् । विद्यार्थीको मौखिक पढाइको गति प्रति मिनट ५ शब्द मात्र थियो (Save the Children 2011) (vi) ।
- कक्षा २ का ३८ प्रतिशत विद्यार्थीले मात्र दिइएका ५ मध्ये ४ शब्द पढ्न सके (ASER 2011) (vii) ।
- कक्षा २ का ३.३ र कक्षा ३ का १९.९४ प्रतिशत विद्यार्थीले मात्र सबै व्यञ्जन शुद्धसँग पढ्न सके । कक्षा २ का १२.५३ र कक्षा ३ का २३.०८ प्रतिशत विद्यार्थीले मात्र दिइएका सरल शब्दहरू शुद्धसँग पढ्न सके । त्यसै गरी कक्षा २ का १.५४ र कक्षा ३ का ३.५२ प्रतिशत विद्यार्थीले मात्र दिइएका अनुच्छेद शुद्धसँग पढ्न सके (World Education, 2012) (vii) ।

कार्यक्रम विकासका क्रममा रा.प्रा.क.प.का. को प्राविधिक कार्य समूहले सन् २०१३ को अप्रिल र मेबिच काठमाडौँ, काभ्रे र चितवन जिल्लाका केही विद्यार्थीहरूको पढाइ क्षमताको परीक्षण गरेको थियो (ix)। सामाजिक आर्थिक गतिविधिका क्षेत्र निकट बसोबास गर्ने प्रथम भाषा नेपाली भएका बाल बालिकाको परीक्षण गरिएकाले तिनको पढाइको सिपको स्तर मुलुकको दुर्गम क्षेत्रकाको तुलनामा राम्रो हुने स्वाभाविक अपेक्षा गरिएको थियो (x)। उक्त परीक्षणको सङ्क्षिप्त परिणाम देहायअनुसार पाइयो :

**तालिका १: कक्षा २ र ३ को परीक्षण नतिजा**

| परीक्षण गरिएका सिप | कक्षा २ को सुरुमा | कक्षा ३ को सुरुमा |
|---|---|---|
| दिइएका ६० अक्षरमध्ये प्रति मिनेट शुद्धसँग पढेका अक्षरको सङ्ख्या | ३४.६ | ४९.४ |
| दिइएका ६० मध्ये प्रति मिनेट शुद्धसँग पढेका शब्दको सङ्ख्या | १८.८ | ३५.१ |
| दिइएका ५० परिचित शब्दमध्ये प्रति मिनेट शुद्धसँग पढेका शब्द सङ्ख्या | १३.३ | २०.२ |
| दिइएका ६० शब्दमध्ये मौखिक पढाइको गति | १२.७ | २३.३ |
| दिइएका बो ४ प्रश्नमध्ये शुद्ध उत्तरको सङ्ख्या | १.४ | १.८ |

माथिका अध्ययनले प्रारम्भिक कक्षाका विद्यार्थीहरूको पढाइ सिपको उपलब्धि स्तर कक्षागत रूपमा गरिएका अपेक्षाभन्दा धेरै तल रहेको पाइयो । यसका अतिरिक्त एउटै कक्षाभित्र विद्यार्थी-विद्यार्थीबिच पनि पढाइ सिपको स्तर भिन्न छ । पढाइ सिप परीक्षणका नतिजा

समग्र दक्षिण एसिया लगायत विश्वका अन्य विकासशील मुलुकहरूमा पनि यस्तै देखिएको छ । कतिपय विद्यालय तथा क्षेत्र विशेषमा पढाइ सिपको स्तर उच्च रहेको पाइन्छ भने अन्य कतिपय क्षेत्रका विद्यार्थीले राम्ररी पढ्न सिकिरहेका छैनन् ।

सामान्यतया पढाइभन्दा लेखाइका सिपमा नेपालका विद्यार्थीहरू कमजोर छन् भन्ने यथार्थ कक्षा ३ र ५ को राष्ट्रिय परीक्षणका नतिजा तथा Room to read एवम NEGRP का प्राविधिक कार्य दलले गरेका साना साना परीक्षणका नतिजाले समेत देखाएका छन् । दक्षिण एसियाका छिमेकी मुलुकहरूमा समेत यस्तै खालका नतिजा देखिएका छन् (ASER, 2012 for reading assessments in India)

माथि उल्लेख गरिएका परीक्षणहरू नेपाली भाषाको पढाइ सिपमा मात्र सीमित भएका र साँघुरो दायरामा अध्ययन गरिएकाले तिनका नतिजाले मुलुकका सबै क्षेत्र तथा मातृभाषी समूहरूको सही चित्र पेस गर्न सक्दैनन् ।

## १.२ नेपालमा भाषाको स्थिति

नेपाल सांस्कृतिक, जातीय, तथा भाषिक दृष्टिले बिविधतापूर्ण मुलुक हो । बहुभाषिक परिस्थितिका कारण नेपालमा शिक्षाको भाषिक नीति परिभाषित गर्न कठिनाइ भइरहेको छ । सन् २०११ को राष्ट्रिय जनगणनाले नेपालमा १२३ भन्दा बढी मातृभाषाहरूको उपस्थिति देखिएको छ । बाल विकास कार्यक्रम वा कक्षा १ मा पहिलो पटक भर्ना हुन आउने बाल बालिकामध्ये ४४.६ प्रतिशतले नेपाली भाषा बुझ्छन् भन्नु यथार्थपरक नहुन सक्छ । तर एकभन्दा बढी भाषा बोल्ने मिश्रित समुदायका बाल बालिकाले भने त्यहाँको साझा भाषाका रूपमा नेपाली वा अन्य भाषिका प्रयोग गर्नु सामान्य कुरा हो ।

अतः विद्यालयमा भर्ना हुन आउँदाका बखत विद्यार्थीका भाषिक प्रवीणता (मौखिक गति तथा बोध) को स्तरबारे अनुमान गर्न गारो हुन्छ । नेपालमा हालसम्म यस प्रकारका सर्वेक्षणहरू गरिएका पनि छैनन् । मुलुकका विभिन्न भागका कक्षाकोठाहरूमा भएका भाषिक विविधता बुझ्नका लागि निम्न लिखित दुई आयामका आधारमा हेर्नुआवश्यक छ ।

क. पहिलो पटक विद्यालयमा भर्ना हुन आउँदा विद्यार्थीको नेपाली भाषा बुझाइ : नेपालका ८० देखि ८५ प्रतिशत सामुदायिक विद्यालयहरूको पठन पाठनको माध्यम नेपाली भाषा भएकाले यो पक्ष मननीय हुने छ ।

ख. कक्षामा बोलिने पहिलो भाषाको सङ्ख्या : यो महत्त्वपूर्ण आयाम हो । किनभने कुनै निश्चित भाषालाई विषयका रूपमा पढाउन सकिन्छ वा माध्यम भाषाका रूपमा भन्ने निर्धारण गर्न यसले मदत गर्छ ।

करिब ५ देखि १० प्रतिशत विद्यालयमा कक्षा १ मा भर्ना हुन आउँदा विद्यार्थीले नेपाली भाषा बुझ्न कठिनाइ महसुस गर्छन् । अर्थात् नेपाली भाषाको बुझाइमा सीमितता भएका वा एउटै प्रथम भाषा भएका बाल बालिका मात्र भर्ना हुने विद्यालयहरूको प्रतिशत केवल ५ देखि १० मात्र हुने परिस्थिति छ । अर्कातर्फ शिक्षण सिकाइको माध्यम भाषा अङ्ग्रेजी भएका विद्यालय १० देखि १५ प्रतिशत छन् । यस्ता विद्यालयमा नयाँ भर्ना हुन आउने विद्यार्थीले अङ्ग्रेजी भाषा नबुझ्नु स्वभाविकै हो ।

## १.२.१ नेपालका प्रारम्भिक कक्षामा भाषाको प्रयोगः नीतिगत प्रावधान

### प्राथमिक तहको पाठ्यक्रम २०६३

- प्राथमिक तहको पाठ्यक्रममा प्राथमिक तहमा शिक्षण सिकाइको माध्यम भाषाका रूपमा नेपाली, अङ्ग्रेजी वा मातृभाषाको प्रयोग गर्न सकिने प्रावधान छ ।
- नेपाली र अङ्ग्रेजी भाषालाई अनिवार्य विषय बनाइएको छ । नेपाली भाषालाई ८ र अङ्ग्रेजी लाई ५ पिरियड प्रति हप्ता पढाउनुपर्ने प्रावधान छ ।
- प्रति हप्ता ४ पिरियड स्थानीय भाषाका लागि निर्धारण गरिएको छ, जसमा विषयका रूपमा मातृभाषाको पठन पाठन गराउन सकिन्छ । विषयका रूपमा पढाइने मातृभाषाको चयन गर्दा जुन भाषा बोल्ने बालबालिकाको सङ्ख्या अधिक छ, त्यसैलाई छान्नुपर्ने पनि प्रवधान छ ।
- मातृभाषालाई विषयका रूपमा नपढाइने अवस्थामा स्थानीय रूपले उपयोगी ठानिएका व्यवसाय, पेसा, धर्म, संस्कृति, परम्परा, सम्पदा, वातावरण संरक्षण, स्थानीय प्रविधि, चाडपर्व तथा स्थानीय रीतिरिवाजको पठन पाठन गराउन सकिने प्रावधान छ ।
- मातृभाषा तथा स्थानीय विषयका पाठ्यक्रम तथा पाठ्य पुस्तकको विकास सम्बन्धित स्रोत केन्द्र तथा जिल्ला पाठ्यक्रम समन्वय समितिसँग परामर्श गरी सम्बन्धित विद्यालय स्वयम्ले गर्नुपर्दछ । तर जिल्लाका अन्य भागमा पनि त्यस्तै खालको पाठ्यक्रम लागु हुने अवस्था रहेछ भने व्यापक प्रयोगका लागि जिल्ला स्तरमा निर्माण गरिनुपर्दछ। त्यसै गरी स्रोत केन्द्रभरका विद्यालयमा एउटै पाठ्यक्रम लागु हुन सक्ने अवस्था रहेमा स्रोत केन्द्रस्तरमा पाठ्यक्रम पाठ्य पुस्तकको निर्माण तथा विकास गर्नुपर्दछ ।

### सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (२००१-२०१५)

सबैका लागि शिक्षाका ६ उद्देश्यका अतिरिक्त नेपालको कार्य योजनाले आधारभूत शिक्षामा मातृभाषाको माध्यमबाट आदिवासी जनजाति तथा अल्पसङ्ख्यक भाषिक समुदायका पहुँचको

अधिकार सुनिश्चित गर्ने भनी सातौँ उद्देश्य पनि थप गरिएको थियो । यसै उद्देश्यको प्राप्ति सुनिश्चित गर्ने प्रयोजनले शिक्षा मन्त्रालयबाट निर्धारण गरिएको सबैका लागि शिक्षाको मूल दस्तावेजमा विभिन्न भाषिक समूहका अधिकतम बाल बालिकालाई आधारभूत शिक्षामा आकृष्ट गर्नका लागि मातृभाषामा शिक्षा प्रदान गर्ने कार्यक्रमलाई प्रोत्साहित गरिने कुरामा जोड दिएको थियो । मातृभाषालाई विषयका रूपमा पठन पाठन गराउने कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा उक्त दस्तावेजले पाँच चरणको कार्य योजना प्रस्तुत गरेको थियो । (XI)

## त्रिवर्षीय अन्तरिम योजना (२०६३-२०६६)

त्रिवर्षीय अन्तरिम योजनाले कार्यालयीय भाषाका रूपमा नेपाली, अन्तर्राष्ट्रिय भाषाका रूपमा अङ्ग्रेजी र मातृभाषा गरी शिक्षामा त्रिभाषीय नीति अवलम्बन गर्ने सिफरिस गरेको थियो । यसले मातृभाषा (हरू) मा पनि आधारभूत शिक्षा प्रदान गर्न सकिने कुरा उल्लेख गरेको थियो ।

## अन्तरिम संविधान (२०६३)

नेपालको अन्तरिम संविधान २०६३ ले नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक भएकाले आफ्ना मातृभाषामा आधारभूत शिक्षा प्राप्त गर्नु, आफ्ना भाषा, लिपि, संस्कृति, सांस्कृतिक मूल्य मान्यता तथा सम्पदाको संरक्षण एवम् प्रवर्धन गर्न पाउनु सबैको मौलिक अधिकार हुनेछ (भाग ३, धारा १७) भनेर स्पष्ट उल्लेख गरेको छ ।

## विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१५)

विद्यालय क्षेत्र सुधार योजनाले मातृभाषालाई शिक्षण सिकाइको माध्यम भाषाका रूपमा प्रयोग गरेर मातृभाषामा आधारित शिक्षा कार्यक्रमको कार्यान्वयन गर्नुपर्ने कुरामा जोड दिएको छ । यस योजनाले सन २०१५ को अन्त्यसम्ममा ७,५०० विद्यालयमा मातृभाषामा आधारित बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्य राखेको थियो । यसलाई नियमन गर्नका लागि एउटा बहुभाषिक शिक्षा निर्देशिका समेत विकसित गरिएको छ ।

विद्यालय क्षेत्र सुधार योजनाले घटीमा ३ कक्षासम्म सबै बालबालिकाले आफ्नै मातृभाषामा शिक्षा पाउने अधिकारको प्रत्याभूत गर्ने प्रतिबद्धता जाहेर गरेको छ । त्यसका लागि विद्यालयहरूमा प्रयोग गरिने मातृभाषाको चयन गर्ने अधिकार स्थानीय सरकारको परामर्शमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई प्रदान गरिएको छ र कक्षा ४ र ५ का अवधिमा शिक्षणको माध्यम भाषालाई मातृभाषाबाट क्रमशः नेपाली भाषामा स्थानान्तरित गराइने र कक्षा ६ देखि ८ सम्ममा त्यसलाई पूर्णता दिइसक्ने प्रावधान राखिएको छ । तर अङ्ग्रेजी भाषा भने कक्षा १ देखि नै विषयका रूपमा पठन पाठन गराइने प्रावधान छ ।

नीतिगत रूपमा जे जस्ता प्रवधान गरिएका भए पनि तिनका बिच खास तादात्म्य रहेको

पाइँदैन र तिनको निर्धारण गर्दा आम बाल बालिकाको रुचिलाई आधार मानिएको पनि देखिँदैन । उदाहरणका लागि कक्षा १ देखि नै नेपाली र अङ्ग्रेजी भाषा विषयका रूपमा साथै मातृभाषा पनि पढाइनुले बाल बालिकाहरूलाई निक्कै चर्को कार्य बोझ थोपरिदिएको छ । माध्यम भाषाको चयन गर्ने अधिकार सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई प्रदान गरेर यस योजनाले परोक्ष रूपले अङ्ग्रेजी भाषालाई शिक्षण सिकाइको माध्यमका रूपमा विस्तार गर्न प्रोत्साहन गरेको बुझ्न सकिन्छ । त्यसै गरी प्राथमिक शिक्षामा मातृभाषाको प्रयोगका विभिन्न रणनीतिहरूको पनि स्पष्ट व्याख्या हुनु पनि जरुरी छ। जस्तै, विषयका रूपमा मातृभाषाको शिक्षण, अन्य भाषाहरूका सिकाइमा पुलको काम गर्ने दृष्टिले मातृभाषाको प्रयोग तथा प्रारम्भिक कक्षाहरूमा मातृभाषालाई माध्यम भाषाका रूपमा प्रयोग गर्ने रणनीतिक अस्पष्टताहरूलाई पुनर्परिभाषित गर्नु आवश्यक छ ।

## १.२.२ प्रारम्भिक कक्षाहरूमा भाषा: वास्तविक अभ्यास

- लगभग ८५ प्रतिशत सामुदायिक विद्यालयहरूमा माध्यम भाषा नेपाली रहेको अनुमान छ ।
- १० देखि १५ प्रतिशत सामुदायिक विद्यालयहरूले अङ्ग्रेजीलाई शिक्षण सिकाइको माध्यम भाषा बनाएको अनुमान गरिए पनि जिल्लागत एकरूपता भने पाइँदैन। काठमाडौँ उपत्यकाका तिन जिल्लामा ७० प्रतिशतभन्दा बढी सामुदायिक विद्यालयहरूले पढाइको माध्यम भाषा नेपालीबाट अङ्ग्रेजीमा रूपान्तरण गरेका छन् । पोखरा तथा नवलपरासी जस्ता जिल्लामा ५० देखि ६० प्रतिशत सामुदायिक विद्यालयहरूले यसो गरेका छन् । त्यसै गरी झापा जिल्लाका ३५ प्रतिशत सामुदायिक विद्यालयहरूले कक्षा १ र कतिपयले प्रारम्भिक बाल शिक्षा तथा विकासका चरणदेखि नै अङ्ग्रेजी माध्यमको सुरुआत गरिसकेका छन् । तर पर्सा, अछाम, दोलखा तथा रसुवा जस्ता जिल्लाहरूका ५ प्रतिशतजसो विद्यालयले मात्र यसो गरेको देख्न सकिन्छ ।
- पाठ्यक्रममा प्रति हप्ता ८ घण्टी पढाउनुपर्ने प्रावधान भए तापनि सामुदायिक विद्यालयहरूले नेपाली भाषा दिनको १ घण्टी अथवा ६ घण्टी प्रतिहप्ता मात्र पढाउँछन् ।
- ९० देखि ९५ प्रतिशत सामुदायिक विद्यालयले अङ्ग्रेजी भाषालाई २ विषय बनाएर पढाउँछन् -पहिलो अनिवार्य विषयका रूपमा हप्तामा ५ घण्टी र दोस्रो स्थानीय विषयका रूपमा हप्तामा ४ घण्टी। समग्रमा हेर्दा अङ्ग्रेजी भाषाले सबैभन्दा बढी अर्थात् प्रतिहप्ता ९घण्टी शैक्षणिक समय र पाठ्यभारका हिसाबले एक तिहाइ अर्थात् ६०० अङ्कमा २०० पाउने गरेको छ ।

- करिब ५ प्रतिशत विद्यालयहरूले मात्र प्रारम्भिक कक्षाहरूमा मातृभाषालाई शिक्षणको माध्यम भाषा बनाएका छन् (यो आँकडा यथार्थमा अझ घटी अर्थात् १ वा २ प्रतिशत मात्र पनि हुन सक्छ) । अधिकांश जिल्लामा विषयका रूपमा मातृभाषा पठन पाठनको योजनाबद्ध व्यवस्था छैन । शिक्षकले समुदायको इच्छा रुचि वा अन्य मान्यताहरूका आधारमा पाठ्यक्रम विकास केन्द्रद्वारा सन्दर्भ सामग्रीका रूपमा तयार पारेका मातृभाषाका कथाका पुस्तकहरूलाई पाठ्य पुस्तकका रूपमा प्रयोग गर्ने गरेको पाइएको छ । यसो गर्नुको मुख्य प्रयोजन विद्यालयमा मातृभाषाको प्रयोग गर्दा बाल बालिकाले शिक्षण सिकाइको वातावरणमा अपनत्व महसुस गर्छन् भन्ने मान्यता रहेको पाइन्छ । कक्षा १ देखि नै नेपाली तथा अङ्ग्रेजी विषयको शिक्षण साथसाथै गरिने भएकाले मातृभाषा शिक्षणका कुनै उद्देश्य किटान भएजस्तो प्रतीत हुँदैन ।
- विभिन्न क्षेत्रका लगभग २५ देखि ३० विद्यालयले मातृभाषामा आधारित बहुभाषिक शिक्षाको अनुसरण गरेका छन् । यस्ता विद्यालयमध्ये कतिपयले फिनल्यान्डको सहयोगमा सञ्चालित बहुभाषिक शिक्षा परियोजना कालदेखि नै यस क्रमलाई निरन्तरता प्रदान गर्दै आएका छन् भने कतिपयले अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको सहयोग वा स्थानीय प्रयासका आधारमा । तर बहुभाषिक शिक्षाका यी विभिन्न प्रयत्नहरूमा उपयुक्त पद्धतिको अभाव खड्कँदो अवस्थामा छ ।
- विद्यालय क्षेत्र सुधार कार्यक्रम तथा बहुभाषिक शिक्षा निर्देशिकाले विद्यालय शिक्षा मातृभाषामा सुरु गरेर कक्षा ४ र ५ का अवधिमा नेपाली भाषामा स्थानान्तरण गराइने र त्यसपछि अङ्ग्रेजी भाषालाई शिक्षणको माध्यम भाषा बनाइने कुराको परिकल्पना गरेको छ तर पाठ्यक्रमले यसको वकालत गरेको पाइँदैन । उता कतिपय अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको सहयोगमा सञ्चालित बहुभाषिक भनिएका विद्यालयहरूमा पनि कक्षा १ देखि नै मातृभाषा, अङ्ग्रेजी र नेपाली सँगसँगै पढाउने प्रचलन छ र त्यहाँ अङ्ग्रेजी र नेपाली भाषालाई नै जोड दिइएको पाइन्छ ।
- लगभग २०,००० प्राथमिक कक्षाहरूमा गैर नेपाली भाषी विद्यार्थीलाई विषय वस्तु बुझाउनका लागि स्थानीय मातृभाषा प्रयोग गर्ने प्रचलन रहेको अनुमान छ (२०११ को तथ्याङ्क) । प्रारम्भिक कक्षाहरूमा विषयहरूको अन्तरवस्तु विद्यार्थीलाई बुझाउनका लागि लगभग २३ स्थानीय मातृभाषाहरूको प्रयोग हुने गरेको अनुमान छ । खास गरी तराई तथा सुदूर पश्चिमाञ्चलका जिल्लाहरूमा गैर नेपाली भाषी विद्यार्थीलाई सजिलोसँग विषय वस्तु बुझाउनका लागि मैथिली, तामाङ, भोजपुरी, थारु, अवधी तथा डोटेली जस्ता स्थानीय भाषाहरूको प्रयोग व्यापक रूपमा हुने गरेको

पाइन्छ । प्रारम्भिक कक्षाहरूमा विभिन्न मातृभाषाहरूको पठन पाठनको वास्तविक अभ्यास र नीतिगत प्रावधानबिच धेरै भिन्नता छ । प्रायः सबै विद्यालयमा अङ्ग्रेजी विषयले बढी महत्त्व पाउने गरेका हुनाले अन्य विषयहरूका तुलनामा अङ्ग्रेजीले नै बढी शैक्षणिक समय पाउने गरेको यथार्थ छ । यसो गरिनुको प्रमुख कारणमध्ये अभिभावकहरूमा अङ्ग्रेजी भाषाका आकर्षणले विद्यार्थीहरू निजी विद्यालयतर्फ जानु पनि एक हो । आफ्नो विद्यालयको भर्नादर कायम राख्न सामुदायिक विद्यालयहरूलाई चुनौती छ तर विद्यालयहरूले यस्तो निर्णय लिँदा विद्यार्थीको रुचिको भने ख्याल राख्ने गरेका छैनन् । नेपाली भाषा त केवल ६ विषयमध्ये एक हो । खासमा नेपाली वा मातृभाषाको शिक्षणले बालबालिकाको सोचाइ, बुझाइ तथा सञ्चार तथा ज्ञानको विकासमा खेल्न सक्ने भूमिकाको जुन महत्त्व छ, त्यसलाई ध्यानमा राखिएको पाइँदैन ।

## १.३ नेपालमा प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका प्रमुख चुनौती तथा अवसर

नेपालमा प्रा.क.प.का. लागु गर्दा आउन सक्ने सम्भावित चुनौती तथा अवसरको अध्ययन गर्ने सम्बन्धमा शिक्षा मन्त्रालय/शिक्षा विभागबाट समय समयमा प्रकाशित तथ्याङ्क, कार्यक्रम कार्यान्वयनका स्थिति प्रतिवेदन, अन्य सामयिक प्रतिवेदनहरू, शिक्षा मन्त्रालय/शिक्षा विभाग एवम् अन्य निकायबाट विभिन्न समयमा गरिएका अध्ययन अनुसन्धानका प्रतिवेदन लगायत अरु सन्दर्भ सामग्रीको अध्ययनबाट खिचिएका सार तत्त्वहरूलाई आधार बनाइएको छ । यसका अतिरिक्त यसमा प्रा.क.प.सि.का. को प्राविधिक कार्य दलले हालै गरेका केही छानिएका जिल्ला तथा विद्यालयहरूको अवलोकन, छलफल, अन्तरक्रिया तथा अध्ययनबाट उपलब्ध तथ्यहरूको समेत उपयोग गरिएको छ ।

### १.३.१ चुनौतीहरू

#### सिकाइको न्यून स्तर

नेपाली भाषाका सिकाइ उपलब्धिको स्तर विद्यालयपिच्छे, जिल्लापिच्छे र भाषिक समुदायपिच्छे फरक छन् । असमानता एउटै विद्यालयका तथा एउटै कक्षाका विद्यार्थीबिच पनि छ । न्यून सम्पादन क्षमताका विद्यालयहरूमा विद्यमान साझा परिस्थिति भनेको ती विद्यालयका प्रारम्भिक कक्षाहरूमा नेपाली भाषाको औसत अङ्क न्यून हुनुका साथै पढाइ सिपको उपलब्धि स्तरमा उच्च विविधता हुनु हो । पढाइ सिप परीक्षणको स्थापित पद्धति नभएकाले पढाइको सिप शिक्षणमा कक्षाकोठाको परिस्थिति, स्रोत सामग्री तथा शिक्षणका सामान्य अभ्यासबारे जानकारी हासिल गर्न प्रा.क.प.का. प्राविधिक कार्य दलले

कक्षा अवलोकन, प्रधानाध्यापक, स्रोत व्यक्ति, सङ्काय प्रमुख तथा शिक्षाका केन्द्रीय निकाय प्रमुखहरूसँग अन्तरक्रिया तथा छलफल गरेको थियो । यी अवलोकन तथा अन्तरक्रियाका आधारमा पहिचान गरिएअनुसार प्राथमिक शिक्षाका प्रारम्भिक कक्षाहरूमा पढाइका सिपको उपलब्धि न्यून गराउने प्रमुख तत्त्वहरू देहायअनुसार छन्:

**पद्धतिगत तत्त्वहरू**

**क. नेपाली भाषा शिक्षणका लागि छुट्याइएको समयको अपर्याप्तता**

पाठ्यक्रमले नेपाली भाषा शिक्षणका लागि प्रतिहप्ता ८ पिरियड पढाउनुपर्ने भनेको भए पनि यथार्थमा त्यस विषयको पढाइ प्रतिहप्ता ६ पिरियड मात्र हुने गरेको छ । वर्षमा १४० देखि १५० दिनमात्र कक्षा सञ्चालन हुने हँदा नेपाली भाषाले वर्षमा ९० देखि ९५ घण्टामात्र शिक्षण समय पाउँछ । सोही अवधिमा अङ्ग्रेजी तथा गणित जस्ता अन्य विषयका लागि शिक्षण समयका मागको प्रतिस्पर्धात्मक दबाव रहने गर्दछ । प्रारम्भिक कक्षाहरूमा नेपाली भाषालाई ६ मध्ये एक विषयका रूपमा सामान्य शिक्षणको मात्र महत्त्व प्रदान गरिन्छ । नेपाली भाषाको शिक्षणमा शिक्षकले तथा त्यसको सिकाइमा विद्यार्थीले प्रयोग गर्ने वास्तविक समयको आयतन निर्धारण गरिएभन्दा निकै कम छ । विषयका रूपमा मातृभाषाको शिक्षण २ प्रतिशत विद्यालयमा मात्र छ र त्यसका लागि विद्यालयहरूले प्रतिहप्ता ४ घण्टी मात्र पाउँछन् । वास्तवमा प्राथमिक तहका बालबालिकाको सिकाइ प्रभावकारिताका लागि पढाइका सिप तथा भाषाको विकासको अत्यन्त ठूलो महत्त्व छ भन्ने यथार्थलाई आत्मसात गर्न जरुरी छ ।

**ख. विद्यालय भर्ना हुन आउँदा नेपाली भाषाको बुझाइमा समस्या भएका विद्यार्थीहरूलाई सहयोग गर्ने स्पष्ट रणनीतिको अभाव**

आधिकारिक सर्वेक्षणको अभाव रहे तापनि कतिपय आँकलनहरूले २० देखि ३० प्रतिशत बाल बालिकाले विद्यालय भर्ना आउँदा नेपाली भाषाको बुझाइमा निकै कठिनाइको सामना गरिरहेका हुने अनुमान गरेका छन् । कक्षा १ मा शिक्षणको माध्यम भाषा नेपाली वा अङ्ग्रेजी हुने भएकाले ती भाषा नबुझ्ने बाल बालिकालाई बुझाउन शिक्षकहरूले स्थानीय भाषाको प्रयोग गर्नुपर्ने हुन्छ । वास्तवमा मौजुदा शिक्षक विकास कार्यक्रमहरूमा नेपाली भाषालाई दोस्रो भाषाका रूपमा शिक्षण गराउन चाहिने कौशल तथा व्यावसायिक दक्षताको विकास गराउने रणनीतिको अभाव छ । शिक्षामा उपयुक्त भाषिक नीतिको अभावका कारण एकातिर अङ्ग्रेजी भाषाको शिक्षणले अनावश्यक महत्त्व ओगटिरहेको छ भने अर्कातर्फ नेपाली तथा मातृभाषा शिक्षणका प्राथमिकता ओझेलमा परेका छन् ।

**ग. अपर्याप्त अनुगमन, सुपरिवेक्षण तथा प्राज्ञिक सहयोग**

विद्यालय निरीक्षक तथा स्रोत व्यक्तिहरूको व्यवस्था गर्ने विद्यमान संरचनाले

गुणस्तरको अनुगमन गर्न सकेको छैन । एकातिर सीमित सङ्ख्यामा रहेका विद्यालय निरीक्षकहरू कार्यालयका प्रशासनिक कार्यमै व्यस्त रहनुपर्ने अवस्था छ भने अर्कातिर स्रोत व्यक्तिहरूबाट प्रभावकारी रूपमा कार्य सम्पादन हुन सकेको छैन । कार्य सम्पादन अपेक्षित रूपमा हुन नसकेका कारणहरू : १. स्रोत व्यक्तिका धेरै जिम्मेवारी छन् । जिल्ला शिक्षा कार्यालयका सन्देश विद्यालय तथा शिक्षकलाई सम्प्रेषण गर्न र सङ्कलित पृष्ठपोषण जिल्ला शिक्षा कार्यालयलाई दिनमै स्रोत व्यक्तिहरूको कार्य समयको लगभग ६५ प्रतिशत खर्च हुने भएकाले तिनले कक्षा शिक्षणको अवलोकन गरी शिक्षकहलई प्राविधिक सल्लाह सुझाव दिन पर्याप्त समय पाउँदैनन् । २. एउटै स्रोत केन्द्र अन्तर्गत समूह विद्यालयहरूको सङ्ख्या धेरै हुने भएकाले (कतिपय स्रोत केन्द्रअन्तर्गत ४० भन्दा बढी विद्यालय छन्) ती सबै विद्यालयको नियमित निरीक्षण सम्भव हुँदैन । ३. कतिपय अवस्थामा स्रोत व्यक्तिहरूको छनौट प्रक्रिया नै त्रुटिपूर्ण हुने भएकाले र त्यस्ता प्रक्रियाबाट छानिएका व्यक्ति निर्धारित दायित्व निर्वाह गर्न असक्षम छन् । साथै स्रोत व्यक्ति तथा स्रोत शिक्षकको क्षमता विकासका संस्थागत संरचनाहरू पनि दीर्घकालीन सोचका साथ खडा गरिएका छैनन् ।

**घ. शिक्षकको पेसागत विकासका रणनीतिहरू प्रभावकारी हुन सकिरहेका छैनन्**

आवश्यकतामा आधारित तालिम प्रणाली पनि समस्यारहित छैन । कतिपय अवस्थामा शिक्षकहरूले कक्षा शिक्षणका सन्दर्भमा महसुस गरेका समस्याहरू खुलस्त रूपले बताउन नसक्ने वा नचाहने भएकाले तिनका तालिम आवश्यकताको सही पहिचान हुन सकेको हुँदैन । स्रोत शिक्षकले एक्लै तालिमका मोड्युलको विकास गर्ने र तालिम सञ्चालन गर्नुपर्ने अवस्था रहन्छ तर कुशल स्रोत शिक्षकलाई विद्यालयले फुर्सद पनि दिँदैनन् । यसरी तालिम आवश्यकताको यथार्थ पहिचान हुन नसकेका र अपेक्षाकृत कम दक्ष स्रोत शिक्षकबाट डिजाइन गरिएका तालिमको प्रतिफल धेरै प्रभावकारी नहुने तथ्य स्वाभाविकै हो । कतिपय स्रोत व्यक्तिहरूमा अनुगमन गर्ने चाहिने दक्षताको अभाव छ । यी तथ्यहरूलाई दृष्टिगत गर्दा स्रोत व्यक्ति तथा स्रोत शिक्षकहरूको क्षमता विकासका नियमित र प्रभावकारी कार्यक्रमहरूको आवश्यकता टड्कारो देखिन्छ । त्यसका लागि पर्याप्त स्रोत साधनको विनियोजन हुनु पनि त्यत्तिकै आवश्यक छ । यसका अतिरिक्त स्रोत व्यक्ति तथा स्रोत शिक्षकहरूलाई शिक्षक तालिम केन्द्र शैक्षिक जनशक्ति विकास केन्द्र तथा शिक्षकको पेसागत तालिममार्फत नियमित रूपले पुनर्ताजगी तालिम सञ्चालन गर्नुपर्दछ । तर विद्यमान शिक्षकको पेसागत तालिम कार्यक्रमहरूमा नेपाली भाषा पढाइका सिप विकास सम्बन्धी तालिमका प्रावधान नहुनु र यस्ता कुरामा शिक्षक तथा विद्यालय दुवैले तालिम आवश्यकताको महसुस नगर्नु आफैँमा विडम्बना हो ।

## ङ. सिकाइ उपलब्धिप्रति अपर्याप्त ध्यान र विद्यार्थी सिकाइप्रति उत्तरदायित्व बोधको अभाव

विद्यमान प्रणालीले लगानीमा जोड दिए पनि त्यसको प्रतिफलप्रति पर्याप्त ध्यान दिन सकेको पाइँदैन । प्रवेशिका परीक्षाको नतिजा प्रकाशन भएपश्चात्का केही अवधि विद्यार्थीका सिकाइ उपलब्धिबारे चर्चा परिचर्चा हुने गरे पनि सोको विश्लेषणका आधारमा शैक्षिक कार्यक्रम वा शिक्षण सिकाइ प्रक्रियामा सुधार गरी उपलब्धि स्तर उकास्ने रणनीतिक योजना लागु गर्ने प्रयास भएको पाइँदैन । शिक्षा अधिकारी, विद्यालय निरीक्षक तथा स्रोत व्यक्तिहरूले विद्यालय निरीक्षण तथा समीक्षा बैठकहरूमा विद्यार्थीको सिकाइ सम्बन्धमा चासो कमै राख्छन् । खास गरी प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धिबारे जिम्मेवार हिसाबले चर्चा परिचर्चा हुने गरेकै छैन । विद्यार्थीको सिकाइ स्तरबारे विद्यालय, शिक्षक तथा सम्बद्ध सरोकारवाला कसैलाई अभिभावकप्रति जवाफदेही बनाउने पद्धतिको विकास हुन सकिरहेको छैन ।

## च. विद्यालयमा गरिने मूल्याङ्कन पद्धति सिप तथा उपलब्धिमुखी छैन

विद्यालयले सञ्चालन गर्ने चौमासिक, अर्धवार्षिक वा वार्षिक परीक्षाहरू पाठ्यक्रमले परिभाषित गरेका सिकाइ उपलब्धिभन्दा पाठ्य पुस्तकका विषवस्तुका स्मरण गरे नगरेको जाँच्ने कुरामा बढी केन्द्रित हुने गरेका छन् । परीक्षाका प्रश्न पत्रहरूको निर्माण विद्यालयका शिक्षक वा कुनै परीक्षा बोर्डले गर्दछ, जो पूर्णतः लिखित परीक्षाका अवधारणामा आधारित हुन्छन् । विद्यार्थीको पढाइका सिपको प्रगति मापनका लागि चाहिने मौखिक प्रश्नहरू त्यहाँ हुँदैनन् । सिकाइ उपलब्धि जाँच्न सघाउ पुरयाउने हेतुले शैक्षिक सत्रको सुरुमै सिकाइ उपलब्धि हासिल गराउने समयबद्ध लक्ष्यसहितका शैक्षणिक कार्यक्रम निर्धारण गर्नेतर्फ विद्यालयहरूले ध्यान पुरयाउन सकेको पाइँदैन ।

## छ. सिकाइका लागि आवश्यक न्यूनतम सर्त

ठूलो सङ्ख्याका विद्यालयहरूमा शिक्षण सिकाइलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन सघाउने प्राथमिक न्यूनतम सर्तहरू पूरा भएका छैनन् । उपयुक्त सङ्ख्यामा योग्यता पुगेका शिक्षकको उपलब्धता सिकाइका लागि आवश्यक न्यूनतम सर्तहरूमध्ये पहिलो हो, जसको अभावमा तराईका अधिकांश विद्यालयहरू एउटै कक्षामा खचाखच विद्यार्थी राखेर कक्षा सञ्चालन गर्न बाध्य छन् । ४५-५० भन्दा बढी विद्यार्थी भएका कक्षामा सिकाइ प्रभावकारी हुन सक्दैन । साना साना विद्यालहरूमा बहुकक्षा प्रणालीअन्तर्गत एउटै शिक्षकले एउटै समयमा एकभन्दा बढी कक्षाहरूमा पढाउनुपर्ने अवस्था छ र त्यस्ता बहुकक्षा शिक्षण गर्ने शिक्षकहरू पनि उपयुक्त योग्यताका कमै मात्र छन् । कम दक्षता र कम अनुभव भएका शिक्षकहरूलाई प्रारम्भिक कक्षामा खटाउने गरिन्छ । पढाइका सिपको प्रवर्धनका लागि विभिन्न प्रकारका सरल र रोचक पुस्तकहरूको उपलब्धता

एउटा अनिवार्य सर्त हो । यसैकारण कक्षा कोठामा पुस्तक कुनाको व्यवस्थालाई पाँचमध्ये एक मानिएको हो । तर नेपालमा अहिले पनि ८८ प्रतिशत कक्षा कोठाहरूमा पुस्तकको कुनाको प्रावधान छैन ।

### ज. भाषाका पाठ्यक्रमले पढाइलाई छुट्टै र महत्त्वपूर्ण अवयवका रूपमा पहिचान गरेको छैन

पाठ्यक्रमले पढाइ सिपलाई भाषा विकासको विशिष्ट क्षेत्रका रूपमा पहिचान गरेको छैन, न त यसलाई समग्र भाषा पाठ्यक्रमको अभिन्न अङ्गका रूपमा समावेश गरिएको छ । कक्षा १-३ को पाठ्यक्रमले समग्र शिक्षण समयको २५ प्रतिशत विद्यार्थीको पढाइका लागि छुटयाउनुपर्ने निर्देश गरिएअनुसार नेपाली भाषाका कक्षामा पढाइका लागि छुट्टै समय प्रदान गर्नँ आवश्यक हुन्छ । यसका लागि शिक्षकको पेसागत विकासका पूर्वसेवाकालीन तथा सेवाकालीन तालिमहरूमा विशेष ध्यान पुरयाउनु आवश्यक छ । नेपाली भाषाको शिक्षणका लागि छुट्याइएको समयावधि कम भएकाले स्वाभाविक रूपले पढाइका लागि समय अपर्याप्त छ ।

### झ. पाठ्य पुस्तकका पनि केही सीमा छन्

कक्षा १-३ का विद्यार्थीले बुझेर उपयुक्त गतिमा पढ्नका लागि नेपालीका पाठ्य पुस्तकमा सरल भाषाको प्रयोग भएको पाइँदैन । पाठ्य पुस्तकको लेखनमा कक्षा वृद्धिका क्रमसँगै क्रमशः भाषाको बहाव सरलबाट कठिन हुँदै जानुपर्ने सिकाइका सिद्धान्तको अनुसरण भएको पाइँदैन । यसले पनि पढाइ सिपको सुदृढीकरणमा व्यवधान खडा गरिदिएको छ । कक्षा १ को नेपाली भाषाको पाठ्य पुस्तकमा ध्वनि सचेतीकरण जस्ता पक्षहरूमा खासै ध्यान पुर्‍याइएको छैन । विशेष शब्दभण्डारको पहिचान गरी तिनलाई कक्षागत रूपमा समावेश गर्नु आवश्यक छ ।

## शिक्षण-सिकाइ सम्बन्धी

तल सूचीबद्धमध्ये केही बुँदाहरू कक्षा वातावरण एवम् शिक्षण-सिकाइ प्रक्रियासँग सम्बन्ध राख्छन् भने केही खास गरी पढाइको शिक्षण र भाषा विषयसँग सम्बन्धित छन् ।

### क. वास्तविक काममा कम समय दिनु शिक्षण सिकाइ प्रक्रिया शिक्षक केन्द्रित हुनुः

शिक्षक केन्द्रित शिक्षण विधिले विद्यार्थीहरूलाई सिकेका कुराको अभ्यास गर्ने र सिकाइलाई सुदृढ बनाउने अवसर प्रदान गर्दैन । यस विधिले सिकाइमा भन्दा शिक्षणमा जोड दिन्छ । विद्यार्थीको अधिकतम समय शिक्षकले भनेका कुरा सुन्न र बोर्डमा लेखेका कुरा सार्न तथा अरुका कामको अवलोकन गर्नमा बित्ने भएकाले तिनका लागि सिक्न समय ज्यादै कम हुन्छ । सीमित शिक्षकले मात्र विद्यार्थीहरूलाई समूह कार्यमा संलग्न गराउने विधिको अवलम्बन गर्दछन् ।

### ख. शिक्षकहरू विद्यार्थीको पढाइको स्तरअनुरूप शिक्षण गर्दैनन्:

शिक्षकहरूले विद्यार्थीको पढाइका क्षमतालाई वास्तै नगरी पाठ्य पुस्तकबाट पूर्वनिर्धारित क्रम र गतिमा पढाउने गर्दछन् । यसरी विद्यार्थीको पढाइ क्षमता र शिक्षकको शिक्षणबिच सामाञ्जस्य नहुनुको एउटा कारण शिक्षकहरूले पाठ्य पुस्तकको अनुसरण गरेर निर्धारित समयभित्र कोर्स पूरा गर्नैपर्ने बाध्यता पनि हो । शिक्षकले कुनै पाठ पढाइ सक्नका लागि पूर्वनिर्धारित चरणहरूका शृङ्खला पार गर्नुपर्दछ, जस्तै– विद्यार्थीले सुन्ने गरी पाठ्यांश पढ्नु, विद्यार्थीहरूलाई उच्चारण दोहोर्‍याउन लगाउनु, केही विद्यार्थीलाई पढ्न लगाउनु, पाठ्यांश तथा कठिन शब्दहरूको व्याख्या गरिदिनु र पाठ्य पुस्तकमा भएको बोध सम्बन्धी प्रश्नहरूको उत्तर बताउनु आदि । सबै विद्यार्थी पाठ पढ्न र बुझ्न सक्षम छैनन् भन्ने जान्दा जान्दै पनि शिक्षकले यी सब चरणहरू पार गर्नैपर्दछ । पाठ्य पुस्तकमा भएका पाठहरू अधिकांश विद्यार्थीको पढाइको स्तरभन्दा कठिन हुने भएकाले शिक्षकसँग अन्य विकल्प रहँदैन । अर्को समस्या भनेको प्रत्येक कक्षाका विद्यार्थीबिच पढाइको क्षमतामा ठूलो विविधता हुने र औसत क्षमता निर्धारण गर्न पनि कठिनाइ हुने भएकाले शिक्षकलाई कसको क्षमतालाई मानक मान्ने भन्ने जटिल प्रश्न उत्पन्न हुन्छ । विद्यार्थीको क्षमताभन्दा माथि रहने खालको शिक्षणको स्तरलाई सम्बोधन गर्नु अत्यन्त जरुरी छ ।

### ग. पढाइ सिप सिकाउने सन्तुलित र समग्र पद्धतिको खाँचो :

पढाइ सिपको शिक्षण-सिकाइसँग सम्बन्धित केही समस्याहरू :

- **स्पष्ट पहिचान भएका सिप सिकाउनुभन्दा विषय वस्तु सिकाउनमा बढी जोड**

  विद्यमान शिक्षण सिकाइका पद्धतिले भाषामा ध्वनि सचेतीकरण, शब्दहरूबिचको भिन्नता छुटउने तरिका, मौखिक भाषाको विकास, पूर्व लेखन सिप, छापाको अवधारणा, अक्षर र आवाजबिचको अन्तरसम्बन्ध, शब्दभण्डार, बोध तथा गति जस्ता पढाइका प्रारम्भिक सिकाइमा सहयोग गर्ने सिपको विकासमा भन्दा पाठ्य पुस्तक पढाइ सक्नमा बढी जोड दिन्छ ।

- **व्यवस्थित किसिमले डिकोडिङ सिकाइँदैन**

  विभिन्न क्रियाकलापका माध्यमबाट व्यवस्थित तरिकाले डिकोड गर्न नसिकाइने भएकाले विद्यार्थीलाई डिकोडिङको अभ्यास गर्न पर्याप्त अवसर मिल्दैन । प्रचलित विधिमा केबल दोहोर्‍याउने, शब्दोच्चारण गर्ने तथा बोर्डमा लेखिएका कुराको नक्कल गर्ने कुरा मात्र हुन्छ, त्यसले अक्षर र ध्वनिबिचको सम्बन्ध कायम गर्ने सिप विकासमा मदत गर्दैन ।

- **बोधलाई पर्याप्त जोड दिइँदैन**

शिक्षणको जोड केबल अभ्यास गराउन र पाठ सिध्याउनमा मात्र हुने भएकाले सिक्नुपर्ने सार तत्त्व अर्थात् बोधमा ध्यान दिइँदैन । शिक्षकहरू व्याख्यान गर्न रुचाउँछन् र हो/होइन जस्ता एक शब्दमा उत्तर आउने स्मरणमुखी प्रश्नमा जोड दिन्छन् । बोध तथा निष्कर्ष निकाल्नुपर्ने खालका प्रश्नहरूमा जोड दिँदैनन् ।

- **पढाइको उपलब्धिको नियमित परीक्षण गरिँदैन**

  कक्षामा हुने अन्तरक्रिया विद्यार्थीले पढाइ सिपका लागि निर्धारित लक्ष्य हासिल गरे नगरेकामा केन्द्रित नहुने भएकाले शिक्षकले विद्यार्थीहरू पढाइको कुन स्तरमा छन् भन्ने तथ्यप्रति ध्यानै नदिई एकोहोरो पाठ्य पुस्तक पढाउँछन् । निरन्तर मूल्याङ्कन प्रणालीले विद्यार्थीका सिकाइमा निरन्तर सुधारका लागि एउटा उपयुक्त ढाँचा प्रदान गर्दछ । तर यसका अवधारणगत अस्पष्टता; निरन्तर मूल्याङ्कनबाट प्राप्त तथ्यहरूको झन्झटिलो अभिलेखन प्रक्रिया; परीक्षणपश्चात् गर्नुपर्ने उपचारात्मक सहयोग विधिबारे अस्पष्टता तथा पाठ्यपुस्तक पढाइसक्नुपर्ने दबाव आदि कारणहरूले यस प्रणालीले शिक्षण सिकाइमा अझै राम्ररी जरा गाड्न सकिरहेको छैन । पढाइ सिपको परीक्षण गर्दा कक्षामा प्रयोग गरिने सामान्य परीक्षणभन्दा भिन्न प्रणालीको आवश्कता पर्दछ ।

- **पढाइ सिपमा उच्च विविधता भएका विभिन्न स्तरका कक्षा**

  एउटै कक्षामा पढाइ सिपको विविधता उच्च भएका विद्यार्थीलाई एकसाथ पढाउनु शिक्षकहरूका लागि चुनौतीपूर्ण कार्य हो । केही शिक्षकहरूले सीमित रूपमा स्तरअनुसारका समूह छुटयाएर पढाउने रणनीति अवलम्बन गरेको पाइए पनि भिन्न क्षमता भएका विद्यार्थीलाई कस्तो व्यवहार गर्ने भन्ने विषयमा शिक्षकको पेसागत विकास कार्यक्रमहरूले खासै ध्यान पुर्याएको पाइँदैन ।

- **पढाइको गति बढाउन सघाउने पाठ्य सामग्री तथा अभ्यासको खाँचो**

  विद्यार्थीले पर्याप्त अभ्यास गरेर पढाइको सिप वृद्धि गर्न पाउने सम्भावना वर्तमान शिक्षण प्रणालीमा सीमित मात्र छ । भर्खरै विद्यालय प्रवेश गरेका प्रारम्भिक तहका विद्यार्थीलाई पढाइका सिपको अभिवृद्धिका दृष्टिले अभ्यासका लागि उपयुक्त, सरल र स्तरअनुरूपका पाठ्य सामग्रीको अभाव छ ।

- **प्रचलित पठन पाठनको अभ्यासले विद्यार्थीलाई पाठको पुनरावलोकन गरी सिकाइलाई सुदृढ गर्ने र कमजोर विद्यार्थीका लागि उपचारात्मक शिक्षणको अवसर प्रदान गर्दैन**

पठन पाठनका अभ्यासहरू सिकाइ उपलब्धि सुनिश्चित गर्नमा केन्द्रित नहुने भएकाले विद्यार्थीलाई अभ्यास गर्ने, पाठको पुनरावलोक गर्ने तथा कमजोर विद्यार्थीका लागि थप सहयोग प्रदान गर्ने कुरामा आवश्यक समय तथा प्रयास गरिएको छैन ।

## १.३.२ अवसरहरू

बाल विकास तथा निरन्तर मूल्याङ्कन पद्धतिको विस्तारले विद्यालयहरूमा पढाइ सिप तथा सिकाइ उपलब्धिको विकास गर्ने वातवरण प्रवर्धन गर्नमा ठूलो योगदान मिलेको छ । यसका अतिरिक्त अन्तर्राष्ट्रिय र राष्ट्रिय गैर सरकारी संस्थाहरूको फैलँदो सञ्जालले केही कार्यक्रममार्फत पढाइ सिपको परीक्षण समेत गरिसकेका छन् । केही राष्ट्र सङ्घ लगायत यस्ता संस्थाहरूले मुलुकमा बाल विकास कार्यक्रमहरूको प्रवर्धन एवम् सुदृढीकरणमा उल्लेख्य योगदान पुर्‍याएका छन् । प्रभावकारी साबित भइसकेका यी अनुभवहरूलाई प्राथमिक शिक्षाको प्रारम्भिक तहमा सजिलैसँग अनुसरण गर्न सकिन्छ ।

सबैका लागि शिक्षा तथा सहस्राब्दी विकास लक्ष्य हासिल गर्न निधारित समयावधिसँग सामञ्जस्य कायम गराउने उद्देश्यले शिक्षा मन्त्रालयले हालसालै विद्यालय क्षेत्र सुधार कार्यक्रमको कार्यावधि आगामी दुई वर्षका लागि विस्तार गरेको छ । यसले सन् २०१५ पछिका शैक्षिक क्रियाकलापलाई सघाउ पुरयाउने खालका थोरै तर प्राथमिकता प्राप्त क्रियाकलापमा जोड दिएको छ । प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले नेपालमा हाल गति लिइरहेको छ र यो उपयुक्त कार्यक्रम पनि हो ।

प्राविधिक सल्लाहअनुसार विषयगत कार्य दल (Thematic working group) ले राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको अवधारणा पत्र तथा कार्यक्रमको मस्यौदा योजना तयार परिसकेको छ र यसमा शिक्षा मन्त्रालय तथा विकास साझेदारहरू सहमत पनि भइसकेको अवस्था छ । यो विषय नेपालको शिक्षा क्षेत्रमा नयाँ गतिका साथ आगामी कार्यक्रमका रूपमा आउनुपर्छ भनेर प्रा.क.प.का.लाई विद्यालय क्षेत्र सुधार कार्यक्रमको प्राथमिकता प्राप्त कार्यक्रमका रूपमा समावेश गरिएको छ । यस कार्यक्रमका लागि शिक्षा मन्त्रालय/शिक्षा विभागले छुटटै बजेट शीर्षक समेत पाइसकेका छन् ।

सबैका लागि शिक्षा तथा सहस्राब्दी विकास लक्ष्यले शिक्षामा पहुँच, समता तथा गुणात्मक उपलब्धिमा जोड दिएका छन् । पहुँचका क्षेत्रमा विश्वका धेरै विकासशील मुलुकहरूले उल्लेख्य सफलता हासिल गरिसकेका भए पनि गुणस्तर र सिकाइमा धेरै मुलुकहरू अझै पछाडि नै छन् । त्यसकारण पढाइ क्षमताको सुधारलाई सन् २०१५ पश्चात्का शैक्षिक कार्यक्रमको प्राथमिकता प्राप्त कार्यक्रमका रूपमा विश्वव्यापी रूपमै स्वीकार गरिएको छ ।

नेपालजस्तै अवस्था रहेका अन्य मुलुकहरूको प्रारम्भिक कक्षामा पढाइ सिपको सुधारमा केन्द्रित कार्यक्रमहरू निकै सफल साबित भइसकेका छन् । प्रारम्भिक कक्षामा पढाइ सिपको सुधारका कार्यक्रम कार्यन्वयनलाई सम्भव, कम खर्चिलो र मुलुकको विशिष्ट आवश्यकताको अनुकूल बनाउन विभिन्न साधन, विधि तथा विज्ञता उपलब्ध छन् ।

## २. प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको मुख्य अवधारणा

पढाइ भनेको लिखित पाठ्यांशलाई बुझ्ने क्षमता हो । पढाइभित्र दुई प्रक्रिया अन्तर्निहित हुन्छन् : शब्दको पहिचान र बुझाइ । शब्द पहिचानको सम्बन्ध डिकोडिङ सिपसँग सम्बन्धित छ भने बुझाइ वा बोधको सम्बन्ध पढेका कुराको सार ग्रहण गर्नेसँग । सिपयुक्त पढाइ भनेको स्पस्ट बुझ्ने गरी  गतिका साथ पढ्ने क्षमता हो । राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका सन्दर्भमा पढाइ सिपले सान्दर्भिक लेखाइसिप समेतलाई जनाउँछ ।

पढाइ र लेखाइ (साक्षरता) को सिप हासिल गर्नमा बाल बालिका परिचित भएको भाषाको प्रयोग सबैभन्दा प्रभावकारी हुन्छ । बाल बालिका परिचित भएको भाषा या त मातृभाषा हुन्छ या बाल बालिकाले सहज रूपले बुझ्न सक्ने अन्य भाषा । बाल बालिकाहरूको पहिलो भाषामा विविधता रहेको नेपालजस्ता मुलुकमा रा.प्रा.क.प.का. का सन्दर्भमा यस सिद्धान्तले महत्त्व छ । प्राथमिक शिक्षामा भाषाको प्रयोगका सम्बन्धमा विस्तृत अनुसन्धान तथा भाषा सिकाइ पद्धतिको गम्भीर अध्यनलाई आधार बनाएर तयार पारिएका विश्वव्यापी केही सिद्धान्तहरू तल दिइएका छन्:

**क. बच्चालाई उसको मातृभाषामा साक्षरता सिकाउनु सबैभन्दा उपयुक्त हुन्छ । मातृभाषा बाल बालिकाले राम्ररी बुझ्छन् र उपयुक्त गतिमा बोल्न सक्छन् ।** राम्ररी पढ्न सक्षम हुनका लागि बच्चाले भाषाको डिकोडिङमा उपयुक्त गति हासिल गर्नुपर्छ, साथै पढेका कुरा पनि राम्ररी बोध गर्न सक्नुपर्दछ । बच्चाले भाषा राम्ररी नबुझ्ेसम्म यसो गर्न सम्भव हुँदैन ।

**ख. बुझाइमा आधारभूत ज्ञान नभएसम्म अपरिचित भाषालाई शिक्षणको माध्यम बनाउनु हुँदैन ।** बच्चालाई अपरिचित भाषामा सिक्न बाध्य परियो भने उसले एकातिर नयाँ भाषा सिक्नु पर्ने र सँगसँगै अपरिचित भाषाका माध्यमबाट सिक्ने प्रयास गर्नुपर्ने दोहोरो मार खेप्नुपर्ने हुन्छ । अतः बच्चालाई पूर्ण रूपले अपरिचित वा अङ्ग्रेजी भाषा सिक्न दबाव दिइयो ऊ सिकाइबाट विच्छेद हुन्छ र उसले अबुझाइको चर्को भार खेप्नु पर्दछ । यसो गर्नु भनेको बच्चालाई सिकाइको अवसर वञ्चित गर्नुसरह हुन्छ ।

**ग. एउटा भाषामा सिकेका साक्षरताका सिपलाई उपयुक्त समयमा अर्को भाषामा सहजै स्थानान्तरणरण गर्न सकिन्छ ।**

घ. डर त्रासरहित सहज वातावरणमा सिकाइयो भने बाल बालिकाले पहिलो तथा दोस्रो कक्षामै दुई वा बढी भाषा बोल्न र बुझ्न सक्छन् । साक्षरताको शिक्षा प्राथमिक शिक्षाको ५ वर्षभित्र बिस्तारै पहिलो, दोस्रो र तेस्रो भाषामा क्रमागत रूपले दिनुपर्दछ ।

ङ. कम्तीमा पनि ५ देखि ८ वर्षसम्मको शिक्षा मातृभाषाका माध्यमबाट दिनुपर्दछ । प्राथमिक शिक्षाका पछिल्ला तहमा क्रमशः क्षेत्रीय र राष्ट्रिय भाषालाई पनि आंशिक

रूपले माध्यम भाषा बनाउनुपर्दछ । माध्यम भाषालाई पहिलो भाषाबाट दास्रो र दोस्रोबाट तेस्रोमा क्रमागत सङ्क्रमण गराइएमा सिकाइ सहज हुन्छ ।

च. एक वा दुई वर्षको पूर्व प्राथमिक शिक्षाले बाल बालिकाको मातृभाषाको मौखिक विकासमा सहयोग पुग्छ र मौखिक रूपमा दोस्रो भाषाको थालनीले कक्षा १ को पढाइ सिक्ने तयारीमा मद्दत दिन्छ ।

छ. प्रारम्भिक कक्षामा पढाइलाई विषयका रूपमा समावेश गरियो भने माथिल्ला कक्षाको सिकाइमा त्यसले मद्दत पुर्‍याउँछ ।

नेपालको भाषा शिक्षण सिकाइका प्रचलित नीति तथा अभ्यासहरू यी सिद्धान्तबाट निर्देशित छैनन् । रा.प्रा.क.प.का को सरोकार मूलतः प्रारम्भिक कक्षाहरूमा पढाइको शिक्षण तथा भाषाको विकास भएकाले यस दस्तावेजमा शिक्षण सिकाइको माध्यम भाषा बारे खासै चर्चा गरिएको छैन ।

## २.१ राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका प्रमुख सिद्धान्त

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका प्रमुख निर्देशक सिद्धान्त देहायअनुसार रहेका छन् । तिनलाई सामान्य सिद्धान्त र पढाइ सम्बन्धी सिद्धान्त गरी दुई भागमा वर्गीकरण गरिएको छः

### २.१.१ सामान्य सिद्धान्त

#### क. समतामूलक गुणस्तरको शिक्षा

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको मूल आधार समतामूलक गुणस्तरको शिक्षा हुने छ । उपयुक्त वातावरण दिएमा सबै बाल बालिका पढाइ र लेखाइ सिप सिक्न सक्षम हुन्छन् भन्ने मान्यतामा यस कार्यक्रमको ढाँचा तयार पारिएको हो । राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले कक्षाभित्र सबै बाल बालिकामा सिकाइ सुनिश्चित गर्ने रणनीति प्रवर्धन गर्ने छ ।

#### ख विद्यार्थीका लागि सिकाइमा बढी समय

विशेष रूपले पढाइसँग सम्बन्धित सिकाइउन्मुख शैक्षणिक ढाँचाको विकास गरिने छ, जसमा समग्र कक्षा शिक्षण, समूह तथा एकल क्रियाकलाप आदिलाई बढावा दिइने छ । उपयुक्त किसिमबाट अभ्यास पुस्तिका तयार पार्न सकियो र तिनको सही प्रयोग हुन सक्यो भने पनि विद्यार्थीको समय सिकाइ कार्यमा लगाउन सकिन्छ ।

### ग. विद्यार्थीको सक्रिय सिकाइ

सिकाइका काममा सक्रिय हुने अवसर मिल्यो भने विद्यार्थीको सिकाइ प्रभावकारी हुन सक्छ । केबल दोहोर्‍याउने, अनुकरण गर्ने तथा घोकाउनेमा अत्यधिक जोडले सिकाइको अपेक्षित नतिजा प्राप्त हुन सक्दैन । सक्रिय सिकाइको वातावरणमा विद्यार्थीलाई नियमित रूपले साना र चुनौतीपूर्ण काम गर्ने अवसर दिएमा र त्यस्ता काम गर्न उपयुक्त किसिमले सहयोग गरिएमा विद्यार्थीले राम्ररी सिक्न सक्छन् । प्रभावकारी सिकाइका लागि पूर्ण रूपले विषय वस्तु केन्द्रित नभई सिप केन्द्रित शिक्षण विधिको आवश्यकता पर्दछ ।

### घ. विद्यार्थीको सिकाइप्रति पद्धतिगत उत्तरदायित्व

बाल बालिकाको सिकाइका लागि निरीक्षण तथा शिक्षण सहयोगका सम्बन्धमा स्रोत व्यक्ति; कक्षा शिक्षणमा शिक्षक, पठन पाठनको अनुगमनलगायत घरमा बाल बालिकाको हेरचाह र सहयोमा अभिभावकको भूमिका महत्त्वपूर्ण हुन्छ । त्यसकारण बाल बालिकाको सिकाइप्रति स्रोत व्यक्ति, शिक्षक तथा अभिभावक सबै समान रूपले जबाफदेही हुने पद्धतिको विकास हुनु आवश्यक छ ।

### ङ. शिक्षकको पेसागत विकासको निरन्तरता

कक्षा शिक्षणको अभ्यासमा परिवर्तन सुनिश्चित गर्नका लागि शिक्षकको पेसागत विकास कार्यक्रमको निरन्तरता, पुनर्ताजगी तालिम, कार्यशाला, अन्तरक्रिया तथा नमुना पाठ प्रदर्शन तथा तत्स्थान प्राज्ञिक सहयोग, पाठ योजनाका लागि शिक्षक बैठक आदि महत्त्वपूर्ण हुन्छन् । तालिम प्रयोगात्मक  तथा कक्षा शिक्षणमा शिक्षकका लागि प्रत्यक्ष रूपले उपयोगी हुनुपर्छ; र बाल बालिकाले कसरी पढ्न सिक्छन् भन्ने विषयको ज्ञान दिन सक्नुपर्छ ।

### च. दोहोर्‍याउन र अभ्यास गर्न पर्याप्त समय

सबै विद्यार्थीलाई, खास गरी कमजोर विद्यार्थीलाई केन्द्र बिन्दुमा राखेर विद्यार्थीलाई दोहोर्‍याउन र अभ्यास गर्न पर्याप्त समयको प्रावधान राख्नुपर्छ ।

### ६. स्पष्ट लक्ष्यका आधारमा नियमित मूल्याङ्कन

मूल्याङ्कनको नतिजाका आधारमा शिक्षणको गतिलाई समायोजन गर्ने, थप परिमार्जन तथा शैक्षणिक विधिमा सुधार गर्ने ।

## २.१.२ पढाइ (र भाषा सम्बन्धी) सिद्धान्त

१. बाल बालिकाले तिनको पहिलो भाषामा साक्षरता हासिल गर्नुपर्छ ।  सुरुका चरणमा त्यसो गर्न सम्भव भएन भने निम्न लिखितअनुसार दोस्रो भाषाको प्रयोगमा निम्न लिखित सिद्धान्तको अनुसरण गर्नुपर्छ :गर्नुपर्छ

- विद्यार्थीको पहिलो भाषा बोल्न जान्ने द्विभाषिक शिक्षक हुनुपर्छ ।
- साक्षरता सिकाउनुभन्दा पहिले मौखिक सिप र आधारभूत शब्दभण्डारको विकासमा जोड दिनुपर्छ ।
- दोस्रो भाषामा तयार पारिएका सिकाइ सामग्री विद्यार्थीका लागि बोधगम्य हुनुपर्छ।
- विद्यार्थीको  पहिलो भाषाको प्रयोगलाई दुरुत्साहन गर्नुहुन्न ।

२. विद्यार्थीले आधारभूत दक्षता हासिल नगरेसम्म त्यस्ता अपरिचित भाषालाई माध्यम भाषाका रूपमा प्रयोग गर्न हुन्न ।

३. नेपाली भाषा (र विषयका रूपमा मातृभाषा पढाइ हुने स्थानमा मातृभाषाको शिक्षणलाई) प्रत्येक दिन पर्याप्त शिक्षण समय प्रदान गर्नुपर्छ । नेपाली भाषा शिक्षणका लागि १२ घण्टी प्रति हप्ता प्रदान गर्नँ श्रेयस्कर हुनेछ तर १० घण्टी प्रति हप्ताभन्दा कम कुनै पनि हालतमा हुनु हुँदैन । त्यसमध्ये आधा समय सस्वर वाचन, सामूहिक वाचन, शिक्षकद्वारा नमुना वाचन, दौँतरी वाचन, मौन वाचन तथा आनन्दका लागि वाचनजस्ता पढाइका क्रियाकलापलाई प्रदान गर्नुपर्छ ।

४. कक्षागत रूपमा पढाइका उपलब्धि सुनिश्चित गर्न समयबद्ध (प्रत्येक हप्ता, महिना र वर्षका लागि) लक्ष्य निर्धारण भएको कार्ययोजना तयार पार्न लगाई सोको पालनामा जोड दिनुपर्छ । यसरी तोकिएका आवधिक लक्ष्य बारे सबैलाई जानकारी गराउनुपर्छ  ।

५. पढाइ सिप र अर्थ बोध दुवैलाई सन्तुलित रूपमा जोड दिनुपर्छ ।

६.मौखिक भाषाको विकास तथा पढाइ र लेखाइबिच अन्तरसम्बन्ध रहन्छ र तिनीहरू एक अर्काको  विकासमा परिपूरक हुन्छन् । वास्तवमा पढाइका कार्यक्रमले भाषाका सबैखाले सिपको विकासमा बल प्रदान गर्नुपर्दछ ।

७. कक्षा १ र २ मा आवाज र सङ्केतको अन्तर सम्बन्धका लागि ध्वनि शिक्षणको आवश्यकता पर्दछ ।

८.पढाइको गति बढाउने काममा जोड दिनुपर्छ । यसका लागि पढाइ पत्ती, डिकोडेबल पाठ्यांश, कथाका पुस्तक लगायत स्तरअनुसार पढाइ सामग्रीको विकास गरी कक्षा कोठामा सधैँ उपलब्ध गराउनुपर्छ र तिनको प्रयोगमा जोड दिनुपर्छ। यस प्रकारका अभ्यास शैक्षणिक ढाँचाको अभिन्न अङ्ग हुनुपर्छ ।

९. बोधको उच्च तहको सिप विकासमा जोड दिनुपर्छ । कक्षा १ मै श्रुतिबोध मार्फत यस कार्यको थालनी गर्नुपर्छ ।

१०. मौखिक भाषा विकास, ध्वनि सचेतीकरण, छापाको अवधारणा, दृश्य भेद, स्वतन्त्र चित्र लेखन, पूर्वलेखन अभ्यास जस्ता आधारभूत सिपको विकासका लागि पर्याप्त समय प्रदान

गर्नुपर्छ । विद्यालय वा शिशु कक्षामा यस्ता पूर्व पठन तथा पूर्व लेखनका सिपको विकास गर्नुपर्छ । यसो गर्न सम्भव नभएमा यस्ता आधारभूत सिपका लागि कक्षा १ को प्रारम्भमा उचित समय छुट्याउन सकिन्छ ।

११. पढाइ सिप र बानीबिच निकटतम सम्बन्ध रहन्छ । प्रत्येक कक्षा कोठामा विविध, सरल र रुचिकर पढाइ सामग्री (खास गरी कथाका किताब) रहेको एउटा पढाइ कुना हुनुपर्छ । पढाइ कुनाको प्रयोगका लागि छुट्टै समय निर्धारण गरी सोको उपयोग गर्न लागि शिक्षकहरूको सहजीकरण आवश्यक हुन्छ । प्रारम्भिक कक्षापछि पढाइको बानीको निरन्तरताका लागि पुस्तकालयले सहयोग पुर्‍याउँछ । यसका अतिरिक्त पठनसँग सम्बन्धित प्रवर्धन क्रियाकलापले पढाइको बानी बसाउन र पढाइको महत्त्व बढाउन सहयोग पुग्छ ।

१२. विद्यालयमा र घरमा विद्यार्थीको पढाइको विकासमा परिवार तथा समुदायको संलग्नताले पनि पढाइको सिप र बानीको विकासमा मद्दत पुर्‍याउँछ ।

## ३. राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

नेपाल सरकार र विद्यालय क्षेत्र सुधार कार्यक्रमका सबै विकास साझेदारहरूले विद्यालय क्षेत्र सुधार योजनाको विस्तारित कार्यावधिमा पढाइ सिपको प्रवर्धनका लागि बलियो जग हाल्ने प्रतिबद्धता जाहेर गरेका छन् । यस कार्यक्रमको थालनी जुलाई २०१४ देखि गर्ने योजना छ । यस कार्यक्रम दस्तावेजमा नेपाल सरकारको राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका उद्देश्य, रणनीति, उपलब्धि तथा प्रतिफल उल्लेख गरिएको छ ।

### ३.१ कार्यक्रमको लक्ष्य

विद्यार्थीको सिकाइमा केन्द्रित भई शिक्षाको गुणस्तर सुधार गर्ने ।

### ३.२. कार्यक्रमको उद्देश्य

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको प्रमुख उद्देश्य कक्षा १ देखि ३ सम्मका सबै विद्यार्थीको पढाइ सिपको सुधार गर्नु हो । यी कक्षाका विद्यार्थीले बुझेर उपयुक्त गतिका साथ पढ्न सिक्नेछन् र पढेका विभिन्न पाठ्यांशहरूको अर्थ निकाल्न सक्नेछन् । समतामूलक सिकाइमा कार्यक्रमले जोड दिने हुनाले सबै विद्यार्थीको पढाइ सिपको अभिवृद्धि हुने छ ।

## ३.३ राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका प्रमुख अवयवहरू

राष्ट्रिय प्रारम्भिक कक्षा सिकाइ कार्यक्रमका समग्र रूपमा सात ओटा अवयवहरू छन् र ती प्रत्येकले मूलतः प्रारम्भिक कक्षामा पढाइमा केन्द्रित सिकाइ उपलब्धिको सुधारमा जोड दिने छन् । प्रत्येक विद्यालयका अवस्था फरक फरक भएको परिप्रेक्ष्यमा कुन विद्यालयमा कुन वा सबै अवयवहरू कार्यान्वित हुने भन्ने कुरा विद्यालयहरूलाई क, ख, र ग गरी तिन श्रेणीमा वर्गीकरण गरेर श्रेणीअनुरूप निर्धारण गरिने छ । कार्यान्वयन योजनामा विद्यालय वर्गीकरणका आधार परिभाषित गरिएका छन् ।

कार्यक्रमका प्रमुख अवयवहरू देहायअनुसार छन्:

१. प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको सुदृढीकरण
२. शैक्षणिक ढाँचा
३. सामग्री विकास, उत्पादन र वितरण
४. शिक्षकको पेसागत विकास र शैक्षणिक सहयोग
५. निरन्तर मूल्याङ्कन र उपचारात्मक सहयोग
६. सामुदायिक विकास र सहयोग
७. अनुसन्धान, अनुगमन र मूल्याङ्कन

### ३.३.१ प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको सुदृढीकरण

प्रारम्भिक बाल शिक्षा र विकास कार्यक्रमले विद्यार्थीको सिकाइ र सोको दिगोपनामा सकारात्मक प्रभाव पार्छ भन्ने यथार्थ थुप्रै अनुसन्धान तथा मूल्याङ्कनले स्थापित गरिसकेका छन् । प्रारम्भिक कक्षाहरूमा विद्यार्थीका पूर्व ज्ञान र तयारीले तिनको पढाइका सिपको प्रवर्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन् । सामान्यतया प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमहरूले पूर्व साक्षरता तथा पूर्व गणितीय सिपको प्रभावकारी विकास गराउन सहयोग गर्दछन् ।

विद्यालय क्षेत्र सुधार कार्यक्रमले सबै सामुदायिक विद्यालयहरूमा प्रारम्भिक बाल शिक्षा र विकास कार्यक्रमको विस्तारलाई उच्च प्राथमिकता प्रदान गरेअनुरूप राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले पनि यसलाई आफ्ना उद्देश्यको परिपूरक बनाउने छ। विद्यार्थीमा सुनाइ, बोलाइ तथा ध्वनि पहिचान गर्ने सिपको अभिवृद्धिमा केन्द्रित रहेर प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको पाठ्यक्रम पुनरावलोकन तथा परिमार्जन गराइने छ ।

प्रारम्भिक बाल शिक्षा तथा विकासका कार्यक्रम अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरू विद्यालय क्षेत्र सुधार कार्यक्रममा समावेश भइसकेकाले यहाँ प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको तल्लो तहसँगको सम्बन्ध दर्शाउन मात्र खोजिएको छ ।

### उद्‌देश्य

प्राथमिक शिक्षाका लागि तयारी

### प्रमुख नतिजा

- पूर्व विद्‌यालय उमेर समूहका बाल बालिकामा पूर्व साक्षरता सिप अभिवृद्‌धिका लागि प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको शैक्षणिक ढाँचाको र परिमार्जन भएको हुने ।

### रणनीतिहरू

प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमका नीति तथा निर्देशनको समग्र कार्य ढाँचाभित्र रही पाठ्‌यक्रम विकास केन्द्रले पूर्व साक्षरता तथा पूर्व गणितीय सिप विकासलाई केन्द्रित गरी बाल शिक्षा तथा विकास कार्यक्रमको विद्‌यमान पाठ्‌यक्रम तथा शैक्षणिक प्रक्रियाको पुनरावलोकन गर्ने छ ।

विद्‌यालय क्षेत्र सुधार कार्यक्रमको विस्तारित योजनामा पनि समावेश भएअनुसार बाल बालिकाहरूलाई राम्ररी निर्देश गर्दै प्राथमिक शिक्षाका लागि तयार गराउन सक्षम बनाउन पूर्व साक्षरता तथा पूर्व गणितीय सिपका सम्बन्धमा सहयोगी कार्यकर्ताहरूको क्षमताको अभिवृद्‌धि गर्न अभिमुखीकरण गरिने छ ।

## ३.३.२ शैक्षणिक ढाँचा

शैक्षणिक ढाँचाभित्र अपेक्षित उपलब्धि, विभिन्न सिप सिकाइका विधि, शिक्षणका क्रियाकलाप र त्यस क्रममा प्रयोग हुने शिक्षण सिकाइ सामग्री तथा निर्माणात्मक एवम् निर्णयात्मक मूल्याङ्‌कनका क्षेत्र र क्रम निर्धारण गरिएको हुन्छ ।

वर्तमान शैक्षणिक ढाँचामा विषय वस्तुको ज्ञानलाई अत्यधिक महत्त्व प्रदान गरिएको छ । कक्षा १ देखि ३ सम्म नेपाली, अङ्‌ग्रेजी, गणित, विज्ञान र अन्य दुई विषयसमेत गरेर ६ विषय पढाइन्छ । अङ्‌ग्रेजी, गणित र विज्ञान जस्ता विषयहरूलाई सामान्यतया कठिन विषय ठानिने गरेकाले ती विषयको पठन पाठनमा नेपालीभन्दा अधिक स्रोतको (शिक्षक, विद्‌यार्थी र समय) खपत हुन्छ ।

शैक्षणिक ढाँचामा विषयलाई प्रधानता दिनाले पढाइ, लेखाइ तथा बोधजस्ता आधारभूत सिप ओझेलमा पर्ने भएकाले यस्ता आधारभूत सिपलाई जोड दिने गरी पाठ्‌यक्रममा परिमर्जन आवश्यक छ । विषयगत ज्ञानलाई पछिल्ला कक्षाहरूमा जस्तै कक्षा ४ देखि समावेश गर्न सकिन्छ । अतः प्रारम्भिक कक्षाका उद्‌देश्यहरूलाई पढाइ, लेखाइ र बोधका सिपमै जोड दिने गरी किटान गर्नु आवश्यक छ ।

वर्तमान ढाँचाले कक्षामा पढाइ सिप सिकाउन समय दिएको पाइन्न । प्रारम्भिक कक्षाका बाल बालिकाका लागि ३४ घण्टी र ६ विषय भनेको चर्को बोझ हो । अतः प्रारम्भिक कक्षाहरूका लागि बढी विषयभन्दा बढी खेल तथा क्रियाकलापमा आधारित शैक्षणिक कार्य ढाँचामा जोड दिइनेछ ।

## उद्‌देश्य

सक्रिय सहभागिता, अन्तरक्रिया तथा रचनात्मकता मार्फत विद्‌यार्थीको सिर्जनात्मक सिकाइको प्रवर्धन गर्नु ।

## प्रमुख नतिजा

- यस कार्यक्रमको अन्त्यमा एकीकृत पाठ्‌यक्रम प्रयोगमा आएको हुने ।
- प्रत्येक कक्षामा पढाइ, लेखाइ र बोधलगायत तिन प्रकारका आधारभूत सिपका न्यूनतम सिकाइको सक्षमता परिभाषित भएको हुने ।
- कमजोर विद्‌यार्थीका लागि उपचारात्मक सहयोगको प्रावधानसहित निरन्तर मूल्याङ्‌कन पद्‌धतिको प्रभावकारी कार्यान्वयन भएको हुने ।
- शिक्षकहरू विद्‌यार्थीको सक्रिय सिकाइको सहजीकरणका लागि तयार भएको हुने ।
- शैक्षणिक कार्य ढाँचा प्रारम्भिक कक्षा पढाइ सिप कार्यक्रमको प्रमुख अवधारणा तथा सिद्‌धान्तसँग अनुकूलन भएको हुने । पढाइका सिपमा जोड दिन नेपाली विषयका लागि कम्तीमा ९० मिनेटको समय निर्धारण भएको हुने ।
- पढाइ, लेखाइ र बोधका आधारभूत सिपमा सबै विद्‌यार्थीले दक्षता हासिल गरेको हुने ।

## रणनीतिहरू

विषयगत ज्ञानमा केन्द्रित वर्तमान पाठ्‌यक्रमलाई आधारभूत सिपमा रूपान्तरण गरी सिकाइ उपलब्धिलाई स्पष्ट परिभाषित गर्न पाठ्‌यक्रम विकास केन्द्रले विज्ञहरूको एउटा टोली गठन गर्ने छ । विज्ञहरूको उक्त टोलीले वर्तमान पाठ्‌यक्रम, शैक्षणिक पद्‌धति, पाठ्‌य पुस्तक लगायत सरकारले उपलब्ध गराउने पाठ्‌य सामग्रीहरूको सान्दर्भिकताको समग्र पुनरावलोकन गर्ने छ ।

हाल नेपालमा के कति सामग्री उपलब्ध छन् भनी सर्वेक्षण गर्न युएसएआइडीले अध्ययन टोली खटाइसकेको छ । वर्तमान पाठ्‌यक्रममा आवश्यक परिमार्जन गर्नका लागि यस अध्ययनले मदत गर्ने छ । राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको कार्यान्वयन अवधिभित्र कक्षा १-३ का पाठ्‌यक्रमको परिमार्जन गरिने छ र त्यसलाई आधारभूत सिपमा केन्द्रित एउटा सिङ्‌गो प्याकेजमा एकीकृत गरिने छ ।

पाठ्यक्रम विकास केन्द्रले विज्ञहरूसँग परामर्श गरी साथी साथीबीच अन्तरक्रिया, कक्षामा शिक्षण सिकाइका अभ्यासमा विद्यार्थीहरूको सक्रिय सहभागिता, सामूहिक तथा वैयक्तिक क्रियाकलापको प्रवर्धन, अवलोकन तथा अवलोकन गरिएका घटनामाथि टिप्पणी आदिजस्ता कुरामा जोड दिने शैक्षणिक ढाँचाको विकास गरिने छ ।

प्राथमिक तहका कक्षा १ देखि ३ सम्म पढाइने सबै (कक्षा र भाषा) शिक्षकहरूलाई पढाइ सिप बारे तालिम दिइनेछ र परिणाम स्वरूप शिक्षकहरू विद्यार्थीलाई कक्षा क्रियाकलापमा सहभागी गराई अन्तरक्रिया गरी सिक्न अभिप्रेरित गर्ने सहजकर्ताको भूमिकामा बढी जोड दिने छन् । सिकाइ तथा सिर्जनात्मक कार्यमा सरिक हुन विद्यार्थीहरूलाई अभिप्रेरणा प्रदान गर्ने कार्यका लागि शिक्षकहरूलाई तयार पारिने छ ।

पढाइ, लेखाइ, र बोधका सिपलाई दृष्टिगत गरी प्रारम्भिक कक्षाहरूका पाठ्यक्रमका उद्देश्यहरूलाई मापनीय बनाइने छ । सिपको सिकाइमा बढी र विषय वस्तुमा कम जोड दिइने छ । यसले विविध खाले सामग्रीको विकासमा सघाउ पुर्‍याउने छ । प्राथमिक तहका सबै कक्षा तथा भाषाका शिक्षकहरूलाई पाठ्यक्रमका उद्देश्य र अपेक्षित उपलब्धिबारे पूर्ण रूपले परिचित गराइने छ ।

नेपाली भाषाका आधारभूत सक्षमता तथा पढाइ सिपको सुधारका लागि पाठ्यक्रम विकास केन्द्रले कक्षा १ देखि ३ सम्मका लागि विभिन्न प्रकारका सन्दर्भ सामग्रीहरूको विकास गर्ने छ । युएसएआइडीले हाल उपलब्ध पाठ्य सामग्रीको गुणस्तर तथा सान्दर्भिकताको अध्ययन गर्नका लागि एउटा स्थानीय संस्थासँग सम्झौता गरिसकेको छ । उक्त अध्ययनका नतिजाले पाठ्यक्रम विकास केन्द्रलाई प्रारम्भिक कक्षाका विद्यार्थीहरूका लागि चाहिने सामग्रीको प्रकार र गुणस्तरको आँकलन गर्ने आधारभूमि प्रदान गर्ने छ ।

निर्धारित अवधिमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नैपर्ने बाध्यकारी प्रावधान बनाइने छ । यस्तो परीक्षाका नतिजाका आधारमा कमजोर विद्यार्थीको सिकाइलाई ध्यानमा राखेर शिक्षण योजना निर्माण गर्न शिक्षकहरूलाई सहज हुनेछ । यस्ता मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन प्रणालीसँग आबद्ध गराइने छ । सिकाइका न्यूनतम सक्षमता हासिल गर्नमा पछाडि परेका विद्यार्थीका लागि उपचारात्मक सहयोग उपलब्ध गराइने छ ।

### ३.३.३ सामग्रीको विकास, उत्पादन र वितरण

धेरैजसो सामुदायिक विद्यालयहरूमा उपयुक्त पुस्तकालयको अभाव छ । बाह्य निकायका सहयोगमा स्थापित केही बाहेक प्राथमिक विद्यालयहरूमा पुस्तकालय छैनन् । त्यसकारण सामुदायिक विद्यालयहरूको शिक्षण सिकाइ अत्यधिक रूपले पाठ्य पुस्तकमा केन्द्रित छन् । सामान्यतः पाठ्यक्रमका उद्देश्यहरूलाई पाठ्य पुस्तकमा अनुवाद गरिएको छ र शिक्षकहरूलाई त्यस्तै पाठ्य पुस्तक पढाउन तालिम प्रदान गरिएको छ र परीक्षाहरू

पनि अत्यधिक रूपले पाठ्य पुस्तकमै निहित ज्ञानको परीक्षणमा केन्द्रित हुने गरेको छ । परिणामस्वरूप थप पढाइको आवश्यकता महसुस पनि गरिँदैन र वर्तमान विद्यालय शिक्षाको ढाँचाले पनि थप पढाइका लागि सहयोग गर्दैन ।

विद्यार्थीहरू विभिन्न सामाजिक-आर्थिक परिवेशबाट आउने भएकाले तिनको ज्ञानको स्तरमा विविधता हुनु स्वाभाविकै हो । अतः प्रत्येक विषयका लागि एउटा पाठ्य पुस्तकको प्रयोग अपर्याप्त र अनुपयुक्त हुन्छ । किनभने त्यस सामग्रीले विद्यार्थीको ज्ञानको स्तरअनुसार विषय वस्तु र सामग्रीको पनि स्तरणको आवश्यकतालाई सम्बोधन गर्न सक्दैन ।

अतः राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले प्रारम्भिक तहका विद्यार्थीको संज्ञानात्मक स्तर तथा तिनको विशिष्ट रुचि पत्ता लगाएर सोहीअनुसार सामग्रीको स्तरण र विकास तथा उत्पादनमा जोड दिने छ। कार्यक्रमको प्रारम्भिक अवस्थामा नेपाली भाषाका सामग्रीको विकास र उत्पादन गरिने छ र त्यसपछि क्रमशः अरु मातृभाषामा विस्तार गरिने छ । कक्षा १-३ का लागि उपयुक्त पाठ्य सामग्री भएको पुस्तकालय कुनाको प्रावधान गरेर विद्यालयहरूको स्तरोन्नति गरिने छ । कार्यक्रमले लिएको उद्देश्यको दिगोपनाका लागि अभिभावकहरूको भूमिका महत्त्वपूर्ण हुने भएकाले तिनलाई पढाइ कार्यक्रममा सहभागी हुन प्रोत्साहित गरिने छ ।

### उद्देश्य

पढाइ सिप र संस्कृतिको प्रवर्धन गर्न प्राथमिक विद्यालयहरूलाई तयार पार्नु

### प्रमुख नतिजाहरू

- सबै प्राथमिक विद्यालयमा पढाइ तथा शैक्षणिक सामग्री पर्याप्त मात्रमा उपलब्ध भएको हुने ।
- प्रत्येक विद्यालयका प्रारम्भिक तहका कक्षा १-३ मा पढाइका कुनाको व्यवस्था भएको हुने ।
- प्रत्येक विद्यालयका पढाइका कुनामा कम्तीमा ५० सेट शैक्षणिक तथा पाठ्य सामग्री शिक्षक तथा विद्यार्थी दुवैको प्रयोगका लागि सधैँ उपलब्ध भएको हुने ।
- विद्यार्थीहरूले घरमा अध्ययनका लागि निरन्तर रूपमा पाठ्य सामग्रीहरू लैजाने व्यवस्था

### रणनीतिहरू

पाठ्यक्रम विकास केन्द्रले प्रत्येक वर्ष कक्षा विशेष तथा विद्यार्थीको स्तरअनुसार उपयुक्त शैक्षणिक तथा पूरक पाठ्य सामग्रीको स्वीकृत सूची प्रकाशित गर्ने छ। हाल युएसएआइडीको सहयोगमा भइरहेको अध्ययनले बजारमा उपलब्ध सामग्रीको उपयुक्तता र गुणस्तर पत्ता लगाउन मद्दत पुग्ने छ ।

विभिन्न समुदाय र संस्कृतिको सिकाइ आवश्यकताको सम्बोधनका लागि धेरै खालका पाठ्य तथा शैक्षणिक सामग्रीहरू स्वीकृत गरिने छन् । सामग्रीहरूको छपाइ र वितरणमा लाग्ने समयको बचतका हिसाबले स्थानीय तहमा छपाइ तथा वितरणका सम्भावनाको खोजी गरिने छ ।

पाठ्यक्रम विकास केन्द्रले शैक्षणिक तथा पठन सामग्रीको छपाइका लागि मापदण्ड तथा निर्देशिकाको विकास गर्ने छ । सामग्रीको विकास, छपाइ र वितरणका लागि निजी तथा सार्वजनिक मुद्रकहरूलाई प्रतिस्पर्धा गराइने छ ।

## मुद्रित सामग्रीयुक्त कक्षा वातावरण

मुद्रित सामग्रीयुक्त कक्षा वातावरणले साक्षरता हासिल गर्न प्रोत्साहन दिनुका साथै उपलब्ध सामग्रीका प्रयोगको मूल्याङ्कन गर्ने अवसर पनि प्रदान गर्दछ। मुद्रित सामग्रीयुक्त कक्षामा विद्यार्थीहरू पढाइका सामग्री लगायत विभिन्न सामग्रीहरू बनाउन, व्यवस्थित गर्न तथा प्रदर्शन गर्न उत्साहित हुन्छन् । यसका लागि सामग्री प्रदर्शन गर्न पर्याप्त स्थानको व्यवस्था, प्रर्दशित सामग्री साना साना बाल बालिकाको पहुँचभित्र रहने र शिक्षकबाट ती सामग्रीको बरोबर प्रयोग हुने कुराको सुनिश्चित गरी कक्षा कोठाको वातावरणमा सुधार ल्याउनु आवश्यक छ ।

## उद्‌देश्य

प्रभावकारी शिक्षण सिकाइको प्रवर्धनका लागि अनुकूल कक्षा वातावरणको व्यवस्था गर्नु

## प्रमुख नतिजा

- सबै कक्षा तर विशेष गरी प्रारम्भिक कक्षा पढाइ तथा शैक्षणिक सामग्रीहरूका सजावटले सुन्दर र आकर्षक देखिएका हुने ।
- विद्यार्थीहरूले गरेका कामहरू राम्ररी प्रदर्शित भएका र तिनमा उनीहरूको सहज पहुँच भएको हुने ।
- प्रत्येक कक्षा कोठामा पढाइका उपयुक्त सामग्रीसहित पुस्तक कुना भएको अवस्था

## रणनीतिहरू

प्रत्येक प्राथमिक विद्यालयका कक्षा १-३ मा प्रति कक्षा ५० पुस्तक सहित पढाइका कुनाको व्यवस्था गरिने छ । विद्यार्थीको पढाइका सिप र बानी बढाउन प्रोत्साहनका लागि पढाइ कुनाको प्रयोग गर्नेबारे शिक्षकहरूलाई अभिमुखीकरण गरिने छ ।

सामग्रीहरूको उत्पादन गरी र प्रदर्शन गर्न विद्यार्थीहरूलाई अभिप्रेरित गर्ने सम्बन्धमा शिक्षकहरूलाई तालिम प्रदान गरिने छ । विद्यार्थीलाई आफ्ना कक्षाकोठा सफा र स्वच्छ राख्न शिक्षकहरूले अभिप्रेरित गर्ने छन् ।

## ३.३.४ शिक्षकको पेसागत विकास तथा शैक्षणिक सहयोग

विगतमा शिक्षकको पेसागत विकास कार्यक्रम अन्तर्गत तयार पारिएका विभिन्न मोड्युलका शिक्षक तालिम प्याकेजहरू मागमा आधारित हुने भए पनि पढाइका सिप सिकाउने तालिमको माग भने विद्यालयहरूले गर्ने गरेका थिएनन् । पढाइको सिप सिकाउन विशेष प्रकारका शिक्षण पद्धति र प्रक्रिया उपलब्ध छन् भन्ने विषयमा अधिकांश शिक्षकहरू सचेत नहुनाले पनि यसो भएको हो । त्यसै गरी अधिकांश प्राथमिक शिक्षकहरू अझै पनि पढाइका आधारभूत सिपको महत्त्व तथा पढाइ सिपको शिक्षण बारे अनभिज्ञ छन् । विद्यालय क्षेत्र सुधार कार्यक्रमको मध्यावधि मूल्याङ्कन लगायत थुप्रै अनुसन्धान प्रतिवेदनले विद्यालय निरीक्षण तथा शिक्षकहरूका लागि शैक्षणिक सहयोगको प्रभवकारिता बढाउनुपर्ने आवाज उठाउँदै आएको परिप्रेक्ष्यमा स्रोत व्यक्ति तथा विद्यालय निरीक्षकहरूलाई विद्यालय निरीक्षण र शिक्षक सहयोगका क्षेत्रमा केन्द्रित गर्न आवश्यक भएको छ ।

विद्यार्थीको सिकाइ सुधारका लागि आन्तरिक अनुगमन तथा प्राज्ञिक सहयोगको भूमिका महत्त्वपूर्ण हुन्छ । तालिमकै भरमा मात्र परम्परागत शिक्षण सिकाइका विधिमा परिवर्तन ल्याउन सहज छैन । यसका लागि शिक्षकहरूलाई नियमित अनुगमन, प्राज्ञिक सहयोग तथा बैठक एवम् छलफलहरूका माध्यमबाट कार्यक्रमका रणनीतिबारे अवगत गराउनु वाञ्छनीय हुन्छ ।

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले शिक्षकलाई बढीभन्दा बढी शैक्षणिक सहयोग प्रदान गर्न स्रोत व्यक्ति तथा विद्यालय निरीक्षकहरूको क्षमता वृद्धि गर्नुपर्छ भन्ने मान्यता बोकेको छ । यस सन्दर्भमा स्रोत व्यक्ति तथा विद्यालय निरीक्षकहरूको काम, कर्तव्य र उत्तरदायित्व सम्बन्धी नीति निर्धारण गर्न सघाउनका लागि शिक्षा विभागले स्रोत केन्द्रहरूको अध्ययन गर्न टोली खटाइसकेको छ । यसले योजनाकारहरूलाई शिक्षक, स्रोत व्यक्ति तथा निरीक्षकहरूका लागि तालिमका उपयुक्त नमुना निर्माणमा मद्दत पुग्ने अनुमान गरिएको छ ।

### उद्देश्य

शिक्षकहरूको गुणस्तर तथा सक्षमतामा सुधार ल्याउनु

### प्रमुख नतिजा

- कक्षा १-३ लगायत नेपाली विषयका समग्र प्राथमिक शिक्षकहरूले पढाइ सिप सिकाउने तालिम पाएको हुने ।
- मागअनुसार शिक्षकहरूले शैक्षणिक सहयोग पाएको हुने ।

### रणनीति

शिक्षक तालिम तथा प्राज्ञिक सहयोगका उपयुक्त नमुना निर्माणमा सहयोग पुरयाउन शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षकको पेसागत विकास कार्यक्रमको राष्ट्रव्यापी पुनरावलोकन गर्ने छ । यस सन्दर्भमा यसै आर्थिक वर्षदेखि प्रारम्भिक कक्षामा पढाइका सिप विकासका आवश्यकतासमेत समेट्ने गरी सर्वेक्षणका योजना निर्माणको प्रारम्भ भइसकेको छ ।

उक्त सर्वेक्षण प्रतिवेदनका आधारमा शैक्षिक जनशक्ति विकास केन्द्रले आवश्यकता अनुसार राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विज्ञहरूको सहयोगमा तालिमका नमुना तथा तालिम कसरी सञ्चालन गर्ने भन्ने  खाका तयार पार्ने छ । व्यापक कार्यान्वयनमा लैजानुपूर्व केही विद्यालयमा तालिमका प्रस्तावित मोड्युलहरूको परीक्षण गरिने छ । प्रशिक्षकका लागि प्रयोगकर्ता मैत्री तालिम निर्देशिका र शिक्षकका लागि सन्दर्भ सामग्रीका रूपमा प्रयोग हुने गरी प्रत्येक नमुनाका छुट्टा छुट्टै निर्देशिका तयार पारिने छ ।

प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका अवधिमा तालिमका मोड्युलका साथै शैक्षिक जनशक्ति विकास केन्द्रले प्राथमिक तहका कक्षा १-३ र नेपाली विषय पढाउने शिक्षकहरूका लागि समग्र तालिम योजनाको तर्जुमा गरी शैक्षिक तालिम केन्द्र तथा अगुवा स्रोत केन्द्रमार्फत प्रशिक्षक तालिम सञ्चालन गर्ने छ ।

शिक्षकका अतिरिक्त शैक्षिक जनशक्ति विकास केन्द्रले प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमका सहयोगी कार्यकर्ता तथा विद्यालयका प्रधानाध्यापकहरूका लागि प्रारम्भिक कक्षामा पढाइको सिप तथा व्यवस्थापन एवम् शिक्षण विषयक ७ देखि १० दिनको तालिम प्याकेज तयार पार्ने छ ।

यसै अवधिमा शैक्षिक जनशक्ति विकास केन्द्रले शैक्षिक तालिम केन्द्र, अगुवा स्रोत केन्द्र तथा स्रोत शिक्षकलगायत प्रणालीगत सुदृढीकरण गर्ने छ र समग्र व्यवस्थापन तथा शिक्षक एवम् अन्य सरोकारवालाहरूका लागि तालिम प्रदान गर्न संस्थागत क्षमता निर्माण गर्ने छ ।

शिक्षा विभागले विद्यालय निरीक्षण तथा शैक्षणिक सहयोगका लागि प्रत्येक स्रोत केन्द्रमा आवश्यक सङ्ख्यामा स्रोत शिक्षकहरूको व्यवस्था गर्ने छ । शैक्षिक जनशक्ति विकास केन्द्रले त्यस्ता स्रोत शिक्षकहरूको तालिमका लागि विशेष प्रकारका प्याकेज विकास गर्ने छ ।

## ३.३.५ विद्यार्थी मूल्याङ्कन

विद्यार्थीको प्रगतिको अनुगमन गर्न र कक्षाअनुरूप न्यूनतम दक्षता हासिल गराउन उपचारात्मक सहयोग प्रदान गर्नका लागि निरन्तर मूल्याङ्कन अत्यन्त महत्त्वपूर्ण छ । विद्यमान निरन्तर मूल्याङ्कन प्रणालीमा उल्लेखनीय सुधारको खाँचो छ । विद्यार्थी मूल्याङ्कनमा शिक्षकहरूको क्षमता बढाउनुपर्ने आवश्यकता  छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले राष्ट्रिय स्तरमा कक्षा १, ५ र ८ का विद्यार्थीका पहिलो चरणको उपलब्धि मापन गरिसकेको छ र कक्षा ८ को नतिजासमेत प्रकाशित भइसकेको छ। अब कक्षा ३ र ५ को पनि चाँडै प्रकाशित हुँदै छ। यो परीक्षण उच्च स्तरको भएकाले यसको नतिजाको पनि सबै सरोकारवालाहरूले उच्च तरिकाले स्वीकार गरेका छन्। शैक्षिक गुणस्तर परीक्षण केन्द्रले क्षमता अभिवृद्धि गरी कक्षा १-३ का विद्यार्थीको परीक्षणलाई पनि यसको नियमित कार्यक्रममा समावेश गर्नु अबको आवश्यकता हो।

प्रारम्भिक कक्षामा पढाइका सिप सुधारका लागि विद्यार्थीको सिकाइको नियमित परीक्षण गरी कक्षागत रूपमा निर्धारण गरिएका न्यूनतम सिकाइ सक्षमताको उपलब्धिमा देखिएका कमी कमजोरी निराकरण गर्न उपचारात्मक सहयोगलाई पनि सँगै अगाडि बढाउन जरुरी छ। केही समययता प्रारम्भिक कक्षामा निरन्तर मूल्याङ्कन प्रणालीको अवलम्बन हुँदै आएको भए तापनि अधिकांश विद्यालयहरूले नियमित तथा आवधिक परीक्षालाई नै विद्यार्थीको कक्षोन्नतिको आधार बनाउने प्रचलनलाई निरन्तरता प्रदान गरिरहेका छन्। यसबाट विद्यमान प्रचलन र निरन्तर मूल्याङ्कन प्रणालीबिचको सम्बन्ध सूत्र विच्छेदित भएको अवस्था रहेको आभास मिल्छ।

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले विद्यार्थी परीक्षणको प्रक्रियाका जटिलतालाई सरलीकृत गर्नुका साथै उपचारात्मक सहयोग तथा शिक्षक तालिमको प्रावधान मार्फत प्रारम्भिक कक्षामा निरन्तर मूल्याङ्कन प्रणालीको सुदृढीकरण गर्ने छ।

## उद्देश्य

सबै विद्यार्थीमा कक्षागत न्यूनतम सिकाइ सक्षमता सुनिश्चित गर्नु

## प्रमुख नतिजा

- सबै विद्यार्थीले कक्षाअनुसार न्यूनतम सिकाइ सक्षमता हासिल गरेको हुने।

## रणनीति

खास गरी प्रारम्भिक कक्षामा पढाइ सिप परीक्षण गर्ने साधनको निर्माण र विकासका दृष्टिले पाठ्यक्रम विकास केन्द्र तथा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको क्षमताको विकास गराइने छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रारम्भिक कक्षाका विद्यार्थीको नियमित तथा स्वतन्त्र परीक्षणका रणनीतिको आवधिक योजना विकास गर्ने छ।

हालै युएसएआइडीको सहयोगमा ३२ जिल्लामा परीक्षण गरिएका साधन र प्रक्रियालाई शैक्षिक गुणस्तर परीक्षण केन्द्रले संस्थागत गर्ने छ। विद्यार्थीको नियमित परीक्षणमा ती साधन तथा प्रक्रियाको प्रयोग तथा व्यवस्थापन क्षमता वृद्धि गर्न शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई आवश्यक सहयोग उपलब्ध गराइने छ।

निर्धारित साधन तथा प्रक्रियाको प्रयोग गरेर विद्यालयहरूले नियमित तथा आवधिक परीक्षा सञ्चालन गर्ने छन् । शैक्षिक जनशक्ति विकास केन्द्रले शैक्षिक गुणस्तर परीक्षण केन्द्रसँग सहकार्य गरी शिक्षकहरूका लागि सिकाइको प्रगतिको नियमित परीक्षण सम्बन्धी ३ देखि ५ दिनको मोड्युलर तालिमका प्याकेज विकास गर्नेछ र तिनमा निरन्तर मूल्याङ्कन पद्धतिका अवयवहरू पनि समावेश गर्ने छ ।

प्रारम्भमा पाठ्यक्रम विकास केन्द्रले भिन्न भिन्न लक्ष्यका लागि कक्षा कोठामा शिक्षक वा अन्य प्राज्ञिक व्यक्तिले प्रयोग गर्नका लागि प्रश्नहरूको विकास गर्ने छ । पाठ्यक्रम विकास केन्द्रले प्रश्न निर्माणमा सहयोग पुगोस् भन्ने हेतुले सरल निर्देशिका पनि तयार पार्ने छ । पछि गएर जिल्ला कार्य दल र स्रोतकेन्द्रले यस्ता थप प्रश्नहरूको विकास गर्न सक्ने छन् ।

### ३.३.६ अनुगमन, मूल्याङ्कन तथा अनुसन्धान

केन्द्रदेखि विद्यालय तहसम्म नियमित अनुगमनका लागि शिक्षा मन्त्रालय तथा विभागमा संरचना तयार छन् । विद्यालयका प्रत्येक समूहबिच अनुगमन तथा प्राज्ञिक सहयोगका लागि स्रोत व्यक्ति सहित स्रोत केन्द्रहरूको प्रावधान गरिएको छ । यस अतिरिक्त विद्यालय निरीक्षणका लागि जिल्ला शिक्षा कार्यालयमा आधारित विद्यालय निरीक्षकहरूको व्यवस्था छ । यस विशेष व्यवस्थाले विद्यालय तथा शिक्षकहरूलाई शैक्षणिक विकासमा सहयोग प्रदान गर्दछ । तथापि हाल प्रति स्रोत केन्द्र विद्यालयहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि हुनुका साथै जिल्ला शिक्षा कार्यालयहरूको प्रशासनिक बोझमा पनि निरन्तर वृद्धि भइरहेको र सोको व्यवस्थापनमा समेत स्रोत व्यक्ति तथा विद्यालय निरीक्षकहरूको संलग्नता बढ्दो रूपमा रहेकाले तिनको काम, कर्तव्य र उत्तरदायित्वको सामयिक पुनरावलोकन गर्नु अवश्यक देखिएको छ ।

शिक्षा मन्त्रालय तथा शिक्षा विभाग दुवैले शिक्षाका सामयिक मुद्दामा अनुसन्धानका लागि बजेट छुट्याएका छन् । विगत केही वर्षयता शिक्षा मन्त्रालय तथा शिक्षा विभागले गराएका अनुसन्धान तथा मूल्याङ्कनका प्रतिवेदनले गरेका सिफारिस तथा सुझावहरूले योजना तथा कार्यक्रम तर्जुमामा उचित स्थान पाइरहेका छन् । राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयनका अवधिमा अनुसन्धान तथा मूल्याङ्कन गरिने र प्राप्त सिफारिस एवम् सुझावहरूको प्रयोग गर्न शिक्षा मन्त्रालय तथा शिक्षा विभागको क्षमता वृद्धि गरिने छ ।

प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि तालिम प्राप्त व्यक्तिहरूद्वारा उपयुक्त साधन तथा सरल एवम् सुगम प्रक्रियाको अवलम्बन गरी उपयुक्त समयभित्र अनुगमन गराइने छ । यस सन्दर्भमा स्रोत केन्द्र तथा स्रोत व्यक्तिहरूको भूमिका

टड्कारो हुन आउँछ । तथापि पहिल्यै चर्चा गरिएझैँ स्रोत व्यक्तिहरूको कार्यबोझ अहिल्यै धेरै भएकाले प्रारम्भिक कक्षाहरूका शिक्षकहरूलाई नियमित शैक्षणिक सहयोग सुनिश्चित गर्न थप र बढी लक्षित सहयोगको आवश्यकता पर्ने छ ।

अतः शिक्षकहरूलाई उचित समयभित्रै अनुगमन तथा शैक्षणिक सहयोग सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने छ । यस सन्दर्भमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैससले विद्यार्थीको साप्ताहिक प्रगतिको अनुगमनका लागि बाहिरी सामुदायिक परिचालकहरूको प्रयोग गरी नियमित विद्यालय निरीक्षण गराउने र तुरुन्तै शिक्षकहरूलाई शैक्षणिक सहयोग उपलब्ध गराउने गरेको अनुभव बढी सान्दर्भिक हुन सक्छ ।

## उद्‌देश्य

कक्षामा गुणस्तरीय पठन पाठन मार्फत विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्नु ।

## प्रमुख नतिजा

- उपयुक्त साधन तथा प्रक्रिया मार्फत विद्यालयहरूको नियमित अनुगमन गरिएको हुने ।
- शिक्षणमा सुधारका लागि समयमै शिक्षकले सहयोग प्राप्त गरेको हुने ।

## रणनीति

कार्यान्वयनको पहिलो चरणका जिल्लाहरूमा प्रारम्भिक कक्षा पढाइको नियमित अनुगमन तथा निरीक्षणमा सहयोगका लागि शिक्षा मन्त्रालय/शिक्षा विभागले प्रति स्रोत केन्द्र ३ स्रोत शिक्षकको नियुक्ति गर्ने छ । स्रोत व्यक्ति तथा विद्यालय निरीक्षकका साथै यस्ता स्रोत शिक्षकहरूलाई शैक्षिक जनशक्ति विकास केन्द्र मार्फत प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको अनुगमन, अनुगमनका साधनको प्रयोग तथा अनुगमनका प्रक्रियाबारे तालिम प्रदान गरिने छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले पाठ्यक्रम विकास केन्द्रको सहकार्यमा विद्यार्थीको प्रगति मूल्याङ्कन तथा अनुगमनका सरल साधनहरूको विकास गर्ने छ । तिनको प्रयोग गरेर स्रोत शिक्षकहरूले विद्यालयको महिनामा दुई पटक निरीक्षण गर्नेछन् र विद्यार्थीका सिकाइको प्रगति स्थिति सहित सम्बन्धित स्रोत केन्द्रमा निरीक्षण प्रतिवेदन बुझउने छन् ।

आवश्यकताअनुसार अनलाइन डेटा प्रविष्टि गर्न सक्षम पार्न प्रत्येक स्रोत केन्द्रलाई सुदृढ (कम्प्युटर, इन्टरनेट) बनाइने छ । स्रोत शिक्षकहरूले अनलाइन प्रणालीबाट डेटा नियमित रूपले राख्छन् । अधिकांश जिल्ला शिक्षा कार्यालयका शैक्षिक सूचना व्यवस्थापन प्रणालीका लागि अनलाइन प्रविष्टिका सफ्टवेयरको विकास भइसकेको छ । यसै प्रणालीलाई विद्यार्थीको सिकाइ उपलब्धि सम्बन्धी तथ्याङ्क प्रविष्ट गर्नमा पनि प्रयोग गर्दा किफायती हुनेछ । जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय तथा शिक्षा विभागले चाहेका बखत

विद्यार्थीको सिकाइ प्रगति सम्बन्धी सूचनाको प्रयोग गर्न सकून् भन्नका लागि तिनलाई पनि यस प्रणालीमा आबद्ध गराइने छ ।

जिल्ला कार्य दलको भूमिका बढाएर विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घलाई परिचालन गराई साधारणतया स्थानीय तहमा विद्यालयको प्रगतिको र विशेष रूपले प्रारम्भिक कक्षाका पढाइका सिपको अनुगमन सम्बन्धी तालिम प्रदान गरी राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको कार्यान्वयन प्रभावकारी बनाइने छ ।

## अनुगमन

विद्यालय, स्रोत केन्द्र, जिल्ला शिक्षा कार्यालय र केन्द्र गरी जम्मा चार तहमा अनुगमन सम्पन्न गरिने छ ।

**विद्यालय तहः** प्र.अ., विव्यस तथा शि.अ.सङ्घका सदस्यहरूबाट शिक्षक-विद्यार्थीको नियमितता, महिनामा कक्षा सञ्चालन भएका दिन, विद्यालयमा स्रोत शिक्षक, स्रोत व्यक्ति, विद्यालय निरीक्षक तथा जिशिअले निरीक्षण गरेका पटक जस्ता सूचकमा सरल प्रक्रिया मार्फत आधारभूत अनुगमन गरिने छ । यसका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सरल खालका अनुगमन साधनको विकास गर्ने छ । शिक्षा विभाग/पाठ्यक्रम विकास केन्द्र तथा शैक्षिक जनशक्ति विकास केन्द्रले प्रअ, विव्यस तथा शि.अ.सङ्घका सदस्यहरूलाई तालिम प्रदान गर्ने छन् ।

**स्रोत केन्द्र तहः** समूह विद्यालयहरूको अनुगमन गर्ने पहिलो जिम्मेवारी स्रोत केन्द्रको हुने छ । यसका लागि प्रत्येक स्रोत केन्द्रमा ३ जना स्रोत शिक्षकहरूको सहयोग उपलब्ध गराइने छ । समूह विद्यालयहरूलाई उप समूहमा विभाजित गरेर स्रोत शिक्षकहरूले प्रति महिना घटीमा दुई पटक स्तरीय परीक्षण सूची तथा फारामहरूको प्रयोग गरेर विद्यालय निरीक्षण गर्ने छन् । सङ्कलित सूचनाहरू सम्बन्धित स्रोत शिक्षकले स्रोत केन्द्र स्थित अनलाइन प्रणालीमा राख्ने छन् ।

**जिल्ला तहः** प्रत्येक जिल्लाले अनुगमन टोली गठन गरी छनिएअनुसार विद्यालयको निरीक्षण गरी राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयनको स्थिति लगायत शिक्षक तथा विद्यार्थीको कार्य सम्पादनको अवलोकन गरिने छ । जिशिका तथा स्रोत केन्द्रका तथ्याङ्कको आधिकारिकताको सत्यापनका लागि जिल्ला कार्य दललाई जिम्मेबार बनाइने छ ।

**केन्द्रीय तहः** केन्द्र स्तरमा शिक्षा मन्त्रालयको अनुगमन महाशाखाको समन्वयमा शैक्षिक जनशक्ति विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र तथा शिक्षा विभागका पदाधिकारी सहितको राष्ट्रिय कार्य दलले जिल्ला, स्रोत केन्द्र तथा विद्यालयहरूको नियमित निरीक्षण गरी राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयनका प्रशासनिक तथा प्राज्ञिक मुद्दाहरूबारे

पृष्ठपोषण सङ्कलन गर्ने छ। सामग्रीहरूको वितरण, प्रधानाध्यापकहरूको तालिम, विव्यसबाट भएका सहयोग, नयाँ चरणका कार्यक्रमको तयारी जस्ता कार्यान्वयनका प्रशासनिक मुद्दामा शिक्षा विभागको अनुगमन बढी केन्द्रित हुने छ भने राष्ट्रिय कार्य दल र पाविके, शैजविकेका अन्य कर्मचारीहरू कक्षा सम्बन्धी गतिविधिमा केन्द्रित रहने छन् ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले कक्षा गतिविधिमा आधारित सरल खालका अवलोकन साधनको विकास गर्ने छ । विद्यार्थीको पढाइ सिपको स्वतन्त्र वा तेस्रो पक्ष परीक्षणमा समेत तिनको उपयोग हुने छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रतिवेदनले औँल्याएका तथ्यहरूले प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको थप सुधारका लागि पृष्ठपोषणको काम गर्ने छन् ।

प्रत्येक विद्यार्थीको सिकाइ उपलब्धिको स्तर उच्चतम बिन्दुमा कायम राख्न स्रोत व्यक्ति, विद्यालय निरीक्षक, विव्यस तथा शि.अ.सङ्घका सदस्यहरूलाई मदत पुर्‍याउन शैक्षिक जनशक्ति विकास केन्द्र तथा शिक्षा विभागले उनीहरूलाई आवश्यक तालिम तथा अभिमुखीकरण प्रदान गर्ने छन् ।

### उपलब्धि तथा प्रभावको मूल्याङ्कन

शिक्षा विभागको अनुसन्धान तथा अनुगमन शाखाले आफ्नो नियमित कार्यक्रममा मूल्याङ्कन तथा प्रभावको अध्ययनलाई समावेश गर्ने छ । शाखाले मूल्याङ्कन तथा प्रभावको अध्ययनमा धेरै जसो तेस्रो पक्षको संलग्नतामा गराउने छ ।

प्रति वर्ष मूल्याङ्कन तथा प्रभाव अध्ययन गर्नुपर्ने क्षेत्रको चयन राष्ट्रिय कार्य दलले गर्ने छ । यस्ता अध्ययनहरू मूलतः आवधिक र विषय विशेषमा आधारित हुने छन् । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले निर्धारित समयको अत्तरालमा लामो समयमा गरिने तथा राष्ट्रिय स्तरका प्रारम्भिक कक्षा पढाइ परीक्षण (प्राकपप) गर्ने छ । यस प्रकारका परीक्षणका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रारम्भिक कक्षा पढाइ परीक्षणका अन्तर्राष्ट्रिय स्तरका साधनको प्रयोग गर्ने छ, जसका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रको क्षमताको अभिवृद्धि गरिने छ । राप्राकपकाको कार्यान्वयनको मध्यतिर शिक्षा विभागले निर्धारण गरेका कार्य विधिका आधारमा परामर्शदाता नियुक्त गरी मध्यावधि र कार्यक्रमको अन्त्यमा अन्तिम मूल्याङ्कन गराइने छ ।

## ३.३.७ समुदाय तथा परिवारको संलग्नता

समुदाय तथा परिवारको संलग्नताले बाल बालिकाको सुनाइ तथा पढाइका आधारभूत सिपको विकासमा ठूलो योगदान दिन सक्छ । ग्रामीण क्षेत्रका अभिभावकहरू निरक्षर रहने

वा साक्षर भए पनि प्रारम्भिक पढाइ सिपबारे जानकार नहुने भएकाले तिनलाई अभिभावक शिक्षाको प्रबन्ध मिलाई घरमा बाल बालिकाका पढाइमा सहयोग गर्ने क्षमता बढाउनु आवश्यक हुन्छ ।

## उद्देश्य

विद्यार्थीको सिकाइमा समुदाय तथा परिवारको संलग्नता अभिवृद्धि गर्नु

## प्रमुख नतिजा

- कार्यक्रम सम्बद्ध विद्यालयमा विव्यस तथा शि.अ.सङ्घ पूर्ण रूपले सक्रिय भएको हुने ।
- विद्यालयमा नियमित रूपले अभिभावक भेलाको आयोजना भएको हुने ।
- विद्यालयका कार्यक्रममा ७० प्रतिशतभन्दा बढी अभिभावकहरू उपस्थित भएको हुने ।

## रणनीति

प्रधानाध्यपक, शिक्षक तथा स्रोत व्यक्ति मार्फत कार्यान्वयन हुन सक्ने खालका विद्यालयमा आधारित क्रियाकलापहरूलाई प्राथमिकता प्रदान गरिने छ, जस्तै :

- नेपाली भाषा तथा मातृभाषा सिकाइको महत्त्वबारे सचेतना अभियान
- कार्यक्रम कार्यान्वयन प्रारम्भ हुनुपूर्व वातावरण निर्माणका लागि प्रधानाध्यापक, शि.अ.सङ्घ तथा विव्यससँग बैठक तथा जिविस एवम् गाविससँग बैठक
- विद्यार्थीको प्रगतिबारे अभिभावकसँग त्रैमासिक छलफल
- पढाइका सम्बन्धमा अभिभावकको २ घण्टे कार्यशाला लगायत वर्षको २ पटक पढाइ उत्सव
- कथा तथा सस्वर वाचनका निमित्त समुदायका सदस्यहरूद्वारा कक्षा अवलोकन

शि.अ.सङ्घ तथा विव्यससँगका बैठकमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम र त्यस सम्बन्धी उनीहरूका अपेक्षाबारे छलफल गर्न सकिन्छ । विद्यालय सुधार योजनामा पनि प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका प्राथमिकता तथा पढाइमा सहयोग पुर्‍याउने कार्यक्रम राख्न सकिन्छ ।

विद्यालयहरूलाई नियमित रूपमा अभिभावक भेलाको आयोजना गर्न प्रोत्साहित गरिने छ । साथै प्रारम्भिक कक्षाका बाल बालिकाका अभिभावकलाई आलोपालो गरी विद्यार्थीका कक्षाको अवलोकन गर्न लगाएर बाल बालिकालाई कक्षाका गतिविधिमा सक्रिय सहभागी हुन प्रोत्साहित गरिने छ ।

## ४. क्रियाकलाप, लगानी र उपलब्धि

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको लगानी, उपलब्धि र परिणामको सूचकसहितको सोच तालिका तल प्रस्तुत गरिएको छ।

तालिका १: राप्राकपकाको लगानी र उपलब्धिको व्याख्या

| अन्तिम उपलब्धि | | |
|---|---|---|
| • तोकेअनुसार विद्यार्थीले पढाइका आधारभूत सिप हासिल गर्ने (अल्पकालीन, १-२ वर्ष)<br>• विद्यार्थीमा पुस्तक पढ्ने रुचिको बढोत्तरी हुने (दीर्घकालीन, ३-५ वर्ष) | | |
| मध्यमकालीन उपलब्धि | | |
| **पढाइ शिक्षणमा सुधार** | **पद्धतिगत क्षमता अभिवृद्धि र राप्राकपका मा सहयोग** | **पढाइमा समुदाय तथा परिवारको सहयोग** |
| (शिक्षण प्रक्रिया र राप्राकपका का अपेक्षाबिच सामञ्जस्य)<br>• पढाइ शिक्षणमा प्रभावकारिताको वृद्धि<br>• पढाइ तथा शिक्षण सामग्री माथिको पहुँच र प्रयोगमा वृद्धि<br>• कक्षामा मुद्रित सामग्री उपलब्ध हुने वातावरण<br>• सिकाइ क्रियाकलापमा विद्यार्थीको सक्रिय सहभागिता (काममै बढी समय दिने)<br>• नियमित मूल्याङ्कन र प्राप्त नतिजाको शिक्षणमा उपयोग<br>• सबै विद्यार्थीको सिकाइमा ध्यान केन्द्रित<br>• कमजोर विद्यार्थीको सिकाइ सुधारमा जोड | समग्र पद्धतिमाराप्राकपका को र पढाइको महत्त्वको बढ्दो बोध<br><br>निरीक्षण तथा अनुगमनमा सुधार<br><br>राप्राकपका लाई राष्ट्रिय तथा जिल्ला स्तरमा प्राथमिकतामा राखिएको<br><br>सामग्रीको उत्पादन, खरिद, तथा वितरणको प्रभावकारी व्यवस्था<br><br>कार्य तालिकाअनुरूप पढाइको राष्ट्रिय परीक्षण | नेपाली र मातृभाषामा पढाइको महत्त्व बारे बढ्दो चेतना<br><br>बाल बालिकाको पढाइप्रति बढ्दो रुचि<br><br>घरमा बाल बालिकाको पढाइमा बढ्दो सहयोग |

| प्रमुख लगानी/अवयवहरू | | | | | |
|---|---|---|---|---|---|
| **पाठ्यक्रम र शैक्षणिक ढाँचा** | **सामग्री, विकास, उत्पादन र वितरण** | **शिक्षकको पेसागत विकास** | **नियमित अनुगमन, मूल्याङ्कन र अनुसन्धान** | **राप्राकपकाको राष्ट्रिय तथा जिल्लागत संरचनाको क्षमता अभिवृद्धि** | **समुदाय तथा परिवारको संलग्नता** |
| एकीकृत पाठ्यक्रम<br><br>शिक्षण सिकाइमा क्रमबद्धता<br><br>सिकाइको स्पष्ट लक्ष्य<br><br>नियमित मूल्याङ्कन<br><br>पाठ्य पुस्तक लगायत शिक्षण विधि, क्रियाकलाप तथा सामग्रीको प्रयोग सहितको पाठयोजना<br><br>पढाइ सिपमा जोड<br><br>कमजोर विद्यार्थीका लागि पाठको पुनरावृत्ति तथा सिकाइमा सहयोग<br><br>सरल शिक्षक निर्देशिका | शिक्षण सामग्री<br><br>शैक्षणिक ढाँचाको अंशका रूपमा पुस्तक तथा पठन सामग्री<br><br>कक्षाकोठा तथा पुस्तकालयका लागि पुस्तक | मूल तथा पुनर्ताजगी तालिम<br><br>नियमित प्राज्ञिक सहयोग | निर्माणात्मक मूल्याङ्कन<br>निर्धारित लक्ष्यअनुसार परीक्षा र साथै पुनरावृत्ति/उपचारात्मक सहयोग<br><br>अनुगमन भ्रमणका क्रममा परीक्षा<br><br>जिल्ला तथा स्रोतकेन्द्र स्तरमा रा.प्रा.क.प. को अनुगमनलाई प्राथमिकता | प्रतिबद्ध कार्यटोलीको निर्माण तथा सघन तालिम/अभिमुखीकरण | विद्यार्थीको प्रगति समीक्षाका लागि अभिभावक शिक्षक सङ्घको बैठक<br><br>पढाइ उत्सव<br>घरमा पढाइको महत्त्व कति छ भन्ने बारे अभिभावकसँग कार्यशाला |

## **प्राथमिक** न्यूनतम सर्तहरू

- नेपाली भाषा विषयका लागि शैक्षणिक समय वृद्धि
- सबै विद्यालयमा प्राथमिक न्यूनतम सर्तहरूको सुनिश्चितता विशेष गरी विद्यार्थी-शिक्षकको उपयुक्त अनुपात
- विद्यालय सञ्चालन र शिक्षक उपस्थितिमा नियमितता
- शिक्षा प्रणालीभित्र सिकाइप्रतिको जबाफदेहिताको वातावरण सिर्जना
- राप्राकपका प्रति सरकारका सबै तहको दिगो सहयोग र प्राथमिकता
- राप्राकपकाका लागि प्रभावकारी साझेदारीको निर्माण
- प्रारम्भिक कक्षामा नेपाली र मातृभाषा सिकाइको महत्त्वमा केन्द्रित सामाजिक परिचालन
- पढाइका सिपमा केन्द्रित गरी प्रारम्भिक कक्षाका भाषा पाठ्य पुस्तकको परिमार्जन

## तालिका २: राप्राकपकाको सोच तालिका

| अपेक्षित प्रतिफल/उपलब्धि | प्रतिफल/उपलब्धिको मापक | सत्यापनको माध्यम | कैफियत |
|---|---|---|---|
| | **उद्देश्य/अन्तिम उपलब्धि** | | |
| प्रत्येक कक्षाका अन्त्यमा सबै विद्यार्थीले पढाइका आधारभूत सिप हासिल गर्छन् | **कक्षा १**<br>सबै अक्षर चिन्न सक्ने विद्यार्थी प्रतिशत<br><br>साधारण शब्द पढ्न सक्ने विद्यार्थी प्रतिशत<br><br>प्रति मिनेट ३० सरल शब्द पढ्न सक्नेको प्रतिशत | कार्यक्रमको आधार रेखा तथा र अन्त्य रेखा अध्ययन | प्रत्येक कक्षामा सिकाइका निर्धारित लक्ष्यका आधारमा गरिने परीक्षणले विद्यालय तहमा भएका प्रगतिको गति पत्ता लगाई स्थानीय रूपले उपचारात्मक विधि अवलम्बन गर्न सघाउ पुग्छ |

| | | |
| --- | --- | --- |
| | **कक्षा २**<br>सबै अक्षर चिन्न सक्ने विद्यार्थी पतिशत<br><br>साधारण शब्द पढ्न सक्ने विद्यार्थी प्रतिशत<br><br>प्रति मिनेट ४५ सरल शब्द पढ्न सक्नेको प्रतिशत<br><br>पाठ्यांश पढेर स्मरण तहका प्रश्नको उत्तर दिन सक्नेको प्रतिशत<br><br>**कक्षा ३**<br>कक्षा २ र ३ का शब्द पढ्न सक्ने प्रतिशत<br><br>प्रति मिनेट ६० शुद्ध शब्द पढ्ने प्रतिशत<br><br>स्मरण, निष्कर्ष र विचार संयोजन गर्ने सरल प्रश्नको उत्तर दिने प्रतिशत<br><br>चित्रका आधारमा तिन शुद्ध वाक्य लेख्न सक्ने प्रतिशत | समताका दृष्टिले तल्लो तहका उपलब्धि स्तरका  विद्यार्थीको सम्पादन स्तर पत्ता लगाउन छुट्टै सूचक आवश्यक छ । ती दुई प्रकारका हुन सक्छन्: १. अन्तर तह भिन्नता, जस्तै तह १ र तह ४ बिचको भिन्नता र २. पढाइका निर्धारित सूचकमा धेरै तल परेकाको अनुपात जस्तै कक्षा १ का अन्त्यमा पढ्न सकेका अक्षरहरूको सङ्ख्या; कक्षा २ को अन्त्यमा पढाइको गति । |

| मध्यमकालीन उपलब्धिः राप्राकपकाका लागि प्रणालीगत क्षमता र सहयोगमा भएको वृद्धि | | | |
|---|---|---|---|
| राप्राकपकाको अनुगमन र निरीक्षणमा सुधार | जिल्ला शिक्षा अधिकारी वा विद्यालय निरीक्षकले महिनामा एक पटक विद्यार्थीको पढाइ सिपको अवलोकन भ्रमण गरेका विद्यालयको प्रतिशत | विद्यालय भ्रमणको अभिलेखबाट बाह्य निकायद्वारा राप्राकपकाको अनुगमन पक्षको विशिष्ट अध्ययन | राप्राकपकाका अवलोकनहरूको महत्त्वमा ध्यान दिनु वाञ्छनीय |
| प्रणालीभित्र पढाइको महत्त्व बोधको बढ्दो क्रम | मुख्य नीतिगत दस्तावेजहरूमा पढाइ र राप्राकपकाको उल्लेख र त्यसको केन्द्रीय निकाय लगायत अरुलाई शिक्षा मन्त्रालयद्वारा सञ्चार | | |
| जिल्ला स्तरमा राप्राकपकालाई प्रदान गरिएको प्राथमिकता | राप्राकपकाका सम्बन्धमा जिल्ला कार्य दलहरूको बैठक सङ्ख्या | बैठक पुस्तिकाबाट सत्यापन | |
| नेपाली भाषाको शिक्षणमा बढेको शैक्षणिक समय | प्रति हप्ता १० घण्टी नेपाली भाषा पढाइ हुने विद्यालयको प्रतिशत | विद्यालयको समय तालिकाका आधारमा वार्षिक सर्भे | |

| | | | |
|---|---|---|---|
| राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ परीक्षण तथा कार्यक्रमको मूल्याङ्कन गरिएको | पहिलो चरणमा राप्राकपकाको प्रभाव मूल्याङ्कन र विभिन्न भौगोलिक क्षेत्रमा देखिएका पढाइ सिप उपलब्धिको प्रवृत्तिमा आएका परिवर्तन हेर्न पढाइको स्याम्पल परीक्षण ।<br><br>सन् २०१६ भित्रमा राप्राकपकाका विभिन्न पक्षको मूल्याङ्कनका लागि कम्तीमा २ अध्ययन | चरण १ मा कक्षा २ र ३ का लागि निर्धारित प्रभावका आधारमा वा प्रारम्भिक कक्षा पढाइ परीक्षण जस्ता राष्ट्रिय परीक्षणका आधारमा ।<br><br>यिनमा राप्राकपकाका रणनीतिहरू कुन हदसम्म लागु भएका छन् हेर्न गरिएका कक्षा अवलोकन, सामग्री, तालिम, नियमित प्राज्ञिक सहयोग, सामुदायिक संलग्नता आदिका विविध पक्षको प्रभावकारिता मूल्याङ्कनका सन्दर्भमा गरिएका अध्ययन आदि पर्न सक्छन् | |
| राप्राकपकाको सहयोग तथा थप विकासका सन्दर्भमा नियमित अध्ययन अनुसन्धान | राष्ट्रिय तहका निकाय तथा विश्व विद्यालयहरूले पूर्व निर्धारण भएअनुरूप अनुसन्धान सम्पन्न, अध्ययनका नतिजाको प्रचार प्रसार र राप्राकपकामा थप सुधार | अनुसन्धान प्रतिवेदन तथा प्रबोधीकरणका बैठक सङ्ख्या | शिक्षकद्वारा र ा प, ा क प क ा क ा रणनीतिको अवलम्बन स्थितिको अनुसन्धान, शिक्षकको विश्वासमा आएको परिवर्तन, नेपाली तथा मातृभाषा शिक्षणको प्रवृत्तिमा आएका परिवर्तन यसमा समावेश गर्न सकिन्छ |

## मध्यमकालीन नतिजा: पढाइमा परिवार तथा समुदायको संलग्नतामा भएको वृद्धि

| | | | |
|---|---|---|---|
| नेपाली तथा मातृभाषाको पढाइ र सिकाइका महत्त्व बोध को बढ्दो अवस्था | विद्यालयमा स्थानीय भाषाको सिकाइमा जोड दिने विव्यस र शि. अ. सङ्घका सदस्यहरूको प्रतिशत | विशेष सर्भे र अन्तर्वार्ता | |
| घरमा बाल बालिकाको पढाइका सहयोगमा वृद्धि | बाल बालिकालाई घरमा पढ्नका लागि प्रेरित गर्ने अभिभावकको प्रतिशत<br><br>बाल बालिकाका लागि कथाका किताब किनिदिने अभिभावकको प्रतिशत | अभिभावकको प्रवृत्तिमा आएको परिवर्तनको निरूपण गर्न अनुसन्धान | |
| बाल बालिकाको पढाइमा आएको बढ्दो रुचि | विद्यार्थीको पढाइको प्रगति माथिको छलफलका बैठकमा उपस्थित अभिभावकको प्रतिशत<br><br>विद्यालयले आयोजना गरेका विशेष पढाइका उत्सवमा भाग लिने अभिभावकको प्रतिशत | विद्यालयका अभिलेख पुस्तिकाबाट तथ्याङ्क सङ्कलन | |
| **क्रियाकलाप/लगानी** | **उपलब्धिको मापन** | **सत्यापनका उपाय** | **कैफियत** |

| सामग्रीको विकास, उत्पादन र वितरण | | | |
|---|---|---|---|
| शैक्षणिक तथा पढाइ सामग्रीको विकास, उत्पादन र वितरण | विद्यालय सत्र सुरु हुनुपूर्व पहिचान गरिएका भाषाका सामग्रीको विकास, उत्पादन र वितरण<br><br>शिक्षण सामग्री तथा पढाइका थप सामग्री उपलब्ध गर्ने विद्यालयहरूको प्रतिशत | राप्राकपकाका राष्ट्रिय टोलीका प्रतिवेदन<br><br>स्रोत केन्द्रले गर्ने निरीक्षणबाट शैक्षिक सत्रको प्रारम्भको पहिलो महिनामा गरेका निरीक्षणबाट सत्यापन | |
| कक्षा १-३ मा पुस्तक कुना स्थापना र पहिचान भएका सबै पुस्तक विव्यसले खरिद गरी उपलब्ध गराएको | नेपाली र मातृभाषाका पहिचान भएमध्ये ७५% पुस्तक भएका कक्षाको प्रतिशत | प्रति वर्ष एक पटक विद्यालयबाट तथ्याङ्क सङ्कलन | |
| शिक्षकको पेसागत विकास | एक दिने ३ बैठक लगायत तालिमका सबै चरण पूरा गर्ने शिक्षक प्रतिशत | जि.शि.का. तथा स्रोत केन्द्रका अभिलेख | |
| स्रोत व्यक्ति तथा स्रोत शिक्षकद्वारा नियमित कक्षा अवलेकान, नमुना पाठ प्रदर्शन, सिकाइ परीक्षण आदिमा शिक्षकलाई प्राज्ञिक सहयोग | स्रोत व्यक्ति वा स्रोत शिक्षकबाट तिन महिनामा एक पटक निरीक्षण गरेका विद्यालय प्रतिशत | स्रोत केन्द्रले प्रत्येक चौमासिकमा एक पटक निरीक्षण गर्नुपर्ने ।<br>जिल्ला कार्य दलबाट सत्यापन हुनुपर्ने | |

| | | | |
|---|---|---|---|
| **कक्षामा नियमित परीक्षण** | | | |
| शिक्षकबाट लक्ष्यमा आधारित विद्यार्थीको परीक्षण | विगत त्रैमासिकमा परीक्षा लिने शिक्षकको प्रतिशत<br>परीक्षणको नतिजाका आधारमा विद्यार्थीलाई उपचारात्मक सहयोग प्रदान गर्ने शिक्षकको प्रतिशत | स्रोत केन्द्रबाट प्रत्येक त्रैमासिकमा विद्यालय अभिलेखबाट सत्यापन र शिक्षकहरूसँग अन्तरक्रिया | |
| स्रोत व्यक्ति तथा स्रोत शिक्षकबाट नमुना परीक्षण | स्रोत व्यक्ति तथा स्रोत शिक्षकबाट विद्यार्थीको सिकाइको नमुना परीक्षण गरिएका कक्षा प्रतिशत | विद्यालयका अभिलेखबाट हेर्नुपर्ने | |
| **राप्राकपकाको विकास तथा कार्यान्वयनका लागि राष्ट्रिय तथा जिल्ला स्तरका संरचनाको क्षमता बढाउने** | | | |
| नेपाली तथा अन्य मातृभाषाका लागि क्रियाशील कार्य दल | प्रत्येक टोलीले त्रैमासिक अवधिमा सम्पन्न गरेको बैठक सङ्ख्या | | |
| जिल्ला स्तरमा क्रियाशील राप्राकपकाको कार्य दल | प्रत्येक टोलीले त्रैमासिक अवधिमा सम्पन्न गरेको बैठक सङ्ख्या | | |
| कार्य दलका सदस्यहरूलाई आवश्यकताअनुसार सघन तालिम प्रदान | जिल्ला तथा राष्ट्रिय कार्य दललाई प्रदान गरिएको तालिमका दिनको सङ्ख्या | | |

## समुदाय तथा परिवारको संलग्नता

| | | | |
|---|---|---|---|
| विद्यार्थीको पढाइ सिपमा भएको प्रगतिमाथि छलफल शि.अ.सङ्घका बैठक | कार्य तालिकाअनुरूप शि.अ.सङ्घको बैठक आयोजना गर्ने शिक्षक प्रतिशत (घटीमा वर्षको २ पटक | विद्यालयको वार्षिक तथ्याङ्क सङ्कलन फाराममा समावेश गर्नुपर्ने । | |
| रणनीति अनुरूप विद्यालयमा पढाइ उत्सवको आयोजना | विगत वर्षमा घटीमा एक पटक पढाइ उत्सव/प्रतियोगिता आयोजना गर्ने विद्यालय प्रतिशत | विद्यालयको वार्षिक तथ्याङ्क सङ्कलन फाराममा समावेश गर्नुपर्ने । | |
| घरमा बाल बालिकाको पढाइको महत्त्वबारे अभिभावक कार्यशाला | यस्ता कार्यशाला आयोजना गर्ने विद्यालय प्रतिशत | विद्यालयको वार्षिक तथ्याङ्क सङ्कलन फाराममा समावेश गर्नुपर्ने । | |
| विद्यार्थीको पढाइको प्रगतिको कार्ड बनाई सोमाथि त्रैमासिक छलफल | यस्ता प्रगतिको कार्ड तयार पारेर अभिभावकसँग छलफल गर्ने शिक्षक प्रतिशत | विद्यालयको वार्षिक तथ्याङ्क सङ्कलन फाराममा समावेश गर्नुपर्ने । | |

## ५. कार्यक्रम कार्यान्वयन योजना

राष्ट्रिय प्राथमिक कक्षा पढाइ कार्यक्रमको कार्यान्वयन ३ चरणमा गरिने छ । २०१५ सम्म विकासात्मक कार्यहरू गरिसक्नुपर्ने भएकाले जुलाई २०१४ मा यस कार्यक्रमको सुरु भएदेखि जुलाई २०१५ का बिच उपलब्ध समयलाई विकासात्मक कार्यहरू सम्पन्न गर्नमा उपयोग गरिने छ ।

जिल्लाहरूमा ३ चरणमा सम्पन्न हुने राप्राकपकाको कार्यान्वयन समतलीय तथा लम्बीय दुवै हिसाबले गरिने छ । पहिलो चरणमा जम्मा १६ जिल्लामा कक्षा १ र २ मा लागु गरिने छ । दोस्रो चरणमा २४ जिल्लामा समतलीय हिसाबले कक्षा १ र २ मा र लम्बीय हिसाबले १६ जिल्लाका कक्षा ३ मा विस्तार गरिने छ । तेस्रो चरणमा ३५ नयाँ जिल्लाका कक्षा १ र २ मा विस्तार गरिने छ । यस अवधिमा दोस्रो चरणका २४ जिल्लामा कक्षा ३ लाई समेटिने छ । यसरी कार्यक्रम कार्यान्वयन भएको चौथो वर्षसम्ममा मुलुकका ७५ जिल्लाका सबै विद्यालयमा कक्षा १ देखि ३ सम्म लागु भइसक्ने छ ।

कार्यक्रम कार्यान्वयनको तेस्रो चरणमा छानिएका जिल्लाका छानिएका विद्यालयमा राप्राकपकाको मध्यावधि मूल्याङ्कन गरिने छ । तल चित्र ३ र तालिका २ मा यस कार्यक्रमको कार्यान्वयनका चरणहरू दर्शाइएका छन् ।

### चित्र १: मुलुकभर राप्राकपकाको चरणबद्ध कार्यान्वयन

कार्यक्रम कार्यान्वयनका चरण र क्रियाकलापहरूबारे तल चर्चा गरिएको छ :

**पहिलो चरण:** विकासात्मक कार्य सम्पन्न गर्नुका साथै १६ जिल्लामा कार्यक्रम कार्यान्वयन (१६ जुलाई २०१४ देखि १५ जुलाई २०१५सम्म)

**दोस्रो चरण:** २४ जिल्लामा कार्यक्रम विस्तार (१६ जुलाई २०१५ देखि १५ जुलाई २०१६ सम्म)

**तेस्रो चरण:** ३५ जिल्लामा कार्यक्रमको विस्तार र पूर्ण कार्यान्वयन (१६ जुलाई २०१६ देखि १५ जुलाई २०१९ सम्म)

## तालिका २: विद्यालय तथा कक्षाहरूमा कार्यक्रम विस्तारका चरण

| | | जुलाई २०१४-२०१५ | जुलाई २०१५-जुलाई २०१६ | जुलाई २०१६-जुलाई २०१७ | जुलाई २०१७-जुलाई २०१८ | जुलाई २०१८-जुलाई २०१९ |
|---|---|---|---|---|---|---|
| | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
| चरण १ | जिल्ला | १६ | १६ | १६ | १६ | १६ |
| | विद्यालय | ४,७८३ | ४,७८३ | ४,७८३ | ४,७८३ | ४,७८३ |
| | विद्यार्थी | ४००,००० | ५५०,००० | ५६०,००० | ५६०,००० | ५६०,००० |
| | शिक्षक | ९,००० | १४,००० | १४,००० | १४,००० | १४,००० |
| | कक्षा | कक्षा १ र २ | कक्षा १,२,३ | कक्षा १,२,३ | कक्षा १,२,३ | कक्षा १,२,३ |
| चरण २ | जिल्ला | | २४ | २४ | २४ | २४ |
| | विद्यालय | | ९,१०० | ९,१०० | ९,१०० | ९,१०० |
| | विद्यार्थी | | ५८०,००० | ८००,००० | ८००,००० | ८००,००० |
| | शिक्षक | | १८,००० | २७,००० | २७,००० | २७,००० |
| | कक्षा | | कक्षा १,२ | कक्षा १,२,३ | कक्षा १,२,३ | कक्षा १,२,३ |
| चरण ३ | जिल्ला | | | ३५ | ३५ | ३५ |
| | विद्यालय | | | १५,११४ | १५,११४ | १५,११४ |
| | विद्यार्थी | | | १,०००,००० | १,४००,००० | १,४००,००० |
| | शिक्षक | | | ३०,००० | ४५,००० | ४५,००० |
| | कक्षा | | | कक्षा १,२ | कक्षा १,२,३ | कक्षा १,२,३ |
| | मध्यावधि | | | २०० विद्यालय | ४०० विद्यालय | ६०० विद्यालय |
| जम्मा | जिल्ला | १६ | ४० | ७५ | ७५ | ७५ |
| | विद्यालय | ४,७८३ | १३,७८४ | २८,८९८ | २८,८९८ | २८,८९८ |
| | विद्यार्थी | ४००,००० | १,१३०,००० | २,३६०,००० | २,७६०,००० | २,७६०,००० |
| | शिक्षक | ९,००० | ३२,००० | ७१,००० | ८६,००० | ८६,००० |
| | कक्षा | कक्षा १ | कक्षा १,२ | कक्षा १,२,३ | कक्षा १,२,३ | कक्षा १,२,३ |

**५.१ चरण १:** विकासात्मक कार्यहरू सकेर १६ जिल्लामा कार्यक्रम कार्यान्वयनको थालनी (१६ जुलाई २०१४ देखि १५ जुलाई २०१५ सम्म)

जुलाई २०१४ देखि विद्यालय क्षेत्र सुधार कार्यक्रमको विस्तारित योजना सुरु हुने र त्यस वर्षको बजेटमा राप्राकपकाका विकासात्मक कार्यहरूका लागि आवश्यक स्रोतको विनियोजन हुने भएकाले सन् २०१५ को जुलाईमा नयाँ शैक्षिक सत्र सुरु हुनुपूर्व राप्राकपकाका विकासात्मक कार्य सम्पन्न गरिसक्नु उपयुक्त हुनेछ । यस अवधिमा शैक्षणिक ढाँचाको पुनरावलोकन तथा परिमार्जन, पढाइका सहायक सामग्री तथा पुस्तकहरूको विकास, उत्पादन तथा वितरण, तलिमका मोड्युलहरूको तयारी, प्रशिक्षक प्रशिक्षण, मुख्य कार्य दलको क्षमता विकास, आधार रेखा सर्वेक्षण, एवम् सामुदायिक परिचालनजस्ता विकासात्मक कार्य सम्पन्न गर्नका लागि ९ महिनाको अवधि उपलब्ध हुने छ ।

अप्रिल २०१५, अर्थात् वैशाख २०७२ मा नयाँ शैक्षिक सत्र सुरु भएपछि १६ जिल्लामा राप्राकपकाको प्रथम चरणका कार्यक्रमहरूको सुरुआत हुने छ । प्रथम चरणका १६ मध्ये निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा कार्यक्रमअन्तर्गतका धनकुटा, सप्तरी, भक्तपुर, पर्सा, कास्की, रूपन्देही, सुर्खेत, बर्दिया, डँडेलधुरा, कञ्चनपुर, मनाङ, मुस्ताङ र डोल्पा गरी १३ जिल्ला र युएसएआइडीको सहयोगमा सञ्चालन हुने कैलाली, बाँके र दाङ लगायत ३ जिल्ला पर्दछन् । युएसएआइडीको सहयोगमा कार्यक्रम सञ्चालन हुने कञ्चनपुर, बर्दिया र सुर्खेत पहिल्यै निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा कार्यक्रमअन्तर्गत गणना भइसकेका छन् ।

**प्रारम्भिक कक्षा पढाइ कार्यक्रममा सहयोग पुर्‍याउन मोड्युलर पद्धतिको परीक्षण**

शैक्षिक क्षमता तथा भौतिक पूर्वाधारका हिसाबले विविधतायुक्त विद्यालयहरूको अवस्था एवम् प्रारम्भिक कक्षाको गुणस्तरीय पढाइका लागि किफायत गर्नुपर्ने आवश्यकतालाई समेत ध्यान दिँदै शिक्षा मन्त्रालय/शिक्षा विभागले मोड्युलर पद्धतिको परीक्षण गर्ने छ । प्रारम्भिक कक्षा पढाइमा कार्यक्रमले पार्न सक्ने विशिष्ट प्रभावको परीक्षणका लागि कन्ट्रोल्ड र र्‍यान्डमाइज्ड डिजाइनको प्रयोग गरिने छ । उदाहरणका लागि पाठ्य पुस्तक र पढाइका सहयोगी सामग्री मात्र उपलब्ध गराइएका; सामग्री र तालिम दुवै पाएका र पाठ्य पुस्तक, तालिम र शैक्षणिक सहयोगका साथै पूर्वाधार विकासका केही सहयोगसमेत पाएका विद्यालयबिच विद्यार्थीका सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन गरिने छ ।

परीक्षणका लागि राप्राकप कार्यक्रम सुरु भइ नसकेका जिल्लाका विद्यालयहरूको चयन गरिनेछ । उदाहरणका लागि र्‍यान्डमाइज्ड प्रयोगका लागि तेस्रो चरणमा मात्र राप्राकपका कार्यान्वयन गरिने पूर्वाञ्चलका जिल्लाहरूको चयन गरिने छ । अवयवहरूका आधारमा प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई विभाजन गरिने छ, जस्तै पुस्तकालय र पढाइ सामग्रीको सहयोग; शिक्षक तालिम र शैक्षणिक सहयोग तथा पूर्वाधार विकासका सहयोग र्‍यान्डमाइज्ड

विद्यालयका लागि र कन्ट्रोल्ड समूहका लागि राप्राकपका सुरु नभएसम्म कुनै सहयोग नपाएका जिल्लामा विद्यालयहरू । शिक्षा प्रणालीका लागि ज्ञानको निर्माण गर्न र सरकारको आफ्नै प्रयोजनका लागि समेत यस्ता परीक्षणहरू गरिने छन् । शिक्षा मन्त्रालय/शिक्षा विभागले यस्ता विस्तृत परीक्षणहरू संयुक्त प्रयासका रूपमा सञ्चालन गर्न उपयुक्त साझेदारको यथाशक्य छिटो खोजी गर्ने छ । शैक्षिक कार्यक्रमहरूलाई बढी प्रभावकारी, किफायती र जतिजामुखी बनाउने सन्दर्भमा यस्ता परीक्षणबाट हासिल सूचनाहरूको प्रयोग गरिने छ ।

पहिलो चरणका कार्यक्रमहरूले कक्षा १ र २ लाई लक्षित गर्ने छ र कार्यक्रमको थालनी नेपाली भाषाबाट गरिने छ । यस चरणमा देहायअनुसारका कार्यक्रमहरू कार्यान्वयन हुने छन्:

**चरण १: विकासात्मक कार्यहरू तथा १६ जिल्लामा कार्यक्रम कार्यान्वयनको थालनी (१६ जुलाई २०१४ देखि १५ जुलाई २०१५ सम्म) ।**

# प्रमुख क्रियाकलाप र समय तालिका

| | विकासात्मक क्रियाकलाप | जिम्मेवार निकाय | एकाइ | २०१४ | | | | | | २०१५ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जु | अ | से | अ | नो | डि | ज | फे | मा | अ | मे | जु |
| **क** | **शैक्षणिक ढाँचा र सामग्री विकास** | | | | | | | | | | | | | | |
| १ | कक्षा १, २ र ३ को नेपालीको शैक्षणिक ढाँचाको विकास | पा.वि.के | विकास | | | | | | | | | | | | |
| २ | पढाइका सहयोगी सामग्रीको विकास (कक्षा पढाइ पत्ती र कक्षा १, २ र ३ का लागि नेपालीमा पुस्तक) | पा.वि.के | विकास | | | | | | | | | | | | |
| ३ | १६ जिल्लाका कक्षा १, २ र ३ का लागि पाठ्य पुस्तकको छपाइ र वितरण | शि.वि. | सामग्री सेट | | | | | | | | | | | | |
| ४ | प्रथम चरणका १६ जिल्लाका कक्षा १ र २ का लागि कक्षा पढाइ पत्ती, डिकोडेबल पाठ्यांश लगायत पढाइका लागि सन्दर्भ सामग्रीको छपाइ र वितरण | शि.वि. | सामग्री सेट | | | | | | | | | | | | |
| ५ | १६ जिल्लाका कक्षा १ र २ का लागि नयाँ विकास गरिएका कथा किताब तथा अन्य पढाइ सामग्री | शि.वि. | सामग्री सेट | | | | | | | | | | | | |
| ६ | १६ जिल्लाका सबै सामुदायिक विद्यालयका कक्षा १ र २ मा किताब राख्ने ऱ्याकसहित पुस्तकालय कुनाको निर्माण | शि.वि. / पा.वि.के | विद्यालय | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ख** | **सामुदायिक विकास र सहयोग** | | | | | | | | | | | | | | |
| १ | गरिब विद्यार्थीलाई छात्रवृत्ति र परिवार राहत | शि.वि. | बिद्यलय जाने बच्चाका परिवार | | | | | | | | | | | | |
| २ | प्रथम चरणका १६ जिल्लाका समुदाय सदस्य तथा सरोकारवालाको अभिमुखीकरण | गै.स.स मार्फत शि.वि. | विद्यालय समुदाय | | | | | | | | | | | | |
| ३ | सामुदायिक विकास कार्यक्रम | गै.स.स मार्फत शि.वि. | जिल्ला | | | | | | | | | | | | |
| ४ | प्रथम चरणका १६ जिल्लाका प्रमुख टोलीको अभिमुखीकरण | शि.वि. | जिल्ला टोली | | | | | | | | | | | | |
| ५ | १६ जिल्लामा स्थानीय वातावरण निर्माण तथा शिक्षक-समुदाय वार्ता | गै.स.स मार्फत शि.वि. | विद्यालय समुदाय | | | | | | | | | | | | |
| **ग** | **शिक्षकको पेसागत विकास र शैक्षणिक सहयोग** | | | | | | | | | | | | | | |
| १ | प्राथमिक शिक्षकहरूका लागि मूल र पुनर्ताजगी तालिमका मोड्युलहरूको विकास | शै.ज.वि.के. | विकास | | | | | | | | | | | | |
| २ | प्रधानाध्यापक तथा स्रोत शिक्षकहरूको अभिमुखीकरण | शै.ज.वि.के. | प्र.अ. | | | | | | | | | | | | |
| ३ | १६जिल्लामा प्रशिक्षक प्रशिक्षण तालिम | शै.ज.वि.के. | जिल्ला | | | | | | | | | | | | |
| ४ | १६ जिल्लाका कक्षा १ र २ का नेपाली शिक्षकलाई प्रारम्भिक तालिम | शै.ज.वि.के. | शिक्षक | | | | | | | | | | | | |
| ५ | १६ जिल्लाका स्रोत व्यक्ति र स्रोत शिक्षकको तालिम | शै.ज.वि.के. | स्रोतव्यक्ति, वि.नि. | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | १६ जिल्लाका स्रोत केन्द्रका लागि स्रोत शिक्षकको नियुक्ति | शि. बि. | भमण, भैपरी | | | | | | | | | | | | |
| घ | विद्यार्थी परीक्षण | | | | | | | | | | | | | | |
| १ | शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यार्थी परीक्षणका साधन विकास प्राकपपका साधनको नासामा अनुकूलन | शै गु प के | विकास | | | | | | | | | | | | |
| **ङ** | **अनुसन्धान, अनुगमन र मूल्याङ्कन** | | | | | | | | | | | | | | |
| १ | १६ जिल्लामा विद्यार्थी परीक्षण | शि.बि/ शै गु प के | विद्यालय | | | | | | | | | | | | |
| २ | अनुगमन, निरीक्षण र भैपरी | शि.बि | प्रतिवर्ष | | | | | | | | | | | | |
| **च** | **क्षमता विकास** | | | | | | | | | | | | | | |
| १ | केन्द्रीय कार्य दल | शि.म. | व्यक्ति | | | | | | | | | | | | |
| २ | १६ जिल्लामा जिल्ला कार्य दल | शि.वि. | व्यक्ति | | | | | | | | | | | | |
| ३ | केन्द्रीय कार्य दल | शि.म. | वस्तु/ संस्था | | | | | | | | | | | | |
| ४ | १६ जिल्लामा जिल्ला कार्य दल | शि.वि. | वस्तु/ जिल्ला/ | | | | | | | | | | | | |
| ५ | १६ जिल्लामा उप जिल्ला तह (शैताके, स्रोके, अस्रोके) | शि.वि./ शै ज.वि.क | वस्तु/स्रोके, शैताके अस्रोके | | | | | | | | | | | | |
| ६ | १६ जिल्ला र राष्ट्रिय तहमा राप्राकपकाको प्रचारप्रसारका लागि सञ्चार माध्यमको परिचालन | शि.वि. | पटक | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | अध्ययन भ्रमण | शि.म./ शि.वि/ पा.वि.के/ शै ज.वि.के | व्यक्ति/निकाय | | | | | | | | | | | | |
| ८ | प्राविधिक सहयोग (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय) | शि.म. | व्यक्ति महिना | | | | | | | | | | | | |
| ९ | प्राविधिक सहायताको व्यवस्थापन र राप्राकपका कार्यान्वयनमा सहयोग | शि.म. | वर्ष | | | | | | | | | | | | |

## चरण २ वर्ष २: २४ नयाँ जिल्लामा कार्यक्रम विस्तार (१६ जुलाई २०१५–१५ जुलाई २०१६)

| | विकासात्मक क्रियाकलाप | जिम्मेवार निकाय | एकाइ | २०१५ | | | | | | २०१६ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जु | अ | से | अ | नो | डि | ज | फे | मा | अ | मे | जु |
| **क** | **शैक्षणिक ढाँचा, सामग्री विकास र सहयोग** | | | | | | | | | | | | | | |
| १ | चरण २ का २४ जिल्लाका लागि कक्षा १, २ र ३ का पाठ्य पुस्तक छपाइ र वितरण | शि.वि. | सामग्री सेट | | | | | | | | | | | | |
| २ | पहिलो चरणका १६ जिल्लाका कक्ष ३ का विद्यार्थीका लागि कक्षा पढाइ पत्ती, डिकोडेबल पाठ्यांश लगायत सन्दर्भ सामग्रीको छपाइ र वितरण | शि.वि. | सामग्री सेट | | | | | | | | | | | | |
| ३ | दोस्रो चरणका २४ जिल्लाका कक्षा १ र २ का विद्यार्थीका लागि पढाइ पत्ती, डिकोडेबल पाठ्यांश लगयत पढाइका सन्दर्भ सामग्रीको छपाइ र वितरण | शि.वि. | सामग्री सेट | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | २४ जिल्लाका कक्षा १ र २ का लागि नयाँ विकसित कथा किताब तथा अन्य पढाइ सामग्रीको छपाइ | शि.वि. | सामग्री सेट | | | | | | | | | | | | |
| ५ | पहिलो चरणका १६ जिल्लाका सबै सामुदायिक विद्यालयका कक्षा ३ मा ५० सेट पाठ्य सामग्री सहित पुस्तकालय कुनाको व्यवस्था | शि.बि/ पा.वि.के. | सामग्री सेट | | | | | | | | | | | | |
| ६ | दोस्रो चरणका २४ जिल्लाका सबै सामुदायिक विद्यालयका कक्षा १ र २ मा ५० सेट पाठ्य सामग्री सहित पुस्तकालय कुनाको व्यवस्था | शि.बि/ पा.वि.के. | सामग्री सेट | | | | | | | | | | | | |
| ६ | १६ जिल्लाका सबै सामुदायिक विद्यालयका कक्षा १ र २ मा किताब राख्ने ऱ्याक सहित पुस्तकालय कुनाको निर्माण | शि.वि./पा.वि.के | विद्यालय | | | | | | | | | | | | |
| **ख** | **सामुदायिक विकास र सहयोग** | | | | | | | | | | | | | | |
| १ | अत्यन्त गरिब परिवारका विद्यार्थीलाई छात्रवृत्ति र परिवारलाई राहत | शि.वि. | बिद्यलय जानेबच्चाका परिवार | | | | | | | | | | | | |
| २ | सामुदायिक विकास कार्यक्रम | गै.स.स मार्फत शि.वि | जिल्ला | | | | | | | | | | | | |
| ३ | दोस्रो चरणका २४ जिल्लाका समुदायका सदस्य तथा सरोकारवालाको अभिमुखीकरण | गै.स.स मार्फत शि.वि. | समुदाय | | | | | | | | | | | | |
| ४ | दोस्रो चरणका २४ जिल्लाका कार्य दलको अभिमुखीकरण | शि.वि. | जिल्ला | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | दोस्रो चरणका २४ जिल्लामा स्थानीय वातावरण निर्माण तथा शिक्षक-समुदाय वार्ता | शि.वि. जिशिअ स्रोत केन्द्र | विद्यालय समुदाय | | | | | | | | | | | | |
| **ग** | **शिक्षकको पेसागत विकास र शैक्षणिक सहयोग** | | | | | | | | | | | | | | |
| १ | २४ जिल्लाका प्रधानाध्यापक तथा स्रोत शिक्षकहरूको अभिमुखीकरण | जिशिका स्रोत केन्द्र | प्र.अ. | | | | | | | | | | | | |
| २ | २४ जिल्लाका लागि प्रति जिल्ला २० जनाका दरले प्रशिक्षक प्रशिक्षण | शैजविके | जिल्ला | | | | | | | | | | | | |
| ३ | १६ जिल्लाका कक्षा ३ का नेपाली शिक्षकलाई प्रारम्भिक तालिम | शैजविके | शिक्षक | | | | | | | | | | | | |
| ४ | २४ जिल्लाका कक्षा १ र २ का नेपाली शिक्षकलाई प्रारम्भिक तालिम | शैजविके | शिक्षक | | | | | | | | | | | | |
| ५ | २४ जिल्लााका स्रोत व्यक्ति र स्रोत शिक्षकको तालिम | शैजविके | तलिम | | | | | | | | | | | | |
| ६ | २४ जिल्लाका स्रोत केन्द्रका लागि स्रोत शिक्षक नियुक्ति | शि. वि. | भ, म ण ा, भैपरी | | | | | | | | | | | | |
| घ | विद्यार्थी परीक्षण | | | | | | | | | | | | | | |
| १ | विद्यार्थी परीक्षणका साधन परीक्षण | शैगुपके | विकास | | | | | | | | | | | | |
| **ङ** | **अनुसन्धान, अनुगमन र मूल्याङ्कन** | | | | | | | | | | | | | | |
| १ | आवधिक अनुसन्धान | शि.वि/ शैगुपके | विद्यालय | | | | | | | | | | | | |
| **च** | **क्षमता विकास** | | | | | | | | | | | | | | |
| १ | २४ जिल्लामा जिल्ला कार्य दल | शि.वि. | व्यक्ति | | | | | | | | | | | | |
| २ | २४ जिल्लामा उप जिल्ला तह (शैताके, स्रोके) | शि.वि. | व्यक्ति | | | | | | | | | | | | |
| ३ | २४ जिल्लामा जिल्ला कार्य दल | शि.वि. | समुदाय जिल्ला | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | २४ जिल्लामा उप जिल्ला तह (शैताके, स्रोके) | शि.वि. शै.ज.वि.के | समुदाय तह (शैताके, स्रोके) | | | | | | | | | | | | | |
| ५ | १६ जिल्ला र राष्ट्रिय तहमा राप्राकपकाको प्रचार प्रसारका लागि सञ्चार माध्यम परिचालन | शि.वि. | पटक | | | | | | | | | | | | | |
| ६ | २४ जिल्लामा अन्तर जिल्ला भ्रमण | | | | | | | | | | | | | | | |
| ७ | अध्ययन भ्रमण | शि.म./ शि.वि/ पा.वि.के/ शै.ज.वि.के | व्यक्ति | | | | | | | | | | | | | |

## चरण ३ वर्ष ३ : ३५ नयाँ जिल्लामा कार्यक्रम विस्तार (१६ जुलाई २०१६-१५ जुलाई २०१७)

| | विकासात्मक क्रियाकलाप | जिम्मेवार निकाय | एकाइ | २०१७ | | | | | | २०१८ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जु | अ | से | अ | नो | डि | ज | फे | मा | अ | मे | जु |
| **क** | **शैक्षणिक ढाँचा, सामग्री विकास र सहयोग** | | | | | | | | | | | | | | |
| १ | चरण १, २ र ३ का सबै जिल्लाका लागि कक्षा १ र २ का पाठ्य पुस्तक छपाइ र वितरण | शि.वि. | सामग्री सेट | | | | | | | | | | | | |
| २ | ७५ जिल्लाका कक्षा १, २ र ३ का लागि कक्षा पढाइ पत्ती, डिकोडेबल पाठ्यांश लगायत पढाइका सन्दर्भ सामग्रीको छपाइ र वितरण | शि.वि. | सामग्री सेट | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ७५ जिल्लाका कक्षा १, २ र ३ का लागि नयाँ विकसित कथा किताब तथा अन्य पढाइ सामग्रीको छपाइ | शि.वि. | सामग्री सेट | | | | | | | | | | | | |
| ४ | दोस्रो चरणका ३५ जिल्लाका सबै सामुदायिक विद्यालयका कक्षा ३ मा ५० सेट पाठ्य सामग्रीयुक्त पुस्तकालय कुनाको व्यवस्था | शि.वि/ पा.वि.के. | सामग्री सेट | | | | | | | | | | | | |
| ५ | पहिलो चरणका १६ जिल्लाका लागि मातृभाषाका पाठ्य सामग्रीको विकास र वितरण | शि.वि/ पा.वि.के. | सामग्री सेट | | | | | | | | | | | | |
| **ख** | **सामुदायिक विकास र सहयोग** | | | | | | | | | | | | | | |
| १ | गरिब परिवारका विद्यार्थीलाई छात्रवृत्ति र परिवारलाई राहत वितरण | शि.वि. | विद्यालय जाने बच्चाका परिवार | | | | | | | | | | | | |
| २ | तेस्रो चरणका ३५ जिल्लामा स्थानीय वातावरण निर्माण तथा शिक्षक-समुदाय वार्ता | शि.वि. जिशिअ स्रोतकेन्द्र | विद्यालय समुदाय | | | | | | | | | | | | |
| ३ | सामुदायिक विकास कार्यक्रम | गै.स.स मार्फत शि.वि | जिल्ला | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ग** | **शिक्षकको पेसागत विकास र शैक्षणिक सहयोग** | | | | | | | | | | | | | | |
| १ | दोस्रो चरणका २४ जिल्लाका कक्षा ३ का नेपाली शिक्षकलाई प्रारम्भिक तालिम, प्रधानाध्यापक तथा स्रोत शिक्षकहरूको अभिमुखीकरण | जिशिअ स्रोतकेन्द्र | प्र.अ. | | | | | | | | | | | | |
| २ | ३५ जिल्लाका लागि प्रशिक्षक प्रशिक्षण | शै.ज.वि.के. | जिल्ला | | | | | | | | | | | | |
| ३ | तेस्रो चरणका ३५ जिल्लाका कक्षा १ र २ का नेपाली शिक्षकलाई प्रारम्भिक तालिम | शै.ज.वि.के. | शिक्षक | | | | | | | | | | | | |
| ४ | शिक्षकहरूलाई मातृभाषामा पढाइका सिप विकास सम्बन्धी तालिम प्याकेजको विकास र तालिम सञ्चालन | शै.ज.वि.के. | शिक्षक | | | | | | | | | | | | |
| **घ** | **विद्यार्थी परीक्षण** | | | | | | | | | | | | | | |
| १ | र्‍यान्डम विधिमा छानिएका जिल्लाका कक्षा १ र २ का विद्यार्थी सिकाइमा भएका प्रगतिको आवधिक परीक्षण | शैगुपके | विकास | | | | | | | | | | | | |
| **ङ** | **अनुसन्धान, अनुगमन र मूल्याङ्कन** | | | | | | | | | | | | | | |
| १ | राप्राकपकाको मध्यावधि मूल्याङ्कन | शि . म / शैगुपके | पुनरावलोकन | | | | | | | | | | | | |
| **च** | **क्षमता विकास** | | | | | | | | | | | | | | |
| १ | ५ जिल्लामा जिल्ला कार्य दल | शि.वि. | व्यक्ति ३५ जिल्ला | | | | | | | | | | | | |
| २ | ३५ जिल्लामा उप जिल्ला तह शैताके, स्रोके | शि.वि. | व्यक्ति ३५ जिल्ला | | | | | | | | | | | | |
| ३ | ३५ जिल्लामा जिल्ला कार्य दल | शि.वि. | समुदाय जिल्ला | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | ३५ जिल्लामा उप जिल्ला तह शैताके, स्रोके | शि.वि. शै.ज.वि.के | वस्तु शैताके, स्रोके | | | | | | | | | | | | |
| ५ | १६ जिल्ला र राष्ट्रिय तहमा राप्राकपकाको प्रचार प्रसारका लागि सञ्चार माध्यम परिचालन | शि.म. | पटक | | | | | | | | | | | | |
| ५ | ३५ जिल्लामा भ्रमण | शैजविके | विद्यालय शिक्षक | | | | | | | | | | | | |
| ७ | अध्ययन भ्रमण | शि.म./ शि.वि/ पा.वि.के/ शै.ज.वि.के | व्यक्ति | | | | | | | | | | | | |

## चरण ३ वर्ष ४: राप्राकपकाको पूर्ण कार्यान्वयन (१६ जुलाई २०१७ - १५ जुलाई २०१८)

| | विकासात्मक क्रियाकलाप | जिम्मेवार निकाय | एकाइ | २०१६ | | | | | | २०१७ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जु | अ | से | अ | नो | डि | ज | फे | मा | अ | मे | जु |
| **क** | **शैक्षणिक ढाँचा, सामग्री विकास र सहयोग** | | | | | | | | | | | | | | |
| १ | चरण १, २ र ३ का सबै जिल्लाका कक्षा १, २ र ३ का पाठ्य पुस्तक छपाइ र वितरण | शि.वि. | सामग्री सेट | | | | | | | | | | | | |
| २ | ७५ जिल्लाका कक्षा १, २ र ३ का लागि कक्षा पढाइ पत्ती, डिकोडेबल पाठ्यांश लगायत पढाइका सन्दर्भ सामग्रीको छपाइ र वितरण | शि.वि. | सामग्री सेट | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | दोस्रो चरणका २४ जिल्लाका कक्षा १, २ र ३ का मातृभाषाका पाठ्य सामग्रीको विकास र वितरण | शि.वि/ पा.वि.के. | सामग्री सेट | | | | | | | | | | | | |
| ४ | तेस्रो चरणका ३५ जिल्लाका सबै सामुदायिक विद्यालयका कक्षा ३ मा ५० सेट पाठ्य सामग्रीयुक्त पुस्तकालय कुनाको व्यवस्था | शि.वि/ पा.वि.के. | सामग्री सेट | | | | | | | | | | | | |
| **ख** | **सामुदायिक विकास र सहयोग** | | | | | | | | | | | | | | |
| १ | गरिब परिवारका विद्यार्थीलाई छात्रवृत्ति र परिवारलाई राहत वितरण | शि.वि. | विद्यालय जानेबच्चाका परिवार | | | | | | | | | | | | |
| २ | सामुदायिक विकास कार्यक्रम | गै.स.स मार्फत शि.वि | जिल्ला | | | | | | | | | | | | |
| **ग** | **शिक्षकको पेसागत विकास र शैक्षणिक सहयोग** | | | | | | | | | | | | | | |
| १ | तेस्रो चरणका ३५ जिल्लाका कक्षा ३ का नेपाली शिक्षकलाई प्रारम्भिक तालिम, प्रधानाध्यापक तथा स्रोत शिक्षकहरूको अभिमुखीकरण | जिशिका स्रोतकेन्द्र | प्र.अ. | | | | | | | | | | | | |
| २ | शिक्षकहरूलाई मातृभाषामा पढाइका सिप विकास सम्बन्धी तालिम | शै.ज.वि.के. | शिक्षक | | | | | | | | | | | | |
| **घ** | **विद्यार्थी परीक्षण** | | | | | | | | | | | | | | |
| १ | ७५ जिल्लाका कक्षा १, २ र ३ का विद्यार्थी प्रगतिको परीक्षण | शैगुपके | विकास | | | | | | | | | | | | |
| **ङ** | **अनुसन्धान, अनुगमन र मूल्याङ्कन** | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ल्भन्चए राप्राकपकाका मुद्दा र चुनौती बारे फिल्ड सर्भेमा आधारित अनुसन्धान | शि.वि. | अनुसन्धान सङ्ख्या | | | | | | | | | | | | |
| **च** | **क्षमता विकास** | | | | | | | | | | | | | | |
| १ | ल्भन्चए को प्रबर्धनका लगि सञ्चार माध्यमको परिचालन | शि.वि. | पटक | | | | | | | | | | | | |
| २ | ७५ जिल्लाका कक्षा १ र २ का शिक्षकहरूलाई पुनर्ताजगी तालिम | शै.ज.वि.के | भाषा र कक्षा शिक्षक | | | | | | | | | | | | |

## चरण ३ वर्ष ५: राप्राकपकाको पूर्ण कार्यान्वयन (१६ जुलाई २०१८-१५ जुलाई २०१९)

| | विकासात्मक क्रियाकलाप | जिम्मेवार निकाय | एकाइ | २०१६ | | | | | | २०१७ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जु | अ | से | अ | नो | डि | ज | फे | मा | अ | मे | जु |
| **क** | **शैक्षणिक ढाँचा, सामग्री विकास र सहयोग** | | | | | | | | | | | | | | |
| १ | ७५ जिल्लाका लागि कक्षा १, २ र ३ का पाठ्य पुस्तक छपाइ र वितरण | शि.वि. | सामग्री सेट | | | | | | | | | | | | |
| २ | ७५ जिल्लाका कक्षा १, २ र ३ का लागि कक्षा पढाइ पत्ती, डिकोडेबल पाठ्यांश लगायत पढाइका सन्दर्भ सामग्रीको छपाइ र वितरण | शि.वि. | सामग्री सेट | | | | | | | | | | | | |
| **ख** | **सामुदायिक विकास र सहयोग** | | | | | | | | | | | | | | |
| १ | सामुदायिक विकास कार्यक्रम | गै.स.स मार्फत शि.वि | जिल्ला | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ग** | **शिक्षकको पेसागत विकास र शैक्षणिक सहयोग** | | | | | | | | | | | | | | |
| १ | ७५ जिल्लाका कक्षा १ र २ का नेपाली शिक्षकहरूलाई पुनर्ताजगी तालिम | शै.ज.वि.के. | शिक्षक | | | | | | | | | | | | |
| २ | ३५ जिल्लाका शिक्षकहरूलाई मातृभाषामा पढाइका सिप विकास सम्बन्धी तालिम | पा.वि.के. | शिक्षक | | | | | | | | | | | | |
| ३ | ७५ जिल्लाका कक्षा ३ का शिक्षकलाई मातृभाषा लगायत विषयमा पुनर्ताजगी तालिम | | | | | | | | | | | | | | |
| **घ** | **विद्यार्थी परीक्षण** | | | | | | | | | | | | | | |
| १ | अन्तिम रेखा (एन्ड लाइन) मूल्याङ्कन | शैगुपके | विद्यालय | | | | | | | | | | | | |
| **ङ** | **अनुसन्धान, अनुगमन र मूल्याङ्कन** | | | | | | | | | | | | | | |
| १ | राप्राकपकाको अन्तिम मूल्याङ्कन | शैगुपके | मूल्याङ्कन | | | | | | | | | | | | |
| **च** | **क्षमता बिकमस** | | | | | | | | | | | | | | |
| १ | राप्राकपकाको प्रचार प्रसारका लगि सञ्चार माध्यमको परिचालन | शि.वि. | पटक | | | | | | | | | | | | |

# ६ कार्यान्वयन व्यवस्था

राप्राकपकाको तयारी र कार्यान्वयनका सन्दर्भमा शिक्षाका प्रमुख निकायहरूको दायित्व र कार्यान्वयन व्यवस्था निम्न लिखित हुने छ (तल चित्र ७ पनि हेर्नुहोस्):

## ६.१ पाठ्यक्रम विकास केन्द्र

विद्यालय शिक्षाका समग्र शैक्षिक क्रियाकलापको समन्वय गर्ने प्रमुख जिम्मेवारी पाठ्यक्रम विकास केन्द्रकै हुने भएकाले राप्राकपकाको तयारी र कार्यान्वयनका दुवै चरणमा यसको भूमिका महत्त्वपूर्ण हुन्छ । वर्तमान कार्यादेश अनुसार विद्यालय शिक्षाको पाठ्यक्रम तथा शैक्षणिक ढाँचा तय गर्नुका साथै शैक्षणिक तथा पाठ्य सामग्रीको निर्माण र विकासको जिम्मेवारी पनि पाठ्यक्रम विकास केन्द्रकै हुने छ ।

पाठ्यक्रम विकास केन्द्रले राप्राकपका अन्तर्गत देहायअनुसारका प्रमुख कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन गर्ने छ :

### कक्षा १ देखि ३ सम्मको पाठ्यक्रमको एकीकरण

राप्राकपकाको कार्यान्वयनका अवधिभित्र पाठ्यक्रम विकास केन्द्रले पढाइ, लेखाइ तथा बोधजस्ता सिकाइका आधारभूत सिपलाई केन्द्रबिन्दुमा राख्दै कक्षा १ देखि ३ सम्मका पाठ्यक्रमको समग्र पुनरावलोकन तथा परिमार्जन गर्नुपर्ने छ। यस क्रममा विभिन्न विषयका सिकाइ आवश्यकताहरूलाई एउटै पाठ्यक्रम प्याकेजमा एकीकृत गरी वर्तमान विषयगत ज्ञानको आवश्यकतालाई न्यून प्राथमिकतामा राख्नुपर्ने छ ।

परिषद्बाट अन्तिम स्वीकृति लिने लगायत प्राविधिक तथा प्रशासनिक प्रक्रियाका लामा चरणहरू पार गर्नुपर्ने भएकाले पाठ्यक्रम परिमार्जनका लागि लामो समय लाग्न सक्छ । पाठ्यक्रमको परिमार्जनका लागि पाँच वर्ष लाग्न सक्ने भएकाले पाठ्यक्रम विकास केन्द्रले औपचारिक प्रक्रियाहरूको प्रारम्भ तुरुन्त गरेर राप्राकपकाको कार्यान्वयनका पाँच वर्षभित्रमा परिमार्जन सम्पन्न गरिसक्नु पर्ने छ ।

परिमार्जित पाठ्यक्रमले मापनीय सिकाइ सक्षमताका साथै कक्षा एवम् तहगत उद्देश्यहरू स्पष्ट रूपले परिभाषित गर्ने छ । यसो भएमा शिक्षक, विद्यार्थी र आभिभावक सबै पक्ष कक्षा वा तहको अन्त्यसम्ममा विद्यार्थीले हासिल गर्नुपर्ने न्यूनतम दक्षता के हुन् भन्नेबारे अग्रिम रूपले अवगत हुने छन् । पाठ्यक्रमले विद्यार्थीको सिकाइको नियमित मूल्याङ्कन गरेर सिकाइमा कमजोर विद्यार्थीका लागि उपचारात्मक सहयोगका तरिका समेत स्पष्ट रूपले उल्लेख गर्नेछ ।

यसैबिच पाठ्यक्रम विकास केन्द्रले आधारभूत सिपको उपलब्धिलाई ध्यानमा राखी कक्षागत रूपले विभिन्न विषयका सार वस्तुलाई एउटै पाठ्य पुस्तक वा अभ्यास पुस्तकमा समेट्ने गरी कक्षा १ देखि ३ सम्मका शैक्षणिक सामग्रीको एकीकरण गर्ने छ ।

## शैक्षणिक ढाँचा (एकीकृत सामग्री - विभिन्न विषयलाई एउटैमा एकीकरण)

प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका समग्र उद्देश्य तथा विधिलाई आत्मसात् गर्दै पाठ्यक्रम विकास केन्द्रले शिक्षक र विद्यार्थीको भाषा पढाइको समयलाई ध्यानमा राखेर कक्षा १ देखि ३ सम्मका समग्र शैक्षणिक ढाँचाको पुनरावलोकन गर्ने छ । प्रारम्भिक कक्षा पढाइ कार्यक्रम नेपाली भाषामा केन्द्रित हुने भएकाले नेपाली भाषाको शैक्षणिक समयमा परिवर्तन गरी प्रति दिन प्रति घण्टी घटीमा ९० मिनेटका दुई घण्टी कायम गरिने छ । पहिलो घण्टी पूर्णतः पढाइका सिपमा र दोस्रो अरु पक्षको पठन पाठनमा केन्द्रित रहने छ ।

पाठ्यक्रम विकास केन्द्रले कक्षा १-३ का लागि एकीकृत शैक्षणिक ढाँचा विकास गर्ने क्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै प्राविधिक सहायताको उपयोग गर्ने छ । शैक्षणिक ढाँचाका साथै शिक्षक तथा प्रशिक्षक दुवैले सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्न सक्ने प्रयोगकर्ता मैत्री निर्देशन पुस्तिका समेत तयार गरिने छ ।

## शैक्षिक सामग्री (एकीकृत पाठ्य पुस्तक तथा सन्दर्भ पाठ्य सामग्री)

कार्यक्रम अवधिमा पाठ्यक्रम विकास केन्द्रले प्रत्येक विषयका लागि छुट्टा छुट्टै पाठ्य पुस्तकका सट्टा विषयगत ज्ञानको सिकाइ आवश्यकतालाई एउटै पुस्तकमा समेटेर कक्षा १-३ का लागि प्रति कक्षा एउटै अभ्यास पुस्तिका तयार पार्ने छ । अभ्यास पुस्तिकामा पाठ्यक्रमका कक्षागत उद्देश्य तथा अपेक्षित सिकाइ उपलब्धि पनि स्पष्ट रूपले परिभाषित गरिने छ । एकीकृत सामग्रीहरू राप्राकपका कार्यान्वयनको अन्तिम अवस्थासम्ममा तयार पारिने छ ।

अधिकांश विद्यार्थीले नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने हुनाले भाषिक समुदायको सिकाइ आवश्यकताको सम्बोधनका लागि बहु अभ्यास पुस्तिकाहरू तयार पारिने छ । पाविकेले प्रारम्भिक कक्षाका लागि यस्ता एकीकृत अभ्यास पुस्तिकाको विकास गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहायताको प्रयोग गर्ने छ ।

## पूरक पाठ्य सामग्री

दोस्रो भाषाका रूपमा नेपाली भाषाको प्रयोग गर्ने लगायत प्रारम्भिक कक्षाका विद्यार्थीलाई लक्षित गरी विभिन्न पूरक पाठ्य सामग्री शृङ्खलाबद्ध रूपमा तयार पारिने छ । हाल बजारमा उपलब्ध पूरक पाठ्य सामग्रीबारे युएसएआइडीको सहयोगमा अध्ययन भइरहेको

छ । उक्त अध्ययनका प्रतिवेदनले प्रारम्भिक कक्षाका लागि बजारमा उपलब्ध सामग्रीको गुणस्तर र सान्दर्भिकता निरूपण गर्न सघाउ पुर्‍याउने छ ।

उक्त अध्ययनले उपयुक्त ठानी सिफारिस गरेका बजारमा उपलब्ध सामग्री पाठ्यक्रम विकास केन्द्रले बजारबाट खरिद गरेर र नपुग भएका सामग्री विज्ञहरूको सहयोगमा आफैंले विकास गरेर पर्याप्त सङ्ख्यामा विद्यालयहरूलाई वितरण गर्ने छ। यस्ता सामग्रीमा कथाका किताब, चार्ट, फ्ल्यास कार्ड, पजल आदि समाविष्ट हुने छन् । कक्षा १ देखि ३ सम्मका प्रत्येक कक्षाका पुस्तकालय कुनाका लागि यस्ता पूरक पाठ्य सामग्रीको घटीमा ५० सेट उपलब्ध गराइने छ। यस्ता सामग्रीहरूको कक्षा र सिकाइको स्तरअनुसार स्तरण गरिने छ। यसो भएमा शिक्षकले स्तर र क्षमताअनुसारका पुस्तक पढ्न विद्यार्थीलाई सिफरिस गर्न सक्ने छन् ।

## उपचारात्मक सहयोग सहित निरन्तर मूल्याङ्कन पद्धतिको सुदृढीकरण

पाठ्यक्रम विकास केन्द्रले हाल विद्यालयहरूमा प्रचलनमा रहेको निरन्तर मूल्याङ्कन पद्धतिको स्वतन्त्र अध्ययन गराउने छ र प्राप्त नतिजाका आधारमा मूल्याङ्कनका प्रक्रिया तथा साधनहरूको सरलीकरण गरेर यसलाई अझ परिमार्जन गराउने छ। निरन्तर मूल्याङ्कन पद्धतिको पुनरावलोकनका साथै पाठ्यक्रम विकास केन्द्रले यसको समग्र प्रयोगका लागि निर्देशिकाको पनि विकास गर्ने छ । उक्त निर्देशिकामा सिकाइको प्रगतिमा पछि परेका विद्यार्थीलाई उपचारात्मक शिक्षणको प्याकेज पनि समाविष्ट हुने छ । शैक्षिक जनशक्ति विकास केन्द्रले निरन्तर मूल्याङ्कन पद्धतिको प्रयोग तथा उपचारात्मक सहयोग सम्बन्धी शिक्षक तालिमका मोड्युलहरू तयार पार्ने छ । सबै प्राथमिक शिक्षकहरूलाई निरन्तर मूल्याङ्कन पद्धति र उपचारात्मक सहयोग सम्बन्धी तालिम प्रदान गरिने छ ।

## क्षमता विकास

निम्न लिखित क्षेत्रहरूमा पाठ्यक्रम विकास केन्द्रको क्षमता वृद्धि गरिने छ :

- प्रारम्भिक कक्षाका लागि एकीकृत पाठ्यक्रम तथा शैक्षणिक सामग्रीको निर्माण र विकासका क्षेत्रमा ।
- लेआउट, ग्राफिक डिजाइन तथा सम्पादन सफ्ट्वेयरका क्षेत्रमा
- प्राकपकाको कार्यान्वयन तथा प्रारम्भिक कक्षाहरूमा एकीकृत पद्धतिका बारेमा अध्ययन
- उपयुक्त उपकरण तथा सफ्ट्वेयर सहित प्राकपकाको सेल (शाखा) गठन
- निम्न लिखित क्षेत्रमा अन्तर्राष्ट्रिय सहायताको उपयोग गर्ने :

- एकीकृत पाठ्यक्रम तथा शैक्षणिक विधिको विकास
- पढाइको सिप शिक्षण गर्ने विज्ञ
- सामग्री डिजाइन र विकास गर्ने विज्ञ
- मूल्याङ्कन विज्ञ

- देहायका क्षेत्रमा राष्ट्रिय स्तरका प्राविधिक सहायताको उपयोग गर्ने :
    - भाषाविद्
    - सामग्री डिजाइन र विकास विज्ञ
    - मूल्याङ्कन विज्ञ

**अनुसन्धान तथा मूल्याङ्कन**

पाठ्यक्रम विकास केन्द्रले निम्न लिखित क्षेत्रमा अनुसन्धान तथा मूल्याङ्कन गर्ने छ :

- पाठ्यक्रमका विषय वस्तु र शैक्षणिक पद्धतिको पुनरावलोकन
- नेपाली पाठ्य पुस्तक र पूरक पाठ्य सामग्रीको पुनरावलोकन
- निरन्तर मूल्याङ्कन पद्धतिको पुनरावलोकन

## ६.२ शैक्षिक जनशक्ति विकास केन्द्र

विभिन्न मोड्युल तथा पुनर्ताजगी तालिम मार्फत शिक्षकहरूको क्षमता विकास गर्ने जिम्मेवारी पाएको शैक्षिक जनशक्ति विकास केन्द्र राप्राकपकाको अर्को महत्त्वपूर्ण कार्यान्वयन निकाय हो । प्रत्येक जिल्लामा यसका घटीमा एक तालिम केन्द्र (शैताके/अस्रोके) र शिक्षक तालिमका लागि आफ्नै पूर्णकालीन प्रशिक्षकका अतिरिक्त विज्ञ सूचीमा प्रशिक्षकहरू रहेका छन् । शैक्षिक जनशक्ति विकास केन्द्रका पर्याप्त योग्यता र दक्षतायुक्त प्रशिक्षकहरूले राष्ट्रव्यापी रूपमा विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

राप्राकपकाको आवश्कताको सम्बोधनका लागि शैक्षिक जनशक्ति विकास केन्द्रले विभिन्न प्रकारका तालिमका रणनीतिहरू तयार पार्ने छ । यस प्रयोजनका लागि र शैक्षिक जनशक्ति विकास केन्द्रको संस्थागत क्षमताको अभिवृद्धि गर्नं आवश्यक छ । राप्राकपकाको विकासात्मक चरणमा यसले क्षमता विकासको आवश्यकता पहिचान गरी सोही आधारमा केन्द्रीय तहदेखि जिल्लास्थित तालिम केन्द्रहरूसम्मका कर्मचारीलाई आवश्यकताअनुरूप क्षमता वृद्धिका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्ने छ ।

## शिक्षकको पेसागत विकास कार्यक्रमको ढाँचाको पुनरावलोकन

शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षकको पेसागत विकास कार्यक्रमको वर्तमान ढाँचाका सबल एवम् कमजोर पक्षको पुनरावलोकन गर्ने छ । शैक्षिक जनशक्ति विकास केन्द्रले यी क्रियाकलापका लागि नियमित कार्यक्रममा आवश्यक बजेट समावेश गरिसकेको छ । राप्राकपकाको अपेक्षाअनुसारको तालिम आवश्यकतालाई शिक्षकको पेसागत विकास कार्यक्रमको ढाँचाको पुनरावलोकन गर्दा सम्बोधन गरिने छ ।

पुनरावलोकनका नतिजा तथा सिफारिसका आधारमा शिक्षकको पेसागत विकास ढाँचाको परिमार्जन गरी त्यसमा पढाइका सिपको विकासमा केन्द्रित तालिमका अझ उपयुक्त मोड्युलहरू समावेश गर्नुका साथै राप्राकपकाको सफल कार्यान्वयनका लागि आवश्यक अन्य क्षमता विकासका कार्यक्रमहरूलाई प्राथमिकता प्रदान गरिने छ ।

## तालिम प्याकेज तथा तालिम मोड्युलहरूको विकास

शैक्षिक जनशक्ति विकास केन्द्रले अन्य तालिम प्रदायक संस्था समेतसँग सहकार्य गरी शिक्षकहरूलाई आवश्यकताअनुसार विभिन्न प्रकारका तालिम प्रदान गर्ने छ । तीमध्ये तालिमका प्रमुख मोड्युलहरू निम्न लिखत हुने छन्:

- पूर्व साक्षरता तथा पूर्व गणितीय सिपमा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमका सहजकर्ता तालिम
- पढाइका सिपमा केन्द्रित शिक्षक तथा भाषा पढाउने शिक्षक तालिम
- स्रोत शिक्षक तालिम
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका सदस्यका लागि तालिम
- निरन्तर मूल्याङ्कन र उपचारात्मक सहयोग सम्बन्धी तालिम
- मातृभाषामा शिक्षण तालिम

## तालिम सञ्चालन

- प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमका सहयोगी कार्यकर्ताहरूलाई पूर्व साक्षरता तथा पूर्व गणितीय सिप सम्बन्धी तालिम
- कक्षा १ देखि ३ सम्म पढाउने सबै कक्षा तथा भाषा शिक्षकहरूलाई लालिम
- शैक्षणिक सहयोग लगायत अनुगमन तथा निरीक्षण सम्बन्धी स्रोत शिक्षक तथा स्रोत व्यक्तिलाई तालिम

- निरन्तर मूल्याङ्कन पद्धति तथा उपचारात्मक सहयोग सम्बन्धमा प्राथमिक शिक्षकहरूलाई तालिम
- मातृभाषा शिक्षण सम्बन्धी तालिम

**अनुसन्धान तथा मूल्याङ्कन**

- शैक्षिक जनशक्ति विकास केन्द्रको संस्थागत क्षमता विकासको आवश्यकता पहिचान
- छोटो अवधिका तालिमको आवश्यकता पहिचान

**क्षमता विकास**

- प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई सहयोग पुर्‍याउन संस्थागत क्षमताको सुदृढीकरण
    - शैक्षिक जनशक्ति विकास केन्द्रका कर्मचारीको क्षमता बढाउने
    - शैताके र अस्रोकेका कर्मचारीको क्षमता बढाउने
    - कार्यालयका लागि उपकरण तथा मल्टिमिडिया प्रोजेक्टर
    - प्रशिक्षकहरूलाई राप्राकपका सम्बन्धी पुनर्ताजगी/अभिमुखीकरण
- शिक्षक आदान प्रदान कार्यक्रम
    - विभिन्न प्रकारका विद्यालय पद्धति तथा अभ्यासहरूको अवलोकन भ्रमण
- सूचना प्रविधिमा आधारित तालिम सामग्रीको उत्पादन
- क्षेत्रीय तालिम संस्थाहरूको अध्ययन भ्रमण

## ६.३ शैक्षिक गुणस्तर परीक्षण केन्द्र

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्राथमिताका साथ विद्यालय, विद्यार्थी, शिक्षक तथा अन्य शैक्षिक सेवा प्रदायकहरूको स्वतन्त्र मूल्याङ्कन/परीक्षण गर्दछ । राप्राकपकाको कार्यान्वयनका अवधिमा प्रारम्भिक कक्षाका विद्यार्थीहरूको सिकाइ उपलब्धिको नियमित परीक्षण गर्ने जिम्मेवारी पनि शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई नै प्रदान गरिने छ। स्तरीय साधनहरूको प्रयोग गरेर विद्यार्थीका सिकाइको स्वतन्त्र परीक्षणका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रको क्षमता विकास गरिने छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले निम्न लिखित क्रियाकलाप तथा कार्यक्रमहरू सञ्चालन गर्नेछ :

- विद्यार्थीका सिकाइको नियमित परीक्षणका लागि आवश्यक साधन तथा तथा फारामको विकास,
- निरन्तर मूल्याङ्कन पद्धतिका लागि सरल साधन तथा प्रक्रियाको विकास
- क्षमता अभिवृद्धि
- अनुसन्धान तथा मूल्याङ्कन

## ६.४ शिक्षा विभाग

शिक्षा विभाग शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने प्रमुख निकाय हो । यसले कार्यक्रम कार्यान्वयनका लागि क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय तथा स्रोतकेन्द्र जस्ता मातहत निकायमार्फत विद्यालय शिक्षाको समग्र व्यवस्थापन गर्छ ।

राप्राकपकाको कार्यान्वयनको प्रमुख जिम्मेवारी पनि शिक्षा विभागकै क्षेत्राधिकारभित्र पर्छ । शिक्षा विभागले राप्राकपकाको स्वीकृत दस्तावेज को परिधिभित्र रहेर वार्षिक रणनीतिक कार्यान्वयन योजना र वार्षिक कार्ययोजना तथा बजेटको तर्जुमा गर्छ । उक्त वार्षिक रणनीतिक कार्यान्वयन योजना र वार्षिक कार्ययोजना तथा बजेटका परिधिमा रहेर निश्चित कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूलाई स्रोत तथा साधनहरू वितरण गर्छ ।

कार्यक्रम तथा बजेटका साथै शिक्षा विभागले समग्र संयोजन तथा कार्यान्वयनको जिम्मेवारी पनि वहन गर्छ । यसका लागि शिक्षा विभागले आफ्नो आन्तरिक संयन्त्रलाई सुदृढ पार्नु आवश्यक छ । शिक्षा विभागले निम्न लिखित क्रियाकलाप तथा कार्यक्रमहरू सञ्चालन गर्नेछ :

- कार्यान्वयनको समग्र संयोजन
- आन्तरिक अनुगमन तथा प्रशासनिक मुद्दाहरूको पुनरावलोकन
- जिशिअ, स्रोत व्यक्ति, विव्यस तथा शि.अ.सङ्घ जस्ता शैक्षिक सेवा प्रदायकहरूको अभिमुखीकरण
- अनुसन्धान तथा मूल्याङ्कन

## ६.५ शिक्षा मन्त्रालय (नीति निर्धारण समिति)

शिक्षा मन्त्रालय नीति निर्धारण गर्ने निकाय भएकाले कार्यक्रमका लक्ष्य तथा उद्‌देश्य प्राप्ति सुनिश्चित गर्ने प्रमुख जिम्मेवारी पनि यसैको छ। शिक्षा मन्त्रालयभित्र एउटा नीति निर्धारण समितिको सचिवालय नामक शाखाको व्यवस्था छ। शिक्षा सम्बन्धी नयाँ कार्यक्रम तथा क्रियाकलापको तर्जुमा गर्नु यस समितिको जिम्मेवारी हो। नेपालका लागि राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम नयाँ नै भएकाले यसको विकासको चरणमा नीति निर्धारण समितिले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो।

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु हुने अवस्थामा पुगिसकेकाले समग्र शिक्षा नीतिको प्रभावको निरन्तर अनुगमन गर्नुपर्ने भएकाले शिक्षा मन्त्रालय/शिक्षा नीति निर्धारण समितिको भूमिका अझ महत्त्वपूर्ण हुन्छ। त्यसै गरी राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयनको एक चरण पूरा भई अर्कामा सङ्क्रमण गर्दा केही नियमनकारी प्रावधान तथा नीतिगत व्यवस्थाको आवश्यकता पर्न सक्छ। यस्ता विशिष्ट प्रयोजनका लागि नीति निर्धारण समितिले राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वनको अवस्थालाई अझ नजिकबाट अनुगमन गर्नुपर्ने हुन्छ।

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका सम्बन्धमा शिक्षा मन्त्रालयले निम्न लिखित कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गर्ने छ :

- राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको सुचारु रूपले कार्यान्वयनका लागि सहयोग गर्न नीतिगत पुनरावलोकन तथा विकास
- राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको प्रगतिको आवधिक समीक्षाका साथै कार्यक्रमको नियमित अनुगमन एवम् निरीक्षण
- राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका प्रमुख कार्यान्वयनकर्ता एवम् केन्द्रदेखि जिल्ला स्तरसम्मका कार्य दलको क्षमता अभिवृद्‌धि
- नीति निर्धारण समिति तथा अन्य सम्बन्धित शाखाहरूको क्षमता विकास

# ७. राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका लागि संरचनागत व्यवस्था

शिक्षा मन्त्रालय अन्तर्गतका प्रत्येक केन्द्रीय निकायले १ देखि २ जनासम्म कर्मचारी राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम हेर्न खटाउँछन्। उनीहरू समावेश भएको राष्ट्रिय कार्य दल बनाइने छ। यसमा रहने कर्मचारीहरू पूर्णकालीन हुन्छन्। त्यस्ता कर्मचारीहरूको छनोट तिनको भाषा शिक्षणप्रतिको लगाव तथा प्रतिद्‌धताका साथै नेपाली भाषाको पाठ्यक्रम,

सामग्री निर्माण तथा विकास, तालिम तथा प्राथमिक शिक्षाको गुणस्तर सुधारका रणनीति निर्माणका पृष्ठभूमि भएको आधारमा गरिने छ। राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रममा समर्पित यस कार्य दलका सदस्यहरूलाई कार्यक्रमको समाप्ति नभएसम्म अर्थात् आगामी ३-५ वर्ष अन्य सरुवा गरिने छैन। यसका अतिरिक्त प्रत्येक केन्द्रीय निकायले अरु ३-५ व्यक्ति पहिचान गर्नेछन्। यिनले राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको मुख्य कार्य दलको अङ्गका रूपमा काम गर्नुका साथै अरु दलमा रही अन्य तोकिएका काम गर्न सहभागी हुने छन्।

## राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम निर्देशन समिति

शिक्षा मन्त्रालयले सुरुमै राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको दस्तावेजको विकास तथा यसको कार्यान्वयनमा सहयोग पुर्याउनका लागि एउटा निर्देशन समितिको निर्माण गरिसकेको छ। यस समितिको अध्यक्षता शिक्षा मन्त्रलय, योजना महाशाखाका सहसचिवले गर्ने र शिक्षा मन्त्रालयअन्तर्गतका केन्द्रीय निकायका प्रमुखहरू यसका सदस्य रहने छन्। नीति निर्धारण समितले यस निर्देशन समितिको सचिवालयको काम गर्छ।

यस समितिले प्रारम्भिक कक्षा पढाइ सम्बन्धी विभिन्न निर्णयहरूको सहजीकरणका लागि थुप्रै परामर्शहरू गरिसकेको छ। निर्देशन समितिको बैठकमा भएका छलफल तथा निर्णयहरूको अभिलेख नीति निर्धारण समितिले राख्छ।

## प्रारम्भिक कक्षा पढाइ कार्यक्रम राष्ट्रिय कार्य दल

शिक्षा मन्त्रालयले शिक्षा मन्त्रालय, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक जनशक्ति विकास केन्द्रको प्रतिनिधित्व भएको राष्ट्रिय कार्य दल गठन गरेको छ। यसले आफ्ना कामको प्रारम्भ गरी प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको विकासमा उल्लेख्य योगदान समेत प्रदान गरेको छ। यस कार्य दलले युएसएआइडीको सहयोगमा हाल सञ्चालित शिक्षक अवलोकन सर्भे (Teacher Observation Survey), शैक्षिक व्यवस्थापन प्रभावकारिता सर्भे (EMES) तथा प्रारम्भिक कक्षा पढाइ परीक्षण (EGRA) लगायत प्रारम्भिक कक्षा सम्बन्धी अध्ययन तथा मूल्याङ्कनका क्रममा समेत पर्याप्त मार्गनिर्देश तथा सहजीकरण भइरहेको छ।

यस दलका सदस्यहरूले शैक्षणिक ढाँचा तथा सामग्री विकास कार्य दल, पठन सामग्री विकास कार्य दल तथा तालिम विकास कार्य दलमा प्रतिनिधित्व गर्ने छन्। प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका विभिन्न गतिविधिको प्रगतिको समीक्षा तथा पुनरावलोकन गर्न राष्ट्रिय कार्य दलको बैठक नियमित रूपले बस्ने छ र विभिन्न कार्य दलमा देखापरेका

प्राज्ञिक समस्याहरूको समाधान खोज्ने छ। प्रारम्भिक कक्षा पढाइ कार्यक्रम सम्बन्धी समग्र कार्यहरूमा प्राज्ञिक मार्ग निर्देश प्रदान गर्नु नै यस दलको प्रमुख जिम्मेवारी हो । यसले शिक्षण सिकाइ तथा तालिमका गतिविधिहरूको पुनरावलोकन गर्न समय समयमा नियमित रूपले गठन हुने संयुक्त निरीक्षण टोलीमा सहभागिता जनाउने छ, जिल्ला कार्य दलबाट प्राप्त पृष्ठपोषणको विश्लेषण गर्ने छ र त्यस सम्बन्धमा चाल्नुपर्ने कदमबारे निर्णय लिने छ। उदाहरणका लागि पुनर्ताजगी तालिममा प्रभावकारिता बढाउन त्यसका कुनै पक्षमा सुधारका सुझाव आए भने राष्ट्रिय कार्य दलले शैजविके सम्बद्ध कार्य दललाई आवश्यक सिफारिस गर्न सक्छ । माथि नै भने झैँ यस कार्य दलमा पाविके, शैजविके तथा शिक्षा विभागका वरिष्ठ कर्मचारीहरू रहने छन्। वरिष्ठतम् अधिकारीले कार्य दलको अध्यक्षता गर्ने छन्। यस टोलीको सचिवालयको काम नीति निर्धारण समतिले गर्ने छ ।

### राष्ट्रिय कार्य दल

विभिन्न कार्य गर्ने कार्य दलहरूलाई प्रत्येक केन्द्रीय निकायसँग आबद्ध गरिने छ । यसका अतिरिक्त शैक्षणिक ढाँचाहरूको निर्माण तथा विकास, सामग्री विकास, प्रारम्भिक कक्षाका पढाइ सामग्री एवम् कथाका किताब, परीक्षण तथा मूल्याङ्कन जस्ता विषयमा विज्ञता भएका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरूसँगको सल्लाहमा उनीहरूको पनि सहभागिता रहने छ ।

### जिल्ला कार्य दल

जिल्ला कार्य दल जिल्ला शिक्षा अधिकारीको अध्यक्षतामा गठन हुने छ। जिल्ला कार्य दललाई परिचालन गर्ने जिम्मेवारी जिशिकाका एक जना उपसचिवलाई प्रदान गरिने छ, जसले प्राकपकाका लागि पूर्णकालीन रूपले काम गर्नुपर्ने छ । यसमा स्थानीय शैताके, अस्रोके, निरीक्षक, स्रोत व्यक्ति तथा प्राथमिक शिक्षासँग सम्बद्ध गैर सरकारी संस्थाको प्रतिनिधित्व रहने छ ।

जिल्ला कार्य दलको जिम्मेवारी निम्न लिखितअनुसार हुने छ :

- कार्यक्रमको थालनीपूर्व विद्यालयहरूको परिचालन
- नियमित रूपमा प्रशासनिक पुनरावलोकन
- नियमित रूपमा शैक्षिक पुनरावलोकन

जिल्ला कार्य दललाई स्रोत केन्द्र तहले प्रशासनिक तथा शैक्षणिक पृष्ठपोषण प्रदान गर्ने छन् । प्रत्येक महिना यस समूहले दुई बैठकको आयोजना गर्ने छ । पहिलो बैठकमा राप्राकपका सम्बद्ध प्रशासनिक तथा व्यवस्थापकीय मुद्दामा छलफल हुने छ र दोस्रोमा

शैक्षणिक मुद्दामा । राप्राकपकको जिल्ला स्तरको नेतृत्वदायी जिम्मेवारीमा रहेका जिल्ला शिक्षा कार्यालयका सम्बन्धित अधिकारी निरन्तर स्रोत व्यक्तिहरूको सम्पर्कमा रहने छन् र कार्यक्रमका विषयमा नियमित छलफल तथा विचार विमर्श गर्ने छन् ।

तत्काल कुनै सहयोगको आवश्यकता परेमा वा विद्यालय तहबाट कुनै महत्त्वपूर्ण पृष्ठपोषण प्राप्त भई त्यसमाथि गम्भीर परामर्श गर्नुपरेमा यस समूहले जिल्ला कार्य दलसँग सम्पर्क र परामर्श गर्ने छ ।

### स्रोत केन्द्र स्तर

स्रोत केन्द्रअन्तर्गत सबै समूह विद्यायहरूको नियमित अनुगमन एवम् निरीक्षण तथा शिक्षकहरूलाई प्राज्ञिक सहयोग प्रदान गर्ने जिम्मेवारी स्रोत व्यक्तिको हुने छ। यो चुनौतीपूर्ण काम हो भनेर माथि नै भनिसकियो । प्रत्येक स्रोत व्यक्तिका लागि ३ जनाका दरले प्राकप स्रोत शिक्षकहरूको सहयोग उपलब्ध गराइने छ, जसले प्राकप सम्बन्धी थप तालिम पाउने छन् । यस समूहले प्रति महिना बैठकको आयोजना गर्ने छन्, जसमा पहिले गरिएको विद्यालय भ्रमणबाट प्राप्त पृष्ठपोषणको समिक्षा गरिने छ र आगामी भ्रमणको योजना निर्माण गर्ने काम हुने छ । यस बैठकमा जिल्ला कार्य दललाई जानकारी गराउनुपर्ने विषयहरूको पनि निर्धारण गरिनेछ ।

## ८. सरकारी कर्मचारीको क्षमता विकास

शिक्षाको गुणात्मक सुधार उन्मुख कुनै कार्यक्रमको सुरु नै राष्ट्रिय स्तरमा (यसमा क्षेत्रीय तथा जिल्लाका सक्षम कर्मचारी पनि पर्छन्) सक्षम तथा व्यावसायिक दक्षतायुक्त कर्मचारीहरूको व्यवस्थाबाट हुन्छ ।

तोकिएका कार्य सम्पन्न गर्नका लागि राप्रकपकाको योजनामा पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, शिक्षा विभाग तथा शिक्षा मन्त्रालय लगायत सबै सम्बद्ध निकायहरूको क्षमता विकासका प्रावधान राखिएका छन् । प्रत्येक निकायले आ-आफ्नो संस्थागत क्षमता विकासको योजना बनाई कार्यान्वयन गर्ने छन् । निर्देशन समिति, केन्द्रीय कार्य दल तथा जिल्ला कार्य दलले राप्राकपकाको कार्यान्वयनमा प्रमुख भूमिकाको निर्वाह गर्ने भएकाले राप्राकपकाको विकासात्मक कार्यका अवधिभित्रै तिनका लागि व्यापक अभिमुखीकरणको आवश्यकता पर्ने छ । कार्यक्रम सम्बद्ध अवधारणा, उद्देश्य तथा रणनीतिहरूबारे जिम्मेवार निकायहरूलाई प्रारम्भमै स्पष्ट गराइएन भने अपेक्षित नतिजा हासिल हुन सक्दैन । त्यसकारण कार्यक्रमको विकासात्मक चरणमा यी निकायहरूका लागि

नीति निर्धारण समितिले राष्ट्रिय स्तरमा अभिमुखीकरण तथा तालिमको आयोजना गर्नेछ। अभिमुखीकरण एवम् तालिमको ढाँचा तयार गर्न तथा अभिमुखीकरण गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको प्राविधिक सहायता उपलब्ध गराइने छ।

## ८.१ सहायता व्यवस्थापन कार्यालय

शिक्षा मन्त्रालयले क्षमता विकास र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्राविधिक सहायता लगायत सम्पूर्ण विकासात्मक कार्यको संयोजनका लागि एउटा प्राविधिक सहायता व्यवस्थापन कार्यालय स्थापना गर्ने छ। कार्यक्रम कार्यान्वयन सम्बद्ध निकाय तथा व्यक्तिलाई उपयुक्त समयभित्रै आवश्यक स्रोत साधन, प्राविधिक सहयोग तथा भैपरी सहयोग उपलब्ध गराउने प्रमुख जिम्मेवारी यसै कार्यालयको हुने छ। यस कार्यालयले सबै प्रकारका परामर्श, कार्यशाला, आदान प्रदान तथा अध्ययन भ्रमणहरूको समग्र व्यवस्थापन गर्नुका साथै राप्राकपकाको सफल कार्यान्वयनका लागि मध्यावधि मूल्याङ्कन र अन्तिम मूल्याङ्कन लगायत अन्य आवश्यक स्थानीय तथा अन्तर्राष्ट्रिय सेवा प्रदायकहरूको पहिचान, छनोट र व्यवस्थापनमा पनि सघाउने छ।

## ९. वित्तीय व्यवस्था

विद्यालय क्षेत्र सुधार कार्यक्रमको विस्तारित योजनाको प्राथमिकता प्राप्त कार्यक्रममध्ये राप्राकपका पनि एक हो। यसको कार्यान्वयनका लागि आवश्यक पर्ने रकम उपलब्ध गराउन नेपाल सरकार पूर्ण रूपले प्रतिबद्ध छ। विद्यालय क्षेत्र सुधार कार्यक्रम विस्तार योजना नेपाल सरकार र यसका विकास साझेदारहरूले अनुमोदन गरिसकेका हुनाले राप्राकपका जस्ता विद्यालय क्षेत्र सुधार कार्यक्रमका अवयवहरूका लागि पर्याप्त रकमको सुनिश्चितता गर्नु नेपाल सरकार र विकास साझेदारहरूको संयुक्त जिम्मेवारी हो।

हाल एसियाली विकास बैङ्क, अस्ट्रेलिया, युरोपेली आयोग, फिनल्यान्ड, जी.पी.ई., नर्वे, युनिसेफ र विश्व बैङ्क लगायत आठ ओटा पुलिङ साझेदारले विद्यालय क्षेत्र सुधार कार्यक्रमको विस्तारित योजना कार्यान्वयनका लागि प्रतिबद्धता जाहेर गरेका छन्। यी बाहेक नन पुलिङ साझेदारका रूपमा जापान, युएनडिपी, युनेस्को, युएसएफपिए, युएसएआइडी र डब्लुएफपीले सहयोग गर्ने छन्।

राप्राकपका विद्यालय क्षेत्र सुधार विस्तारित योजनाकै हिस्सा भएकाले यस कार्यक्रमको कार्यान्वयनका लागि सिर्जित दायित्वको वहन नेपाल सरकार तथा विकास साझेदार दुवैको

जिम्मेवारी बनेको छ । राप्राकप कार्यक्रमको विकासात्मक कार्य तथा क्रियाकलापहरूको कार्यान्वयनका लागि तथा मध्य र सुदूर पश्चिमाञ्चलका २० जिल्लामा कार्यक्रम कार्यान्वयनका लागि खर्च व्यहोर्न युएसएआइडीसँग छुट्टै सम्झौता गरिने छ ।

## ९.१ लागत अनुमान

राप्राकपकाका अवयव एवम् क्रियाकलापका लागि गरिएको लागत अनुमान सरकारको वर्तमान नर्म्स र खर्चको ढाँचामा आधारित छ । विद्यालय, विद्यार्थी तथा शिक्षक लगायत अन्य खर्च एकाइहरूको सङ्ख्या फ्ल्यास रिपोर्ट २०१२ मा आधारित छ । मुद्राको सटही दरमा हुने घटबढलाई ध्यानमा राखेर प्रति अमेरिकी डलर नेपाली रुपियाँ ९५ मा हिसाब गरिएको छ । त्यसै गरी मुद्रा स्फिति हुन सक्ने सम्भावनालाई ध्यानमा राखी खर्च एकाइहरूको सङ्ख्या केही उच्च तहमा छ ।

**राप्राकपकाको कुल लागत**

| विकासात्मक/कार्यान्वयनका क्रियाकलाप | | कुल |
|---|---|---|
| क | शैक्षणिक ढाँचा तथा सामग्री विकास | ४,७०५,७५०,००० |
| ख | सामुदायिक विकास र सहयोग | ३२६,०००,००० |
| ग | शिक्षकको पेसागत विकास र शैक्षणिक सहयोग | ९०४,०७०,००० |
| घ | विद्यार्थी मूल्याङ्कन | ९,१००,००० |
| ङ | अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन | २९,४००,००० |
| च | क्षमता विकास | ७४८,२००,००० |
| | **कुल ने.रु.** | **६,७२२,५२०,०००** |
| | **कुल अमेरिकी डलर** | **७०,७६३,३६८** |

## ९.२ वित्तीय व्यवस्था

माथि उल्लेख गरिएझैँ राप्रकपकाका लागि गरिने खर्च नेपाल सरकार तथा विकास साझेदारहरूको साझा दायित्व हो । यसमा युएसएआइडी प्रमुख सहयोगी साझेदार हो । राप्रकपकाको कार्यान्वयनको पाँच वर्षको कार्यकालमा हुने करिब ७१ मिलियन डलरमध्ये २५ मिलियन युएसएआइडीले र बाँकी नेपाल सरकार तथा पुलिङ विकास साझदारले व्यहोर्ने छन् । युएसएआइडीको सहयोग रातो किताब र प्राविधिक सहायता मार्फत प्रवाहित हुने अपेक्षा छ ।

## १०. अनुमान र पूर्व सर्त

- नेपाली भाषाको शिक्षण समयमा वृद्धि गरी प्रति हप्ता १२ घण्टी पुर्‍याइएको हुनुपर्ने । यसअनुसार पुरा १५० दिन विद्यालय सञ्चालन भएमा नेपाली विषयले २०० देखि २२० घण्टा पाउने छ ।
- विद्यालयमा बहुकक्षा शिक्षण सिकाइको वातावरण रहेका अवस्थामा समेत नेपाली पढाउने शिक्षकले (यदि मातृभाषालाई विषयका रूपमामा पढाइने अवस्था भएमा सोमा समेत) तोकिएको शिक्षण समय नेपाली भाषाको शिक्षणमा लगाउनै पर्ने हुन्छ।
- नेपाली तथा मातृभाषाको शिक्षण सिकाइको महत्त्व बढ्दो क्रममा रहेकाले यी भाषामा विद्यार्थीको पढाइका सिप तथा बानीमा सुधार ल्याउन विशेष जोड दिनु आवश्यक छ भन्ने तथ्यबारे विद्यालय, अभिभावक, समुदाय तथा शिक्षाका अधिकारीहरूलाई चित्त बुझाउनका लागि सामाजिक परिचालनका रणनीतिहरूको प्रभावकारी कार्यान्वयन भएको हुने छ ।
- मातृभाषा पढाउन चाहने र पढाउन आवश्यकता भएका विद्यालयहरूको समयभित्रै स्पष्ट परीक्षण गरिएको हुनुपर्ने छ ।
- सरकारले उपयुक्त सङ्ख्यामा शिक्षकहरूको उपलब्धता शिक्षण सिकाइलाई प्रभावकारी बनाउन प्राथमिक न्यूनतम सर्तहरूको सुनिश्चितता गरेको हुनुपर्ने छ । कक्षा १-३ मा प्रभावकारी शिक्षण सिकाइका लागि ४०:१ भन्दा बढी विद्यार्थी शिक्षक अनुपात हुनु हुन्न । हाल कक्षा १-३ मा नेपाली विषय पढाउने शिक्षकहरूको पारिश्रमिक पनि धेरै छैन ।
- प्रत्येक स्रोत केन्द्रमा प्रारम्भिक कक्षा पढाइ सम्बद्ध स्रोत शिक्षकको छनोट गरी तिनलाई अनुगमन तथा प्राज्ञिक सहयोगका लागि सशक्तीकरण गरिएको हुनुपर्ने छ।
- प्रारम्भिक कक्षामा पढाइ सिपको दिगो विकासका लागि पर्याप्त ध्यान केन्द्रित गर्नुका साथ यसका लागि आवश्यक प्रयास तथा स्रोत साधनको प्रावधान गरिएको हुनुपर्ने छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमको विस्तारित योजना कालमा र तत्पश्चात्का कार्यक्रममा समेत प्रारम्भिक कक्षामा पढाइ सिपको गुणात्मक सुधारलाई अनिवार्य सर्तका रूपमा प्राथमिकता प्रदान गरिएको हुनुपर्ने छ । विकास साझेदारहरूले यस कार्यक्रमलाई सुनिश्चित गर्न  निरन्तरता दिएको हुनुपर्ने छ ।

- राष्ट्रिय तथा जिल्ला स्तरमा दक्ष एवम् समर्पित कार्य दलले नियमित अनुसन्धान, अनुगमन, पृष्ठपोषण सङ्कलन एवम् विश्लेषण र प्राप्त नतिजाका आधारमा सुधारात्मक कदम चाल्ने जस्ता शिक्षण सिकाइका व्यावसायिक व्यक्तिहरू रहेको हुनुपर्ने छ । अनुगमन तथा मूल्याङ्कनको नतिजाका आधारमा कार्यक्रममा निरन्तर परिमार्जन जस्ता कुराहरू राप्रकपकाको सबल पक्ष हुने छ । कार्यक्रम कार्यान्वयनका प्रारम्भिक चरणमा डिजाइन गरिएका सामग्री तथा तालिमलाई पछिका चरणका लागि पनि त्यही नै अन्तिमसम्म कार्यान्वयनमा आउँछ भन्ने सम्झनु हुन्न ।

**राप्राकपकाका जोखिम तथा सीमा**

निम्न लिखित सीमाहरूका कारणले राप्राकपकाको प्रभावकारिता न्यून हुन सक्छ :

**भाषिक नीति तथा अभ्यास सम्बन्धी**

- अङ्ग्रेजीलाई विषयका रूपमा तथा माध्यम भाषाका रूपमा अधिक महत्त्व दिनु ।
- विद्यालयले मातृभाषालाई विषयका रूपमा राख्न पाउने भए तापनि अनावश्यक बोझ थोपरिने गरी अङ्ग्रेजी, नेपाली तथा मातृभाषा तिनै भाषालाई कक्षा १ देखि नै पढाइन्छ । यसले गर्दा सबै भाषाको पढाइको उपलब्धिलाई सीमित गर्छ ।

**कार्यक्रमको ढाँचा सम्बन्धी**

- सबै विद्यालयमा/कक्षामा पुस्तकालयको व्यवस्था हुन सकेन भने विद्यार्थीको पढाइ सिप तथा पढ्ने बानीमा आएको सुधारमा दिगोपना रहँदैन ।
- विद्यार्थीलाई अभ्यास पुस्तिका प्रदान नगर्ने निर्णय भएमा त्यसले विद्यार्थीलाई अभ्यासका अवसर नदिने भएकाले पढाइ सिपलाई सघाउने लेखाइ सिपको सिकाइमा नकारात्मक प्रभाव पार्दछ ।
- प्रारम्भिक बाल शिक्षा तथा विकासलाई राप्रकपकाका अवयवमा समावेश गरिएन भने पूर्व पढाइ तथा पूर्व लेखाइका आधारभूत सिप विकासको अवसर गुम्ने छ । बाल बालिकालाई विद्यालय पठाउनुपूर्व गरिने केही हप्ताको तयारी आधारभूत सिप सिकाइका लागि पर्याप्त नहोला ।

**संरचनागत व्यवस्था सम्बन्धी**

- कार्य स्थलमा शिक्षकहरूलाई नियमित सहयोग र मार्ग निर्देश प्रदान गर्न उपयुक्त मानवीय स्रोत साधन उपलब्ध नभएका खण्डमा शिक्षण सिकाइमा परिवर्तन ल्याउने

अभ्यासमा अवरोध उत्पन्न हुन्छ । यदि स्रोत व्यक्ति तथा प्राकप स्रोत शिक्षक नियमित रूपले कक्षा निरीक्षण गर्न र शिक्षकहरूलाई मार्ग निर्देश गर्न सक्षम भएनन् भने राप्राकपको कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ ।

**वित्तीय व्यवस्था सम्बन्धी**

- विद्यालय क्षेत्र सुधार कार्यक्रमका लागि पर्याप्त वित्तीय व्यवस्था हुन सकेको छैन । अतः शिक्षा मन्त्रालय तथा विकास साझेदारहरू सामु राप्राकपकाका लागि पर्याप्त स्रोतको व्यवस्था गर्नँपर्ने चुनौती छ । यसका लागि मौजुदा कार्यक्रम तथा क्रियाकलापको प्राथमिकतामा परिमार्जनको आवश्यकता छ ।

**व्यवस्थापन सम्बन्धी**

- उपयुक्त समयभित्रै आवश्यक शैक्षिक सामग्रीको गुणस्तरीय छपाइ र वितरणको सुनिश्चितता
- विकास गरिएका स्तरीकृत पढाइ सामग्री केही वा सबै छपाइका लागि निजी संस्थाहरूसँग सहकार्य र विद्यालय व्यवस्थापन समितिलाई उपलब्ध गराइएको बजेटको प्रयोगबाट ती सामग्री खरिदको सुनिश्चितता । विगतमा विव्यसबाट अनुदान रकम खर्च गर्ने सम्बन्धी नियमको उल्लङ्घन भएको थियो ।
- सिकाइ लक्षित कार्यक्रमका लागि शिक्षण विधि, सामग्री, तालिम तथा प्राज्ञिक सहयोग, मूल्याङ्कन, अनुगमन तथा निरीक्षण जस्ता क्षेत्रमा सम्बन्धित निकायसँग राम्ररी संयोजन गर्नुपर्छ । यी क्षेत्रहरू पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र तथा शिक्षा विभाग जस्ता छुट्टा छुट्टै निकायका जिम्मा छन् । यस्तोमा सहकार्य भएन र निकायहरूबिच आपसी समन्वय भएन भने समस्या आउन सक्छ ।
- राप्राकपकाको कार्यान्वयनका लागि केन्द्रीय तहमा रहेर काम गरिरहेका अनुभवी, दक्ष र सघन तालिम लिएका अधिकारीहरूको कार्यक्रमका बिचमै (३ देखि ५ वर्ष नपुग्दै) अन्यत्र सरुवा भएका खण्डमा कार्यक्रम प्रभावित हुन सक्छ ।

**<u>सङ्केतको व्याख्या</u>**

i फ्ल्यास । रिपोर्ट २०१२/१३ शिक्षा विभाग/शिक्षा मन्त्रालय

ii फ्ल्यास । रिपोर्ट २०१२/१३ शिक्षा विभाग/शिक्षा मन्त्रालय

iii कक्षा ५ को नेपाली भाषाको राष्ट्रिय परीक्षणका सीमाहरू निम्न लिखित छन् :

- पढाइका मौखिक गतिको परीक्षण भएको छैन
- कक्षा ५ का बुझाइ परीक्षण गर्ने प्रश्न पनि केबल सम्झाइसँग सम्बन्धित छन् । तथ्यहरूको विश्लेषण गरेर नतिजा निकाल्ने प्रश्नहरूको अभाव छ ।
- अधिकांश विवरण तथा विश्लेषणहरू औसत मानमा आधारित छन् । त्यसैले तिनबाट पढाइको गति, बुझाइ तथा शब्दभण्डार जस्ता आधारभूत र मुख्य सिपका क्षेत्रमा हासिल गरेको दक्षता प्रतिविम्बित हुँदैन ।
- विश्लेषणले सबैभन्दा कम अङ्क हासिल गर्ने विद्यार्थीले के गर्न सक्छ र के सक्दैन भनेर औंल्याउँदैन । परिचित शब्द पढ्ने जस्ता आधारभूत सिपलाई समावेश गरिएको छैन र प्रश्नलाई सिपका आधारमा विभाजन पनि गरिएको छैन । अतः कम अङ्क ल्याउने विद्यार्थी कुन तहमा छन् भनी छुट्याउन सकिँदैन ।
- प्रश्नलाई सामान्य देखि उच्चतम सिपमा स्तरण गरिएको छैन । निश्चित प्रश्नमा प्राप्त शून्य अङ्कको विश्लेषणले विद्यार्थीलाई कहाँ कठिनाइ छ भन्ने सङ्केत मिल्नुपर्थ्यो ।
- ३० प्रतिशत अङ्कलाई न्यूनतम स्तरको दक्षताका रूपमा प्रयोग गरिएको छ । तर ३० प्रतिशतको व्याख्या गरिएको छैन ।

iv रुम टु रिड (२००९) नवलपरासी, प्युठान र धादिङ जिल्लाका सामुदायिक विद्यालयका कक्षा २ का विद्यार्थीको पढाइ क्षमताको आधार रेखा सर्वे । नेपालः रुम टुरिड

v EQUIP २(२०१०) सिकाइका अवसरको उपयोग तथा नेपालमा विद्यालयको प्रभावकारिता मापन गर्न प्रारम्भिक कक्षाहरूमा पढाइको गति । युएसएआइडी । सन् २००८ मा नेपालका ४ जिल्लाका २३ विद्यालयमा कक्षा ३ मा पढ्ने ४८० विद्यार्थीको परीक्षण गरिएको थियो ।

vi सेभ दि चिल्ड्रेनले सन् २०११ मा नेपालका २ जिल्लाका २० विद्यालयमा कक्षा २ मा पढ्ने ३६८ विद्यार्थीको परीक्षण गरेको थियो ।

viii वर्ल्ड एजुकेसनले सन् २०१२ मा बाँके र दाङ जिल्लाका ६ गा.वि.स का ४४ सामुदायिक विद्यालयमा कक्षा २ र ३ मा पढ्ने १२३२ केटा र १३८९ केटीहरूको पढाइ र गणितको परीक्षण गरेको थियो ।

ix राष्ट्रिय प्रारम्भिक कक्षा सिकाइ कार्यक्रमको ढाँचा निर्माणको कार्य थालनी गर्न प्राविधिक कार्य दल गठन भएको थियो । त्यसमा शिक्षा मन्त्रालय, शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र र पाठ्यक्रम विकास केन्द्रको प्रतिनिधित्व छ ।

x भक्तपुर, काभ्रे, काठमाडौं र चितवनका ७ विद्यालयमा पढ्ने कक्षा २ का ३२ र ३ का ३२ गरी जम्मा ६४ विद्यार्थीको परीक्षण गरिएको थियो । विद्यार्थीको छनोट र्‍यान्डम विधिबाट गरिएको थिएन । त्यसो हुनाले यी विद्यालयहरूको वास्तविक औसत अङ्क कम हुन सक्छ ।

xi ती चरणहरू निम्न लिखित थिए :

i **चरण १** (२००३-२००५) प्राथमिक शिक्षामा बहुभाषिक अवस्था भएका सन्दर्भमा लेख्य परम्परा र पाठ्य पुस्तक भएका लिम्बु, राई बान्तावा, नेवारी, मैथिली, उर्दु, भोजपुरी, मगर, शेर्पा र थारु गरी ११ अल्पसङ्ख्यक भाषालाई प्रोत्साहन गर्ने ।

ii **चरण २** (२००६-२००८) लेख्य परम्परातर्फ उन्मुख अल्पसङ्ख्यक भाषाहरूको पाठ्यक्रम तथा पाठ्य पुस्तक तयार पार्ने र ती भाषालाई प्राथमिक शिक्षामा बहुभाषिक अवस्था भएका सन्दर्भमा विषय तथा माध्यम भाषाका रूपमा लागु गर्ने ।

iii **चरण ३** (२००९-२०११) अल्पसङ्ख्यक भाषाको लेखन पद्धतिको विकास गर्ने र ती भाषालाई प्राथमिक शिक्षामा बहुभाषिक अवस्था भएका सन्दर्भमा विषय तथा माध्यम भाषाका रूपमा लागु गर्ने ।

iv **चरण ४** (२०१२-२०१३) लोपोन्मुख लगायत सबै अल्यसङ्ख्यक भाषाका पाठ्यक्रम तथा पाठ्य पुस्तक विकास गरी प्राथमिक तहको शिक्षामा माध्यम भाषाका रूपमा लागु गर्ने ।

v **चरण ५** (२०१४-२०१५) प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एक मातृभाषा विद्यालयको स्थापना गर्ने ।

xii (क) सान्त्वना मेमोरियल एकेडेमी प्रा.लि.काठमाडौंले २०११ मा पेस गरेको "विद्यालयहरूमा गुणात्मक शिक्षाको विकासका लागि स्रोत केन्द्रको भूमिका : अन्तिम प्रतिवेदन" र (ख) ४ जिल्लाका जिशिअ, विद्यालय निरीक्षक, स्रोत व्यक्ति, प्रअ तथा शिक्षकहरूसँग गरिएको छलफल ।